## विशेष इजलास

१

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ००१५, उत्प्रेषण, *कमल बजगाई वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

हात हतियार खरखजाना ऐन, २०१९ को दफा २४क. को "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गतको मुद्दामा अभियुक्तलाई तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी कारवाही गर्नुपर्नेछ" भन्ने कानूनी व्यवस्था मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ८ मा उल्लेख भएजस्तो अभियोग लागेका अभियुक्तलाई थुनामै राखी कारवाही गर्नुपर्ने अनिवार्य न भै तत्काल प्राप्त प्रमाणको आधारमा अभियोजनसाथ पेश भएका तथ्य र प्रमाणहरूको स्वतन्त्र रूपले मूल्याङ्कन गरी न्यायिक मनको प्रयोग गरी थुनामा राख्ने, धरौटी वा तारेखमा समेत छोड्न सक्ने अवस्था देखिने।

हात हतियार खरखजाना ऐन, २०१९ को दफा २४क. मा रहेको कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१), धारा २४ को उपधारा (५) र (९) तथा धारा १० द्वारा प्रदत्त हक एवं न्यायका मान्य सिद्धान्त समेतको प्रतिकूल नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६७ साल भदौ ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६६-WS-००२८, उत्प्रेषण समेत, *मीरा ढुंगाना वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

गुठी संस्थान कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०५१ मा भएको पाँचौं संशोधनसमेतबाट गुठी संस्थानको कर्मचारी सेवामा समावेशी प्रतिनिधित्वको सिद्धान्त अवलम्बन भै महिलालगायत पिछडिएका वर्गका नागरिकहरूको सहभागिता सुनिश्चित भैसकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने।

इजलास अधिकृत : नारायण सुवेदी
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल कात्तिक १८ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०६६-WO-०६२३, उत्प्रेषण समेत, *मीरा ढुंगाना वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६६-WS-००२२, उत्प्रेषण समेत, *तुल्सीप्रसाद सुवेदी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले संविधानको धारा १३ को उपधारा (१) लाई आधार बनाएर स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७क) को खण्ड (छ) र (ज) को व्यवस्था आफूहरूको हकमा असमान रहेको भनी दावी लिएको देखिन्छ। संविधानमा रहेको समानताको हकको व्याख्या गर्दा समानताको सिद्धान्तलाई पनि बुझ्नुपर्ने हुन्छ। समानताको सिद्धान्तले जहिले पनि समानहरूका बीचको समानताको वकालत गर्दछ। उक्त सैद्धान्तिक मान्यतालाई प्रस्तुत निवेदनसँग दाँजेर हेर्दा ऐनको दफा ९ को उपदफा (७क) को खण्ड (छ) र (ज) को व्यवस्थाले समान अवस्थाका कर्मचारीहरूलाई फरक-फरक व्यवहार गर्ने कुरा गरेको छैन। निवेदकहरूले आफू सरहका अन्य कर्मचारीहरूलाई आफ्नोभन्दा बढी सुविधा वा वृत्ति विकासको अवसर प्रदान गरी आफूहरूलाई त्यसबाट बञ्चित गरेको भन्ने दृष्टान्त प्रस्तुत गरेको वा तदनुरूपको दावी प्रस्तुत गर्न सकेको पनि पाइँदैन। कुनै कानूनले समान अवस्थामा रहेका व्यक्तिहरूलाई समान व्यवहारको प्रत्याभूति प्रदान गरेको अवस्थामा त्यसलाई अन्यथा भनी अनुमान गर्न नमिल्ने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७क) को खण्ड (छ) र (ज) को प्रावधान स्वास्थ्य सेवाका कर्मचारीहरूको वृत्ति विकाससँग सम्बन्धित भै त्यसले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (च) द्वारा प्रदत्त

पेशा रोजगार गर्ने स्वतन्त्रताका साथै धारा १३ को उपधारा (१) द्वारा प्रदत्त समानताको हकमा कुनै पनि किसिमले बाधा अवरोध सिर्जना गरेको नदेखिँदा निवेदन रिट खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल असोज ७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको रिट नं. २०६६-WS-००३४, *बलराम खत्री समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६५-WS-००२४, उत्प्रेषण, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सैनिक ऐन, २०६३ को दफा १०५ बमोजिम व्यवस्था गरिएको विभागीय सजायअन्तर्गत तोकिएका सजायहरूको प्रकृति हेर्दा सैनिक वा सैनिक कर्मचारीहरूलाई सैनिक हिरासतमा राख्ने, लाईनमा थुन्ने, नजरवन्दमा राख्ने जस्तो कुराहरू समावेश भएको देखिएबाट फौजदारी मुद्दामा दिइने सजाय जस्तो आभास निवेदकले गरेको हुनसक्छ । तर उक्त सजायहरू फौजदारी कसूरबापत तोकिएका सजाय होइनन् भन्ने कुरा सर्वप्रथम बुझ्नु जरुरी छ । फौजदारी कसूरसम्बन्धी अनुसन्धान अभियोजन वा न्यायिक प्रक्रिया आकृष्ट हुने कुरालाई प्रशासनिक स्तरमा चलाईने विभागीय कारवाहीको हकमा लागू गर्न सकिँदैन । मुद्दा चलाउनु र विभागीय कारबाहीबीचको आधारभूत अन्तरको उपेक्षा गरेर एउटाको मापदण्डलाई अर्कोमा प्रयोग गर्न नहुने ।

कस्तो सजाय, कति सजाय र कसरी विभागीय सजाय दिने भन्ने कुरा विधायिकाको नीतिगत विषय हुने हुनाले व्यक्तिको खास मौलिक वा कानूनी हकको स्पष्टतः वाझिएको स्थिति प्रमाणित हुनु अगावै अमुक प्रकारको विभागीय सजाय संविधानको प्रदत्त मौलिक हकसँग बाझिएको भन्न नसकिने ।

कुनै कानूनमा भएको व्यवस्था खारेज गर्न माग गर्दा निवेदकले सो व्यवस्था खारेजी भएबाट उत्पन्न हुने रिक्तताको परिणाम के हुन्छ भन्ने पनि विचार गर्नुपर्ने । भैरहेको कानून खारेज गरी रिक्तता सिर्जना गर्ने अनि त्यसको पूर्ति गर्न नसक्ने स्थिति खडा भएबाट दण्डहीनताको स्थिति सिर्जना हुने भएमा त्यसको जवाफदेही अदालतले लिनुपर्ने हुन्छ जुन सम्भव छैन । त्यसैले यस किसिमबाट प्रचलित कानूनको प्रावधान खारेज गर्नुअघि त्यसको रिक्तताको असर र असर व्यवस्थापनका विशेष कुराहरू विचार गरेर मात्रै अदालतले आफ्नो सक्रियता देखाउनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा निवेदकले माग गरे जस्तो दफा १०५ को खास प्रावधानलाई आफूखुसी औचित्य र मान्यता विकास गरी हस्तक्षेप गर्न नमिल्ने ।

कुनै अमुक ऐनको व्यवस्था हेरी सो व्यवस्थालाई संविधानको प्रावधानसँग जोडी बाझिएको अनुमान गरी सार्वजनिक विषयको रुपमा उठाई न्यायिक पुनरावलोकनको विशेष व्यवस्थालाई हलुका तवरले लिनु पनि हुँदैन । के कुन कानूनी व्यवस्था के कुन प्रयोजन वा उद्देश्य पूर्ति गर्न खातिर विधायिकाद्वारा पारित गरिएको हो र सो कानूनको व्यवस्थाले प्रत्यक्ष रुपमा प्रभाव पारे वा नपारेको स्थिति मूल्याङ्कन नगरी तथा प्रभाव पार्ने व्यक्ति वा समुदायको हितको साक्षात्कार नगरीकन निवेदन दायर गर्न नमिल्ने ।

विशेष कानूनको रुपमा रहेको विषयवस्तुलाई सामान्यीकरण गरी गोश्वारा रूपमा दावी लिनु मात्र पर्याप्त हुँदैन । संवैधानिक व्यवस्थासँग बाझिएको भन्ने कुराको सन्तोषप्रद आधार देखाई दावी पुष्टि गर्नुपर्ने दायित्व समेत निवेदक स्वयंले निर्वाह गर्नुपर्ने हुन्छ । सो गर्न नसकेको अवस्थामा यस अदालतलाई प्राप्त असाधारण अधिकारक्षेत्र ग्रहण गरी सैनिक ऐन, २०६३ को दफा १०५ को न्यायिक पुनरावलोकन हुने अवस्था समेत नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६७ साल जेष्ठ ६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६६-WS-००३०, संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै कसूरको अभियोग लागेको व्यक्तिको हकमा उल्लिखित संवैधानिक हक कुनै कसूरको सम्बन्धमा प्रमाणको रुपमा उपस्थित हुने साक्षीले समेत उपभोग गर्न पाउने अवस्था रहँदैन । व्यक्तिको आफ्नो कार्य र सो कार्यमा उसको सहभागिता, हैसियत, उसले कानूनबमोजिम निर्वाह गर्नुपर्ने दायित्व एवं कर्तव्य सबै अवस्था र परिस्थितिमा एउटै रहन्छ भनी अनुमान गरी एउटै प्रकृतिको उपचार खोज्नु निरर्थक हुनजान्छ र सबै अवस्था परिस्थितिमा एउटै हक अधिकारको सिर्जना हुने अवस्था कानूनले कल्पना समेत गरेको पाइँदैन । एउटै व्यक्ति कुनै घटना वारदातको जानकार रही साक्षीको रुपमा रहन सक्ने अवस्था हुन्छ भने सो व्यक्ति स्वयं कसूरदारको रुपमा अर्को अवस्थामा रहन सक्ने हुन्छ । साक्षीको रुपमा रहने व्यक्ति र स्वयं अभियोग लागेको व्यक्तिले एकै किसिमको अधिकार र दायित्वको माग गर्नु संविधान एवं कानूनसम्मत देखिन आउँदैन । कुनै कसूरको अभियोग लागेको व्यक्ति र कुनै व्यक्तिलाई लागेको कसूरको अभियोगको पुष्टि गर्ने सम्बन्धमा रहेको साक्षीको हैसियत एउटै नरहने हुँदा उपर्युक्त सैनिक ऐनको व्यवस्था संवैधानिक व्यवस्थासँग प्रासंगिक देखिँदैन । साथै सैनिक ऐनको यस्तो व्यवस्था न्यायसम्बन्धी मौलिक हकसँग तुलना हुने प्रकृतिको समेत नदेखिने ।

भैरहेका कानूनी व्यवस्था बदर हुनुपर्छ भनी दावी लिने पक्षले त्यसपछि सिर्जना हुनसक्ने शून्यताको अवस्थाको कसरी संवोधन हुन्छ भन्ने कुराको समाधान पनि प्रस्तुत गर्न सक्नुपर्दछ । भैरहेको प्रणाली भत्काउनु वा विगार्नुभन्दा नयाँप्रणाली कसरी स्थापित गर्ने भन्ने कुरा महत्वपूर्ण हो । त्यसरी स्थापित गर्न खोजिएको नयाँ प्रणालीले पनि राम्रोसँग काम गर्न सक्छ भन्ने कुराको वस्तुपरक र यथार्थ उपाय निवेदकका तर्फबाट प्रस्तुत हुनसक्नु थप महत्वपूर्ण विषय हुन सक्ने ।

फौजदारी मुद्दामा बादी पक्षको भूमिका पनि एक प्रकारले अदालतले नै निर्वाह गरिरहेको हुन्छ । तर अर्कोतर्फ Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा अदालतको भूमिका सक्रिय नभई तटस्थ रहने भएकोले सम्बन्धित पक्षले नै आफ्नो दावी र जिकीर प्रमाणित गर्न सक्नुपर्दछ । यति हुँदाहुँदै पनि केही गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरूमा प्रमाणको भार प्रतिवादीउपर पनि रहेको हुनसक्दछ । यस्ता मुद्दाहरूमा अदालतले विशेष भूमिका निर्वाह गर्नुपर्ने अवस्थालाई कुनै पनि न्यायिक प्रक्रियामा पूर्णतः इन्कार गर्न सकिँदैन । त्यसैले साक्षी परीक्षणका सम्बन्धमा कानून प्रणालीको आधारमा रहन जाने केही आधारभूत अन्तरहरू मात्र आदर्श मानी एक अर्को प्रणालीका व्यवस्थाहरू एक अर्को प्रणालीमा लादनुपर्छ भन्ने तर्क उचित हुन नसक्ने ।

कुनै कसूरको अभियोग लागेको व्यक्तिले आफूलाई लागेको अभियोगको प्रतिरक्षा गर्न पाउने हकको रुपमा रहेको संविधानको धारा २४ को उपधारा (७) को प्रावधानले फौजदारी मुद्दामा उपस्थित हुने साक्षीको हकमा उन्मुक्ति प्रदान गरेको मान्न मिल्दैन । यसरी फरक-फरक अवस्थाका व्यक्तिको हकमा गरेको संविधान एवं कानूनको व्यवस्थालाई एउटै प्रकृतिको विषयवस्तुको रुपमा उठाई निवेदन दावी लिएको देखिँदा उपर्युक्त ऐनको व्यवस्था संविधानको प्रावधानसँग विभेदकारी नदेखिने ।

फौजदारी कानूनको अभियोगको सिलसिलामा अदालतको आदेशबमोजिम साक्षी उपस्थित हुनुपर्ने र उपस्थित साक्षीले आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने उपर्युक्त सैनिक ऐन, २०६३ को दफा ५९ को देहाय (क) र (घ) को कानूनी व्यवस्था एवं मुलुकी ऐन अदालती बन्दोवस्तको ११५ नं. को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (७) मा रहेको "कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाईने छैन" भन्ने प्रावधानसँग बाझिएको वा सो कानूनी व्यवस्थाले संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाएको भन्ने नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : मुकुन्द विष्ट
इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या.. श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** जबर्जस्ती करणी, २०६६-CF-०००६, *नेपाल सरकार वि. पवनकुमार यादव समेत*

बालबालिकासम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबर्जस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने Victim पीडित वालिकाको हकको संरक्षण हुन सक्ने अवस्था देखिँदैन । वस्तुत: यस प्रकारको अपराधमा पीडितका विरुद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबर्जस्ती करणीको अपराधले समाजमा विकृति र विसंगति ल्याउन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । जबर्जस्ती करणीको अपराधमा पीडक कसूरदारबाट पीडित जुनसुकै वयष्क महिलाले पाउने कानूनबमोजिमको क्षतिपूर्ति वच्चा महिला अर्थात् वालिकाले पाउँदैन भनी तर्क गरी व्याख्या गर्दै जाने हो भने समाजमा दण्डहीनतालाई प्रोत्साहन दिएको मानिन्छ । बालवालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छूट दिएकै आधारमा जबर्जस्ती करणीको अपराधमा पीडित हुने वालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छूट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालवालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिन आउँछ । जबर्जस्ती करणीको अपराधमा सजायको वर्गीकरण पीडित वालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न Rapist बालक प्रमाणित भए बालवालिकासम्बन्धी ऐनको दफा ११ मा आपराधिक दायित्व व्यहोर्नु पर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्ति समेत सोही सजायभित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविक रुपमा अर्थवोध नगरी वलपूर्वक व्याख्या गर्नु सान्दर्भिक समेत हुँदैन । सजायसम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्ना भिन्नै प्रकृति र अवस्था हुन् । यसलाई एउटै दृष्टिकोणले हेर्न पनि नमिल्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६७ साल भदौ ३१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको WF-०००१, उत्प्रेषणयुक्त प्रतिषेध, *डा.धर्मराज श्रेष्ठ वि. महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

बुद्ध फाउण्डेशन पोखरा नेपालका तत्कालीन अध्यक्ष पदमा रहेको अवस्थामा निवेदक डा. धर्मराज श्रेष्ठले बुद्ध फाउण्डेशन जापानको तर्फबाट डा.ताकाजी यामागुचीबीच समझदारीपत्र (MOU) मा हस्ताक्षर गर्दैमा बुद्ध फाउण्डेशन पोखरा नेपालको अध्यक्षको जिम्मेवारीबाट अलग भैसकेका निवेदकको कानूनी हैसियत यथावत् रहँदैन । यसरी निवेदक बुद्ध फाउण्डेशन पोखरा नेपालको अध्यक्ष पदबाट अलग भैसकेको र बुद्ध फाउण्डेशन पोखरा नेपालको अध्यक्ष पदमा दिलीपकुमार रन्जित वहाल रहेको हुँदा बुद्ध फाउण्डेशन पोखरा नेपालको अध्यक्षको हैसियतले दिलीपकुमार रन्जित र बुद्ध हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.को अध्यक्षको हैसियतमा निवेदक डा. धर्मराज श्रेष्ठबीच २० मे २००३ मा करार (Contract) गरेको भन्दैमा दाताको स्वीकृति र अनुमति विना बुद्ध फाउण्डेशन पोखरा नेपाललाई प्राप्त स्वास्थ्य उपकरणहरू कम्पनी ऐनबमोजिम गठन भएको निवेदकको निजी स्वामित्वको बुद्ध हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले उपयोग गर्न पाउने हकअधिकार सिर्जित हुन गएको भन्न नमिल्ने ।

बुद्ध फाउण्डेशन पोखरा नेपाल र बुद्ध फाउण्डेशन जापानबीच भएको २० अगष्ट, २००१ को समझदारीपत्र (MOU) एवम् बुद्ध फाउण्डेशन पोखरा नेपाल र बुद्ध फाउण्डेशन जापानबीच १३ जनवरी २००३ मा भएको सम्झौतापत्र (Agreement) समेतबाट स्वास्थ्यसँग सम्बन्धित उपकरणलगायतका प्राप्त साधनस्रोत बुद्ध सामुदायिक अस्पताल, पोखरा कास्कीलाई हस्तान्तरण गर्ने भनी विपक्षी नेपाल सरकार, महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०६४।६।२९ को निर्णय एवम् सो निर्णयका आधारमा विपक्षी जिल्ला प्रशासन कार्यालय कास्कीको मिति २०६४।७।१४ को पत्रको साथै पोखराबाट प्रकाशित हुने आदर्श समाज दैनिक पत्रिकामा निवेदकलाई छलफलको लागि उपस्थित हुन भनी मिति २०६४।७।१५ मा प्रकाशित सूचनालगायतका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गर्न निवेदक डा. धर्मराज श्रेष्ठको हकदैया (Locus standi) नभएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलाश अधिकृत : हरि कोइराला

कम्प्युटर: मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असोज १४ गते गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री वलराम के.सी., मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावलोकन नं. २०६६–NF–

००0४, उत्प्रेषण समेत, *भीमप्रसाद लामिछाने वि. जिल्ला शिक्षा कार्यालय हुम्ला समेत*

कानूनले सजाय गर्ने अधिकार दिएको व्यक्ति बाहेक अर्को अधिकारीले सजाय गर्न सक्दैन । कानूनमा स्पष्ट व्यवस्था भएकोमा वाहेक यस्तो कारवाही गर्ने अधिकार प्रत्यायोजन हुन नसक्ने ।

निमित्त भई काम गर्ने व्यक्ति अधिकारप्राप्त व्यक्ति हुँदैन । प्रमुखको अनुपस्थिति भएमा काम चलाउनको लागि मात्र आफैले Ad Hoc तत्काल नगरी नहुने दैनिक प्रशासन सञ्चालन गर्नसम्म मात्र निमित्त भई काम सम्हाल्न सक्छ । निमित्त भई काम गर्ने अधिकार दिइरहन पर्दैन । कुनै पनि सँगठनमा दरवन्दी Organization chart अनुसार पदपूर्ति भई सँगठनले दैनिक र नियमित काम सञ्चालन गर्दछ । तर कहिलेकाहीं कारणवस प्रमुख वा तोकिएको व्यक्ति कार्यालयमा उपस्थित हुँदैन । त्यसरी अनुपस्थित अधिकारीको पद तुरून्त पूर्ति हुन सक्दैन । पूर्ति गर्न समय लाग्दछ । यसरी तोकिएको प्रमुख अधिकारीको पद खाली हुँदा कानूनले त्यस्तो पदलाई तोकेको काम निमित्तले गर्न नसक्ने ।

निवेदकले लामो समय विदा नलिई अनुपस्थित रही आचरणविपरीत काम गरेको भएतापनि निमित्तले निवेदकलाई हटाउने गरी कारवाही गरेको कामलाई Justify गर्न सकिएन । सँगठनको कर्मचारीले आचरणविपरीत काम गर्न हुँदैन तर सँगठनका कर्मचारीले आचरण विपरीत काम गरेको भन्दैमा कारवाई गर्ने अधिकारी त्यति खेर उपस्थित नभएको भन्दैमा कार्यालय वा सँगठनले गल्ती गर्न नसक्ने ।

बहाली हुँदासम्मको तलब भत्ता आदि लगायतका सुविधा निवेदकलाई लागू हुने सेवा शर्तसम्बन्धी कानूनमा भर पर्ने कुरा हो । यदि निवेदकलाई लागू हुने सेवा शर्तसम्बन्धी कानूनमा विभागीय कारवाही भएको कर्मचारीले मुद्दा गरी विभागीय कारवाही गर्ने निर्णय अदालतबाट बदर भएमा बीचको अवधिको तलब भत्ता लगायतको सम्पूर्ण सुविधा पाउने कानूनी व्यवस्था भएमा विभागीय कारवाही गर्ने निर्णय बदर भएपछि त्यस्तो सम्पूर्ण सुविधा प्राप्त गर्दछ । तर, यदि सोसम्बन्धी विषयमा सेवा शर्तसम्बन्धी कानूनमा त्यस्तो व्यवस्था छैन भने बीचको अवधिको तलब भत्तालयायतको सुविधा पाउन नसक्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गौरी ढकाल,** २०६५-NF-००२७, ००२८ नामसारी हक कायम समेत, *तालपरी राजवंशी वि. उपासी राजवंशी समेत, रिसो राजवंशी समेत वि. हेमसरी राजवंशी*

विवादको सम्पत्ति भारतीय राजवंशीबाट अपुतालीको रूपमा वादोले प्राप्त गरेको सो सम्पत्तिलाई निजको स्वआर्जनको सम्पत्ति हो भनी रिसो र उपासीले दावी गरे पनि भारतीय राजवंशीबाट निजले अपुताली वा दाइजोस्वरूप पाएको भन्ने लिखत प्रमाणले पुष्टि गरेको अवस्था देखिएन । वादोका नाममा रहनु नै सो सम्पत्ति स्त्री अंशधनअन्तर्गतको हो भनी अदालतले अनुमान गरी निष्कर्षमा पुग्ने स्थिति रहँदैन । मावली बाजे भारतीय राजवंशीबाट आमा वादोले अपुतालीको माध्यमबाट प्राप्त गरेको भनी वादोका छोरीहरूले लिएको दावी जिकीरसम्मको आधारले सो सम्पत्ति निजहरूको मात्र हक लाग्ने प्रकृतिको देखिन आएन । अन्य सगोलका अंशियारहरू बीच बण्डा नलाग्ने वा आफ्नो मात्र हक लाग्ने प्रकृति भन्नलाई यस प्रकारको लिखत व्यहोराले निजी आर्जनको हो अन्य कसैको हक लाग्दैन भनी दावी जिकीर लिनेले पुष्टि गर्नुपर्ने ।

समान पुस्ताका अंशियारहरू ज्ञान्दा, निजको जेठी श्रीमती वादो एवं कान्छी श्रीमती हेमसरी राजवंशी भएको र ज्ञान्दा र जेठी श्रीमती वादोको मृत्युपछि वादोको नाममा दर्ता रहेको स्त्री अंशधनअन्तर्गत नदेखिएको विवादित सम्पत्तिमा मुद्दा दर्ता हुँदा जीवित रहेकी ज्ञान्दोको कान्छी श्रीमती हेमसरीले उक्त सम्पत्ति हककायम नामसारी माग गरेको यस स्थितिमा, मूल अंशीपछिको अर्को पुस्ताका छोरीहरूको नाममा हक कायम नामसारी हुनसक्ने अवस्था देखिएन । वादोले अपुतालीबाट प्राप्त गरेको वा स्वआर्जनबाट प्राप्त गरेको भन्ने तथ्य पुष्टि नभएको अवस्थामा मूल अंशी हेमसरीलाई बाहेक गरी बिना आधार प्रमाण वादो

राजवंशीका नाममा रहेका जग्गाहरू अपुतालीको २ नं. को कानूनी व्यवस्था उल्लेख गरी रिसो, उपासी र तालपरी तीनवटै छोरीहरूले बराबरी उपभोग गर्न पाउने ठहऱ्याई भएको यस अदालत संयुक्त इजलासको २०६२।७२७ को फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम्।

- यसै लगाउको २०६५-NF-००२९, ००३०, *रिसो राजवंशी समेत वि. तालपरी राजवंशी, तालपरी राजवंशी वि. रिसो राजवशी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं.: ८७७९, निषेधाज्ञा, *केशवप्रसाद भण्डारी समेत वि. लक्ष्मणकुमार उपाध्याय समेत*

पातुखोलाको न.नं. ३१ बाट निकालिएको बाँध न.नं. १०४, १०५, १०६, १०७, ११० हुँदै गौरी गाउँले र रजौरा मौजाको न.नं. ११६ मा मिसिन गएको देखिन्छ। न.नं. ३१ को कुलोको बाँधमा आफूहरूले विवाद सिर्जना गरेको होइन भन्ने पुनरावेदकहरूको लिखित जवाफ व्यहोरा न भै उक्त कुलोको बाँध सर्वोच्च अदालतको फैसलाबाट समेत जिती पाएको भनी जिकीर लिएको देखिएको र नक्सा कैफियत व्यहोरामा समेत सोही कुराको जिकीर लिएको देखिंदा पुनरावेदकहरूबाट उक्त दुधेना, टिकरी र चैलाही मौजामा सिंचाई गरिने बाँध भत्काउने आशंकाको अवस्था विद्यमान देखिन आयो। यस्तो अवस्थामा निवेदकहरूको कुलोको बाँधको भोगाधिकारमा आघात पुग्ने गरी कुलोको बाँध नभत्काउनु, नफोड्नु तथा निवेदकहरूलाई सिंचाइबाट वञ्चित नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मिनु शाही

इति संवत् २०६७ साल वैशाख ९ गते रोज ५ शुभम्।

२

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. ०६६-CI-०४१८, अंश चलन, *योगेन्द्रमान श्रेष्ठ समेत वि. रीता श्रेष्ठ*

प्रतिवादीले आफ्नै आर्जनको कमाइबाट जग्गा आमाका नाममा खरीद गरेको भनी उल्लेख गरेको भएतापनि त्यसको वस्तुनिष्ठ प्रमाण पेश हुन सकेको छैन। आमाका नाममा रहेको त्यस्तो जग्गा स्वाभाविक रूपमा सन्ततिहरूका लागि पैत्रिक सम्पत्ति मानिन्छ, त्यस्तो सम्पत्तिमा छोराको मात्र हक लाग्छ भनी छोरीहरूलाई बाहेक गर्ने गरी व्याख्या गर्न पनि मिल्दैन। सो जग्गा आमाको शेषपछि छोरा योगेन्द्रमानका नाममा नामसारी भए पनि सो जग्गामा यी वादीको समेत समान हक लाग्ने।

प्रतिवादीहरूका नाममा रहेको सम्पत्तिमा पैत्रिक सम्पत्तिको योगदान रहेको भन्ने तथ्य कहीं कतैबाट स्थापित हुन नसकेको स्थितिमा कसैले आफ्नो निजी आर्जनबाट जोडेको सम्पत्तिलाई सगोलको सम्पत्ति मान्न सकिने अवस्था हुँदैन। प्रमाण ऐनले गरेको सगोलको सम्पत्तिको परिभाषालाई हेर्दा त्यसमा अन्यथा प्रमाणित नभएसम्म भन्ने बाक्यांशको प्रयोग भएकाले त्यसलाई निरपेक्ष ढंगले व्याख्या गर्न मिल्ने देखिँदैन। प्रस्तुत मुद्दाको सम्पूर्ण तथ्यगत विश्लेषणबाट प्रतिवादीका नाममा रहेको सम्पत्तिको स्रोत पैत्रिक सम्पत्ति न भै निजहरूले आफ्नो ज्ञान, सीप र प्रयासबाट निजी आर्जन गरेको भन्ने देखिएको र त्यस्तो स्रोतको वैधानिक एवं वस्तुनिष्ठ आधार समेत देखिएबाट त्यसलाई सगोलको सम्पत्तिको संज्ञा दिन नमिल्ने।

दाजु बहिनीका बीचमा अंश विवाद उठेको हुँदा बाबुआमाको सम्पत्तिमा जस्तो निरपेक्ष हकको स्थिति हुँदैन। बाबुआमाको नाममा रहेको सम्पत्तिको स्रोत जे जस्तो भए पनि त्यस्तो सम्पत्ति छोराछोरीका लागि पैत्रिक मानिन्छ। तर दाजुभाउजूको स्वआर्जनको सम्पत्तिमा बहिनीले पैत्रिक सम्पत्ति सरह दावी गर्न नमिल्ने।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. ०६३-CI-०४३७, जग्गा खिचोला समेत, *रिढकुमारी पन्त समेत वि.वेदकुमारी पन्त*

२०३६ सालको वण्डापत्रबाट पुनरावेदक प्रतिवादीले विवादित घरको उत्तरतर्फको १ कोठा, बीचको १ कोठा र उत्तरतर्फको वरण्डा बण्डा पाएको देखिएको र

सो उत्तरतर्फको वरण्डा हाल प्रस्तुत मुद्दामा २०५९।६।१२ मा भएको नक्साको न.नं. १८ मा जनिएको भन्ने देखिएकोले अंशबण्डाबाट पुनरावेदक प्रतिवादीहरूले पाएको सो न. नं. १८ को वरण्डा खिचोला गरेको हदसम्मको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल असोज १८ गते रोज २ शुभम् ।

४

**.सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** नि.नं. ०६३-AP-०१९८, अदालतको अपहेलना, *रामबाबु भण्डारी वि. डा.गोविन्द ओभा*

अदालतको आदेशको पालना गर्नु प्रत्येक व्यक्ति तथा सार्वजनिक निकाय वा पदाधिकारीको संवैधानिक एवं कानूनी कर्तव्य हुन आउँछ । साधिकार अदालतबाट मुद्दा मामिलाको रोहमा दिइएको आदेश वा निर्णयको कार्यान्वयन गर्नुपर्ने कर्तव्य वा जिम्मेवारी पाएका सम्बद्ध पदाधिकारी वा निकायबाट त्यस्तो आदेश वा निर्णय कार्यान्वयनमा उदासीनता देखाउनु वा सो आदेश वा निर्णयको बर्खिलाप हुने गरी अर्को निर्णय गर्नु कानूनी राज एवं स्वतन्त्र न्यायपालिकाको मर्यादाविपरीत समेत हुन्छ । त्यस्तो प्रवृत्तिले अन्ततः अदालतप्रति जनमानसमा अनास्था पैदा हुने मात्र होइन, न्याय प्राप्तिको लागि अदालतसम्म आउने सम्बद्ध पक्षको न्याय प्राप्त गर्ने हकमा नै आघात पर्न जाने स्थिति हुन्छ । त्यसैले यस अदालतलगायत मातहत अदालतहरूबाट मुद्दा मामिलाको रोहमा भएका आदेश वा निर्णयको कार्यान्वयन वा परिपालना गर्नु प्रत्येक व्यक्ति वा सार्वजनिक पदाधिकारी वा निकायको कर्तव्य हुन आउँछ । त्यसरी कुनै पनि अदालतबाट मुद्दा मामिलाको रोहमा भए गरिएका आदेश वा निर्णयहरूको अपहेलना गर्ने वा त्यसको विपरीत कुनै कार्य गरिएमा त्यस्तो कार्यलाई अदालतको अपहेलनाजन्य कसूर मानी सम्बद्ध व्यक्ति वा पदाधिकारीलाई कानूनी कारवाहीको दायरामा ल्याई न्यायिक आस्था जोगाई राख्नु अदालतको अपहेलना सम्बन्धी अवधारणाको मूल उद्देश्य नै हुन्छ भने अदालतको अपहेलनामा कारवाही वा सजाय गर्नुको अर्को उद्देश्य सम्बद्ध पक्षको न्याय पाउने हकको निर्वाध सुरक्षा र संरक्षण गर्नु पनि हो ।

जुन निर्णयबाट यस अदालतको अपहेलना भयो भन्ने दावी लिइएको हो सो निर्णय नै बदर भइसकेको अवस्थामा यस अदालतबाट उक्त मितिमा जारी भएको अन्तरिम आदेशको विपक्षीद्वारा अपहेलना गरेको मानी सजाय गर्नु न्यायसंगत एवं औचित्यपूर्ण नहुने ।

इति संवत २०६७ साल वैशाख ५ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ०६३७, कारोबारको रकम दिलाई भराई पाऊँ, *रत्न महर्जन वि. फेयरवर्ड मार्केटिङ्ग समेत*

जावलाखेल डिष्टीलरी प्राइभेट लिमिटेडले राखेको २०५८।०५९ को Ledger खाताको पाना नं. ००१ देखि ००५ सम्मको लेजर हिसाब विवरणअनुसार प्रतिवादी फेयर वर्ड मार्केटिङ्गसँग लिनुपर्ने Opening Balance मा रू. ४२,९४,१८९।५८ रकम देखिन्छ । साथै त्यसै सालको क्लोजिङ्ग हिसाबमा सोही पार्टीसँग रू.१७,३०,२०८।६२ लिनुपर्ने देखाइएकोमा सो हिसाब लेखा परीक्षण समेत भई अन्तिम भएको देखिदा जावलाखेल डिष्टीलरी प्रा.लि. को पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. ०६३८, कारोवारको रकम दिलाई भराइपाऊँ, *रत्न महर्जन वि. फेयरवर्ड मार्केटिङ्ग समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको फौ.पु.नं. ०३०७, क्षतिपूर्ति रकम भराई पाऊँ, *जिल्ला प्रशासन कार्यालय, काठमाडौं वि. मनऋषी धिताल*

निवेदक मनऋषी धिताललाई संकटकाल अवधिभर विपक्षीहरूबाट पक्राउ गरी गैरकानूनी नजरवन्दमा राखी निजको संविधानप्रदत्त छापाखाना तथा पत्रपत्रिकासम्बन्धी हकको साथै पेशा, रोजगार समेतबाट वञ्चित गरी निजलाई पुनरावेदक जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेतको तर्फबाट आर्थिक तथा

मानसिक क्षति पुऱ्याएको अवस्था देखिँदा निजले यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को दफा ६(१) बमोजिम नेपाल सरकारबाट रू. २२,०००।- (रूपैयाँ बाइस हजार मात्र) रकम क्षतिपूर्तिबापत भरी पाउने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

७

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** साधक नं. २०६६-RC-००५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रूपबहादुर बि.क.*

मृतक एवं प्रतिवादीका बाबु धनबहादुर बि.क. ले मृतकको मृत्यु प्रतिवादीले प्रहार गरेको खुकुरीको चोटबाट भएको भनी किटानी जाहेरी र सोलाई समर्थन गरी अदालतसमक्ष बकपत्र गरिदिएका, घटनास्थल लासजाँच मुचुल्काको व्यहोराले सो जाहेरी व्यहोरालाई समर्थन गरेको अत्यधिक आन्तरिक रक्तश्राव र मुटुको घाउको कारण मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको व्यहोरा एवं उपर्युक्त तथ्यसँग मेल खाने गरी कसूर अपराध स्वीकार गरी प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष गरेको बयान व्यहोराबाट घटना वारदात स्थापित भै सो घटना वारदातमा यी प्रतिवादीको प्रत्यक्ष संलग्नता देखिरहेको अवस्था हुँदा यी प्रतिवादीलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्व सहित जन्मकैदको सजाय हुने ।

जग्गाको विषयमा दाजुभाइ बीच दोहोरो हानाहान कुटपीट समेत भएको भन्ने कुरा सो वारदातमा प्रतिवादी समेत घाइते भै उपचार गराएको भन्ने कुरा लमजुङ्ग जिल्ला सामुदायिक अस्पतालले उपचारको लागि मणिपाल शिक्षण अस्पतालमा पठाएको भन्ने मिसिल संलग्न पत्रबाट देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको साधक नं. २०६६-RC-००४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मदन नेपाली* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** साधक नं. २०६६-RC-००३०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कुमार बराइली समेत*

मृतकको मृत्यु सबै प्रतिवादीहरूको कुटपीट र चोट प्रहारबाट भएको भन्ने देखिएको, यसैको प्रहारबाट मृत्यु भएको भन्ने नदेखिएको भन्ने अभियोग दावी समेत रहेको र मिसिल संलग्न प्रमाणबाट समेत यो यसै यही प्रतिवादीको प्रहारबाट मृतकको मृत्यु भएको भन्ने कुरा यकीन नभएको अवस्था हुँदा प्रतिवादी कुमार बराइली र युवराज बराइली समेतको कुटपीटबाट मृतकको मृत्यु भएको पुष्टि हुने हुँदा यी दुबैजना प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

९

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** साधक नं. २०६६-RC-००५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि.चन्द्रलाल जमरकट्टेल*

मृतकको मृत्यु प्रतिवादी चन्द्रलाल जमरकट्टेलले प्रहार गरेको धारिलो हतियार खुकुरीको प्रहारबाट भएको भन्ने कुरा किटानी जाहेरी दरखास्त, प्रतिवादीले मौकामा तथा अदालतसमक्ष गरेको बयान व्यहोरा, मृतकको मृत्यु Homicidal throat cutting को कारणले भएको र घाँटी समेत काटिएको कारणबाट टाउको समेतमा असर परेको भन्ने शव परीक्षण प्रतिवेदन, जाहेरबाला एवं मौकामा कागज गर्ने खगेन्द्र ढकाल समेतका व्यक्तिहरूले मृतकको मृत्यु प्रतिवादीले प्रहार गरेको धारिलो हतियार खुकुरीको चोट पीडाबाट भएको भनी लेखाएको देखिन्छ । प्रतिवादीले बयानमा रिङ्गटा लाग्ने, काम्ने गर्थे भने पनि वारदातको अवस्थामा प्रतिवादीको मानसिक अवस्था ठीक नभएको भन्ने कुरा मिसिलको कुनै पनि तथ्यबाट नदेखिएको र ससुरालीमा आएको अवस्थामा खाना नमीठो दिएको र सो सम्बन्धमा ससुराले बोलेको बचनका कारण आफूले ससुरालाई खुकुरी प्रहार गरेको भन्ने तथ्य शंकारहित तवरले पुष्टि भैरहेको अवस्था मिसिल संलग्न सबूद प्रमाणबाट देखिँदा प्रतिवादी चन्द्रलाल

जमरकट्टेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।
इजलास अधिकृत : पुनाराम खनाल
इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम्।

१०

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रणबहादुर बम**, स.फौ.पु.नं. ०६४-CR-०२८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मदन राई समेत*

प्रतिवादीहरू मदन राई र ज्ञानसिँह भन्ने गणेश राई अन्य प्रतिवादीहरूको सँग साथमा लागि मृतक देवेन्द्र राईलाई मार्नमा सरसल्लाह गरी मतलवमा पसेको भन्ने देखिएको र मृतकलाई मार्नमा यी प्रतिवादीले बचन दिएको, हातहतियार छोडेको भन्ने निजहरूको बयान व्यहोरा एवं जाहेरवालाको भनाई समेत रहेको देखिँदैन भने अभियोग मागदावीमा समेत सो कुराको दावी लिएको पाईंदैन। लाठो समाई घटना वारदातस्थलमा पुगी मृतकलाई भाग्न उम्कन नपाउने गरी छेकेको र अन्य प्रेम सुव्वा समेतका प्रतिवादीहरूले छोडेको चोटवाट मृतकको मृत्यु भएको भनी मौकामा लेखाएको बयान व्यहोरालाई जाहेरी दरखास्त तथा जाहेरबाला एवं प्रत्यक्षदर्शी दलबहादुर राई र शंकर राईको वकपत्रवाट समर्थित भैरहेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ को देहाय २ अनुसार निज प्रतिवादीहरू मदन राई र ज्ञानसिँह भन्ने गणेश राईलाई जनही ५ वर्षको कैदको सजाय हुने।
इजलास अधिकृत: पुनाराम खनाल
कम्प्युटर: मुकुन्द बिष्ट
इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम् .

११

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** साधक नं. ०६६-RC-००४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्यारू खाती*

घटना वारदातलाई दबाउन मृतक श्रीमतीको आफैंले घाँटीको डोरी फुकाई गाउँलेहरूलाई जम्मा गरी दाहसंस्कारको लागि लगेको भन्ने देखिएको छ। चिकित्सकको अभावमा शव परीक्षण हुन नसकेको भन्ने जिल्ला स्वास्थ्य कार्यालयको २०५८।१०।२७ को मिसिल संलग्न पत्रवाट देखिएको र २०५८।१०।१९ को वारदातमा मृत्यु भएको मृतकको लास सडी गली जानु अस्वाभाविक मान्न मिल्दैन। वादीका साक्षी एवं जाहेरवाला समेतको अदालतसमक्ष वकपत्र हुन नसकेको कारणले मात्र प्रतिवादीले प्रस्तुत कसूर अपराधवाट सफाई पाउने आधार देखिँदैन। किटानी जाहेरी दरखास्त समेतका मिसिल संलग्न तथ्यवाट मृतकको मृत्यु प्रतिवादी प्यारु खातीले डोरीले घाँटीमा बाँधी धारिलो हतियार हँसियाले मुख र टाउको समेतमा पटक-पटक प्रहार गरेको कारणवाट भएको भन्ने तथ्य शंकारहित तवरले पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई अभियोग मागदावी बमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।
इजलास अधिकृत: पुनाराम खनाल
कम्प्युटर: मुकुन्द विष्ट
इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम्।

१२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** साधक नं. ०६६-RC-००३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. फुदिया मियाँ समेत*

प्रतिवादीहरूको मौकाको पोल, लासजाँच मुचुल्का एवं किटानी जाहेरी समेतका तथ्य प्रमाणहरूले मालाकार रुपमा कसूर अपराधको पुष्टि गरिरहनुका अतिरिक्त घटना वारदातपश्चात् फरार रहेका यी प्रतिवादीहरू अदालतवाट जारी भएको वारेण्ट म्यादमा समेत हाजिर हुन नआई कसूर अपराध स्वीकारी म्यादै गुजारी बसेको अवस्था देखिएकोले प्रस्तुत कसूर अपराधमा प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता देखिएको विद्यमान अवस्थामा प्रतिवादी फुदिया मियाँ र प्रेमबहादुर परियारलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय ठहर गरेको शुरू सिरहा जिल्ला अदालतको २०६३।९।२८ को फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको २०६६।२।७ को फैसला मिलेको देखिँदा साधक सदर हुने।
इजलास अधिकृत: पुनाराम खनाल
कम्प्युटर: मुकुन्द विष्ट
इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम्।

१३

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको CI-०३००, करार बमोजिम रकम दिलाई पाऊँ, *रवीन्द्र वज्राचार्य वि.सुभाष के.सी.*

वादी प्रतिवादीबीच भएको लिखत कागज व्यहोराबाट उक्त लिखत करारनामाको कागज भन्ने देखिएको र सो लिखत कागज करकापबाट गराएको भन्ने पुनरावेदकको दावी समेत पुग्न नसक्ने ठहरी अन्तिम फैसला भएको देखिन्छ। सो लिखतमा २० प्रतिशत व्याज भराउने व्यहोरा उल्लेख भए पनि व्यक्ति-व्यक्तिबीच आपसमा सम्झौता, सहमति गरी भएको करारनामा लिखतको प्रकृतिबाट २० प्रतिशत क्षतिपूर्तिबापतको व्याज भराई दिन न्यायको रोहमा मिल्ने नदेखिँदा वादी दावीको साँवाको रकम रु. ४,३०,०००। र भरिभराउ हुँदासम्मको क्षतिपूर्ति बापत १० प्रतिशतले हुने व्याज समेत मात्र भरी पाउने।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असोज ११ गते रोज २ शुभम्।

१४

**स प्र न्या श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** साधक नं. २०६६-RC-००४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरसुब्वा गुरुङ्ग*

लासजाँच प्रकृति मुचुल्कामा मृतकको घाँटीको पछाडि गर्धनको आधा भाग काटिएको, बायाँ गर्धनमा धारिलो हतियारले काटेको, टाउकोमा गम्भीर चोट लागेको भन्ने उल्लेख भएको र मेरुदण्ड समेतमा चोट लागी अत्यधिक रक्तश्राव भै भित्री अङ्ग समेत Damage भएको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको, प्रतिवादीउपरको किटानी जाहेरीलाई समर्थन गरी जाहेरवालाको अदालतसमक्ष भएको बकपत्र समेतका मिसिल संलग्न तथ्यहरूवाट प्रतिवादीले कसूर अपराध स्वीकार गरी गरेको मौकाको वयान र अदालतसमक्ष भएको साविती वयानसमेत समर्थित भैरहेको हुँदा मृतकको मृत्यु प्रतिवादी नरसुब्वा गुरुङ्गको कर्तव्यबाट भएको कुरा शंकारहित तवरले पुष्टि हुँदा प्रतिवादी नरसुब्वा गुरुङ्गलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम्।

१५

**स प्र न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ०६४६, घर भत्काई पाऊँ, *मोहन राना वि. नरेन्द्रराज प्रसाई*

नक्सापास नगरी पूजा कोठा निर्माण गरेको र नक्सा नियमित गर्न निवेदन दिएको भन्ने भनाईबाट समेत पुनरावेदकले पास नक्साविपरीत थप निर्माण कार्य गरेको भन्ने तथ्यमा समेत कुनै विवाद देखिएन। मिसिल कागजबाट नक्सापास विपरीत निर्माण कार्य गरेको देखिएको। यस्तो अवस्थामा मापदण्डविपरीत प्रत्यर्थी वादीतर्फको खुल्ला भाग बन्द गर्नुपर्ने र मापदण्डविपरीत निर्माण गरेको भाग जति भत्काई दिनुपर्ने।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम्।

१६

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** साधक नं. २०६४ सालको दे.पु.नं. ०६८७, करार ऐनबमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ, *विशालबजार कम्पनी लि. समेत वि. साहारा मगक्रिस प्रा.लि.*

मिति २०६२।६।२० मा भएको करारको सम्बन्धमा निवेदकले मिति २०६३।३।२ मा विशालबजार कम्पनी लिमिटेडसमक्ष दिएको करार कार्यान्वयनको निवेदनमा २०६४।२।३० मा निर्णय भै करार ऐन, २०५६ को दफा ८७ बमोजिमको काम सम्पन्न भैसकेको भनी पुनरावेदक विशाल बजार कम्पनी लिमिटेडका तर्फबाट आज इजलाससमक्ष निवेदन दिई कम्पनीका तर्फबाट नियुक्त कानून व्यवसायीले समेत प्रस्तुत पुनरावेदनको औचित्य समाप्त भैसकेको भनी आजै यस इजलाससमक्ष निवेदनपत्र दिई सोहीबमोजिम वहस जिकीर प्रस्तुत गर्नु भएको सन्दर्भमा प्रस्तुत पुनरावेदन जिकीरतर्फ थप केही बोलिरहनु आवश्यक देखिएन। प्रस्तुत पुनरावेदन पत्रको औचित्य र प्रयोजन नै समाप्त भैसकेको भन्ने देखिएको विद्यमान अवस्थामा करार कार्यान्वयनको सम्बन्धमा निवेदकले दिएको निवेदनमा यथाशीघ्र निर्णय गर्नु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६४।२।३० मा भएको आदेश अन्यथा हुने अवस्था नदेखिँने॥

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम्।

१७

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. ०६६-WO-०७४१, उत्प्रेषणयुक्त परमादेश, *चन्देश्वर साह सुडी वि. गुठी संस्थान, केन्द्रीय कार्यालय समेत*

निवेदक र गुठी संस्थानबीच मिति २०५९।६।१३ मा सम्पन्न ठेक्का सम्झौता मिति २०६५।२।५ मा रद्द भैसकेको परिप्रेक्ष्यमा शून्य अवस्थामा रहेको ठेक्का सम्झौतालाई आधार बनाई प्रस्तुत निवेदन दायर गरिएको र निवेदकको कुनै कानूनी वा संवैधानिक हक हनन् भएको भन्ने पनि कहीं कतैबाट पुष्टि हुन नआएको हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम् ।

१८

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६४-WO-०२३२, उत्प्रेषणयुक्त परमादेश समेत, *रामस्वरूप यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

अधिकारविहीन निकायबाट भएको सरूवा कायम रहन सक्ने अवस्था नहुँदा यी निवेदक रामस्वरूप यादवलाई बोडे स्वास्थ्य चौकी, भक्तपुरबाट जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकमा सरूवा गर्ने गरी भएको मिति २०६४।५।६ को निर्णय र सो निर्णयका आधारमा जारी गरिएको मिति २०६४।५।१४ को पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब, निवेदकको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ एवं स्वास्थ्य सेवा नियमावली, २०५५ ले तोकेको प्रक्रिया पूरा गरेर मात्र सरूवासम्बन्धी निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इज्लास अधिकृत : उमेश कोइराला

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम् ।

१९

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको फौ.पु.नं. ०४६२, भ्रष्टाचार, *खेमराज खतिवडा वि. नेपाल सरकार*

प्रतिवादी खेमराज खतिवडाको प्रमाणपत्र जारी गर्ने अधिकृत निकायबाट नै निजले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र गलत भनी लेखी आएको र उक्त व्यहोरालाई प्रतिवादीले अन्यथा हो भनी प्रमाणित गर्न सकेको नदेखिँदा निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको ठहऱ्याई निलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू. १५००।- जरीवाना हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट भएको मिति २०६६।७।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असोज ५ गते रोज ३ शुभम् ।

२०

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. २०६३-WO-०३५२, उत्प्रेषण समेत, *कल्पना श्रेष्ठ वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३१(१) मा तालिमबापत देहायको दरले बढीमा १५ अङ्क दिइने व्यवस्था गरेको र देहाय (क) मा न्यूनतम् शैक्षिक योग्यता पूरा गरी सम्बन्धित तह वा सोभन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसँग सम्बन्धित दश महिना वा सोभन्दा बढी अवधिको तालिमप्राप्त गरेको वा प्राथमिक शिक्षकको हकमा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण गरेकोलाई तालिमबापत प्रथम श्रेणीको भए १५ अङ्क, द्वितीय श्रेणीको भए १२ अङ्क र तृतीय श्रेणीको भए १० अङ्क पाउने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत नियमको व्यवस्थाले तालिम बापतको अङ्क प्राप्त गर्नको लागि न्यूनतम् योग्यता पूरा गरी तालिम लिएको हुनुपर्ने ।

निवेदकले बढुवाको संशोधित योग्यताक्रम सिफारिशमा समावेश भएका विपक्षी कपिलप्रसाद अधिकारी समेतले प्राप्त गरेको अङ्कमा विवाद उठाउन नसक्नुका अतिरिक्त आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधार उल्लेख नगरेको र शिक्षक सेवा आयोगको २०६३।४।२३ को संशोधित निर्णयमा कुनै कानूनी त्रुटि वा क्षेत्राधिकारको त्रुटि रहेको भन्ने दावी समेत नलिएको विद्यमान अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति सवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- रिट नं. २०६३-WO-०३५०, उत्प्रेषण समेत, *दुर्गाप्रसाद शर्मा घिमिरे वि. शिक्षक सेवा आयोग समेत*
- रिट नं. २०६३-WO-०३५१, उत्प्रेषण समेत, *रमेशकृष्ण अधिकारी वि. शिक्षक सेवा आयोग समेत*
- रिट नं. २०६३-WO-०३५३, उत्प्रेषण समेत, *माधवप्रसाद ढकाल वि. शिक्षक सेवा आयोग समेत*
- रिट नं. २०६३-WO-०३५४, उत्प्रेषण समेत, *लम्बरीप्रसाद आचार्य वि. शिक्षक सेवा आयोग समेत*
- रिट नं. २०६३-WO-०३५५, उत्प्रेषण समेत, *रामहरि ढकाल वि. शिक्षक सेवा आयोग समेत*

२१

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. २०६३-WO-०३४९, उत्प्रेषण समेत, *कुलप्रसाद दाहाल वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

प्राथमिक शिक्षक द्वितीय श्रेणी बढुवाको विज्ञापन नं. १७/०५९/६० अनुसार उम्मेद्वारले प्राप्त गरेको योग्यतासहितको विवरण दरखास्तसाथ पेश गर्नुपर्ने र २०६०।५।१९ सम्म सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा दरखास्त दिई सक्नुपर्ने भन्ने व्यहोरा उल्लेख गरेको अवस्थामा निवेदकले २०६१।११।२० मा प्राप्त गरेको उक्त १० महिने सेवाकालीन तालिमको प्रमाणपत्र दरखास्तसाथ पेश गर्नसक्ने अवस्था मिसिलको तथ्यबाट देखिएन । त्यसमा पनि निवेदकले आफूले बढुबालाई आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यतालगायतका विवरण दरखास्तसाथ पेश गरेको भनी जिकीर लिएको समेत पाइएन । केवल यस अदालतमा रिट निवेदन दायर गर्दाका अवस्थामा तालीमको प्रमाणपत्र पेश गरी आफूले बढुवामा पाउनु पर्ने अङ्कको दावीसम्म गरेको स्थितिमा दरखास्तसाथ पेश नगरेको प्रमाणपत्र बापतको अङ्क समेत पाउने अवस्था नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति सवत् २०६७ साल असार २२ गते रोज ३ शुभम् ।

२२

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ०४८९, २०६७ सालको साधक नं. ००१२, कर्तव्य ज्यान र जबर्जस्ती करणी समेत, *नेपाल सरकार वि. दिनेश सम्बाहाम्फे, नेपाल सरकार वि. दिनेश सम्बाहाम्फे*

मानिसले डर, त्रास, धम्की वा प्रलोभनको कारणले झूट्टो बोल्न सक्छ अर्थात् भैरहेको तथ्यलाई तोडमोड गरेर व्यक्त गर्नसक्छ । तर वारदात हुनुपूर्व एवं वारदातपछाडिको घटनासँग सम्बन्धित परिस्थिति झूट्टो हुन सक्दैन । त्यसैले कुनै वारदातको सम्बन्धमा प्रत्यक्ष प्रमाण नभएको अवस्थामा परिस्थितिजन्य प्रमाणलाई प्रमाण कानूनमा महत्वपूर्ण रूपमा लिनुपर्ने ।

प्रतिवादी दिनेश सम्बाहाम्फेले आफ्नै गाउँकी मृतक जानुका योङहाङलाई मन पराउनु, जाहेरवाला हर्कमान लिम्बूले मृतक जानुकासँग प्रेम गरी विवाह गर्नु, विवाह पूर्व गोविन्द कुरूवाङको छिमेकीको छोराको विवाहको निम्तो मान्न जाँदा प्रतिवादी दिनेश सम्बाहाम्फेले मृतक जानुकालाई तानी पर लगी मसँग विवाह गरिनस् भने यो धर्तीमा जीउँदो छोड्दिन भनी जबर्जस्ती गरेको आफ्नो आँखाले देखेको र यसभन्दा अगाडि पनि दिनेशले आफूलाई जबर्जस्ती गरेको भनी मृतक जानुकाले सुनाएको हुँदा प्रतिवादीले मृतकलाई मारेको भनी देवी आङदम्बे (लिम्बू) ले मौकामा एवं अदालतमा बकपत्र गरेको अवस्था छ भने जाहेरवाला हर्कमान लिम्बूले प्रतिवादीले नचिनेको केटासमेत लिई मेरो घरमा आई मेरी श्रीमती मृतक जानुकालाई बलात्कार गर्छु, मार्छु भनी धम्की दिएकाले प्रतिवादी दिनेशले आफ्नी श्रीमतीलाई मारेको भनी किटानी जाहेरी दिएको समेतबाट मृतक जानुका योङहाङलाई प्रतिवादी दिनेश सम्बाहाम्फेको कर्तव्यबाट मृत्यु भएको भन्ने परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

२३

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०७७२, कुत दिलाई मोही निष्काशन, *राजाराम सिंह दोनवार वि. रामसुनैर देवी मोची*

भूमिसम्बन्धी ऐन, २०२१ मा भएको मिति २०५३।९।२४ को चौथो संशोधनको लफा २६ ख. ले "तोकिएको अधिकारीले दफा ग., २६घ., दफा २६.२(घ) र २६ङ को अधीनमा रही मोही लागेको जग्गा जग्गावाला र मोहीलाई बाँडफाँड गर्न सक्नेछ" भनी कानूनी व्यवस्था भएकोमा विवादित कित्ता नं. ३७ को ०-२-१७ जग्गामा प्रतिवादीको मोही हक समेत निष्काशन हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भै मोही निष्काशन नहुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असोज ८ गते रोज ६ शुभम् ।

२४

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको फौ.पु.नं ३३३०, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. दिनेश लामा (बम्जन) समेत*

पीडित व्यक्ति अदालतमा उपस्थित भै आफूलाई लागेको घाउ चोटको अवस्था एवं घटनाको सविस्तार उल्लेख गर्नुपर्नेमा सोतर्फ उदासीन रही अदालतको आदेशानुसार आफ्नो कर्तव्य समेत पूरा गरेको पाइएन । त्यसका अतिरिक्त स्वतन्त्र सबूद प्रमाण पेश गरी वादी पक्षले आफ्नो अभियोग प्रमाणित गर्न सकेको अवस्थामा समेत देखिएन । प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोरासम्मको आधारमा उल्लिखित कानूनको व्यवस्थाअनुसार ज्यान मार्ने उद्योगको कसूरमा सजाय गर्नु कानूनसम्मत नदेखिँने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति सवत् २०६७ साल असार २० गते रोज १ शुभम् ।

**इजलास नं. १**

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ५५६, निर्णय दर्ता बदर हक कायम समेत, *पूर्णराज सिंह डंगोल महर्जन समेत वि. केशवमान सिंह महर्जन समेत*

नापीको फिल्डबुकमा गोंगबु ५ख कि.नं. १३५ को जग्गाको मोही महलमा हर्कनारायण महर्जन क्षे.फ. ०-८-२ जग्गा उल्लेख गरी किसान महलमा यो कित्ता काठमाडौं इलाका कमलादी बस्ने गणेशमाया डंगोलको हो । मैले कुतमोहीमा जोती आएको हुँ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । गणेशमाया वि.सं. १९९२ को बण्डापत्र हुँदाका अवस्थामा अंशियार नभएकीले सो जग्गा गणेशमायाको एकलौटी हक भोगको जग्गा हो भन्ने देखिन आयो । आफ्नो एलौटी हक भोगको कि.नं. १३५ मा दर्ता भएको जग्गा पूर्णदेवी, हिरादेवी र पूर्णराजलाई बकसपत्र दिएको भन्ने देखिन आएकोले सो जग्गा बण्डा लाग्ने प्रकृतिको नदेखिँदा सो जग्गामा प्रतिवादी पूर्णराजको एकलौटी हक कायम हुने ।

कि.नं. २१४ र कि.नं. १३० को जग्गा बकस पाएको जग्गा नदेखिएको स्थितिमा कि.नं. २१४ को फिल्डबुक हेर्दा सो जग्गाको मोही महलमा पञ्चनारायण महर्जन र किसान महलमा यो जग्गा का.ई. न्हकन्तला बस्ने गौरीमान डंगोल समेत ३ जनाको हो मैले कुतमा जोती आएको हुँ भन्ने उल्लेख भएको देखिन्छ । सो जग्गा कित्ताकाटबाट कि.नं. ९६३ गौरीमान र ९६२ पूर्णराज, पूर्णदेवी डंगोलको नाममा दर्ता स्रेस्ता भै धनीपूर्जा बनेको देखिन्छ । कि.नं. २१४ को २-४-० मध्ये उत्तरतर्फ कायमी कि.नं. ९६२ को जग्गाको हकमा वादी केशवमान सिं समेतको प्रस्तुत फिराद दावी परेको देखिन्छ । सो जग्गा गौरीमान समेतको हो भनी फिल्डबुकमा व्यहोरा उल्लेख भएपनि बक्स पाएको जग्गा हो भन्ने आधारमा पूर्णराजको नाममा दर्ता स्रेस्ता कायम भएको देखिन आयो । पूर्णराजको नाममा बकस पाएको भनी दर्ता भए पनि कि.नं. ९६२ को जग्गा माथि गरिएको विश्लेषणबाट पूर्णराजको बक्स पाएको जग्गामा नभिडेको हुँदा कि.नं. २१४ मध्येको पूर्णराजले दर्ता गरेको कि.नं. ९६२ को जग्गा पूर्णराजको एकलौटी हकको निजी जग्गा हो भन्न मिलेन । त्यसैगरी दावीको कि.नं. १३० हकमा प्रतिवादीले असन ८१७ को गोंगबुबाट भिड्ने बकस पाएको जग्गा भनी दावी गरे पनि शे.ब. को लिखत र ८१७ को गोंगबुको गणेशमायाको लगतबाट मिलन भिड्न नआएको भनी माथि विवेचना गरिएबाट दावीको कि.नं. १३० को जग्गा प्रतिवादीको बकसपत्रभित्रको जग्गा हो भन्न मिल्ने देखिएन । बक्स पाएको निजी जग्गा

नदेखिएको स्थितिमा नापी शाखाको फिल्डबुकमा गोंगबु ५ख, कि.नं. १३० को ०-७-० को जग्गाको मोही महलमा हर्कनारायण महर्जन र किसान महलमा सो जग्गा का.इ. असन कमलादी बस्ने पुनलाल डंगोलको हो मैले कुतमा जोती आएको छु भनी उल्लेख भए समेतबाट यो जग्गा पूर्णलाल भन्ने पूर्णराजको देखिए पनि बकस पाएको एकलौटी हकको जग्गा नभै प्रतिवादीको नाममा रहेको वि.सं. १९९२।१।२१ को बण्डापत्रअनुसारको अबण्डाको गोश्वाराको जग्गा देखिने ।

विवादित कि.नं. १३५ को ०-८-२ को जग्गा प्रतिवादी पूर्णराज डंगोलको शे.व. प्राप्त गरेको निजी आर्जको देखिँदा सो जग्गाको हकमा वादीको हक कायम हुन नसक्ने र दावीको कि.नं. १३० र कि.नं. ९६२ को जग्गा सगोलको अबण्डाको देखिन आएकोले वादी प्रतिवादीहरूको उक्त विवादित जग्गामा बाबुहरूको बण्डाअनुसार आधा-आधा हककायम हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको दु.फौ.पु.नं. ०८९२, जालसाजी, *ईश्वरमान सिँह वि. पूर्णराज सिँह डंगोल समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. १२३१, हककायम दर्ता चलन समेत, *इश्वरमान सिंह वि. पूर्णराज सिंह डंगोल*

विवादित जग्गाको फिल्डबुकमा आफ्नो बाबु गौरीमानको नाममा भएको कारण सो जग्गा आफ्नो मात्र एकलौटी हक लाग्ने जग्गा हो भनी प्रतिवादीले जिकीर लिए पनि सो जग्गा वि.सं. १९९२ सालमा घरसारमा खडा भएको अबण्डाको जग्गा होइन भनी प्रमाणित गर्न सकेको देखिँदैन । कि.नं. १४३ को जग्गा कसैको निजी हकको सम्पत्ति भन्ने प्रमाणित हुन नसकेको स्थितिमा कृष्णमाया, गौरीमान र अकलमानबीच भएको वि.सं. १९९२ सालको घरसारको बण्डापत्रले जग्गा जमीन अवण्डामा राखेको देखिँदा विवादित जग्गा पनि जसको नाममा नापी दर्ता स्रेस्ता भए पनि सगोलको अवण्डाको जग्गा हो भन्नुपर्ने हुन्छ । सगोलको अंशियारका बीचमा शे.व. लिनु दिनुले बाँकी अंशियारको अंशहकमा असर नपर्ने र जसको नाममा नापी दर्ता स्रेस्ता रै.प. नामसारी दा.खा. दर्ता गरे पनि त्यसले अर्को पक्षको हकमा असर पुऱ्याउन सक्तैन । अंशियारभन्दा भिन्न ठाउँबाट निजी हक हुने गरी प्राप्त भएको जग्गा हो भन्ने पुष्टि हुन नसकेको अवस्थामा कि.नं. १४३ को जग्गा सगोलको ठहरी सो जग्गामा वादी प्रतिवादीको आधा-आधा हक हुने ।

पुनरावेदक प्रतिवादीले कि.नं. २९८ र ९६३ को जग्गाको सन्दर्भमा आफ्नो एकलौटी हकको जग्गा भनी प्रतिउत्तरपत्रमा जिकीर लिन सकेको देखिँदैन । तसर्थ कि.नं. २९८ र कि.नं. ९६३ को जग्गा कुनै एकपक्षको निजी हकको जग्गा भन्ने प्रमाणित हुन आएको नदेखिँदा सो जग्गा पनि वि.सं. १९९२ सालको बण्डापत्रबमोजिमको अबण्डा गोश्वाराको जग्गा नै हो भन्ने मान्नु पर्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको दे.पु.नं. १२८२, हक कायम नामसारी दर्ता, *इश्वरमान सिँह वि. पूर्णराज सिँह डंगोल समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट निवेदन नम्बर २४८१, उत्प्रेषण, *रामबिलास लोनिया वि. मालपोत कार्यालय,बाँके समेत*

२०५०/२०५१ सालमा भएको लिलामीउपर करिब १० वर्षपछि आएर मात्र २०६०।१०।७ मा मात्र उल्लिखित लिलामी प्रक्रियाउपर बाँके जिल्ला अदालतमा उजूरी निवेदन दिई कारवाही चलाएको देखिँदा निवेदकले आफ्नो अधिकारको खोजी गर्नमा धेरै ढिलाई गरेको भन्ने स्पष्ट रूपबाट देखिन आउँदा प्रस्तुत निवेदनका सम्बन्धमा बिलम्बको सिद्धान्त आकर्षित हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल असार १८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. ०५३५, जग्गा खिचोला

मेटाई चलन, *टोपबहादुर पचभैया मगर वि. फुलबहादुर तामाङ समेत*

२०३८ सालमा दिएको दे.नं. २५०० को खिचोला मुद्दा २०४७।११।१५ मा पर्सा जिल्ला अदालतले वादीले तारिख गुजारेको कारण जनाई डिसमिस गरेको देखिन्छ । उक्त डिसमिस फैसलाको व्यहोरा हेर्दा सो मितिमा प्रतिवादीहरू तारिखमा रूजु रहेको र निजहरूको तर्फबाट कानून व्यवसायीले प्रतिरक्षा गरेको भन्ने समेत देखिन्छ । यस स्थितिमा २०४७ साल फागुन १५ गतेका दिनसम्म पुनरावेदक वादीले दायर गरेको खिचोला मुद्दाको तारिखमा रूजु हाजिर रही कानून व्यवसायीद्वारा प्रतिरक्षा गरिरहेका प्रतिवादीहरूले वादी दावीको जग्गामा २०४६ सालदेखि नै खिचाला छोडेको र पुन: २०४७।८।१५ मा खिचोला गरेको भन्ने वादी दावी आफैंमा विरोधाभाषपूर्ण र तथ्यगत रूपमा प्रमाणित भएको नदेखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २७८४, उत्प्रेषण, *थीरबहादुर रायमाझी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत*

संविधान तथा कानूनले प्रदान गरेको हक अधिकार गैरकानूनी तवरबाट अतिक्रमण भएको र त्यसको लागि वैकल्पिक र प्रभावकारी उपचारको अभाव रहेको अवस्थामा आफूलाई अन्याय परेको सम्पूर्ण तथ्य यथार्थ रूपमा खुलाई सफा हात लिएर सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअतर्गत निवेदन लिएर आउन पाउने अधिकार त्यस्तो नागरिकलाई संविधानले प्रदान गरेको छ । तर प्रस्तुत रिट निवेदनमा निवेदकले २०६० सालमा यसै विषयमा रिट निवेदन दायर गरी उक्त निवेदन तामेलीमा रहेको तथ्यलाई लुकाई सो बारेमा कुनै उल्लेख नगरी आएको देखिँदा निवेदक सफा हात लिई यस अदालतमा प्रवेश गरेको भनी मान्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. ०९८९, हरहिसाब गराई पाऊँ, *अनवर खान वि. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, भैरहवा*

साँवा ब्याज बुझाउने उद्देश्यले मिति २०६१।४।१५ मा बैंकमा गई हरहिसाब गरिदिनको लागि माग गर्दा हरहिसाब नगरिदिएको भनी पुनरावेदकले दावी लिए पनि सो कुरा तथ्ययुक्त रूपमा प्रमाणित हुन सकेको देखिँदैन । मिसिल संलग्न रहेको पुनरावेदकले लिएको ऋणको हिसाब विवरण हेर्दा २०५८।७२ देखि २०६१ असोजसम्मको भनी प्रत्येक तीन-तीन महिनामा ब्याज हिसाब गरी राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय भैरहबाले पुनरावेदकको ऋण र सोको ब्याज अध्यावधिक गरिराखेको देखिन्छ । यस हिसाब विवरणबाट पुनरावेदकले २०५८।७२ देखि २०६१ असोजसम्म कुनै रकम बुझाएको भन्ने नदेखिने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको स.फौ.पु.नं. ५८९, कर्तव्य ज्यान, *कमला बि.क. वि. नेपाल सरकार*

टाउको जस्तो संवेदनशील स्थानमा दाउराले प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने तथ्य सामान्य समझ भएको व्यक्तिले पनि जान्ने कुरा हो । हाल पुनरावेदन गर्दा शरीरमा हान्दा मृतक निहुरेको कारण टाउकोमा लागेको भनी जिकीर लिए पनि सो तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि हुन आएको देखिँदैन । प्रतिवादीले मृतकको टाउकोमा एकपटक मात्र प्रहार गरेको भने पनि मृतकको लास प्रकृति मुचुल्का हेर्दा टाउकोमा एउटा मात्र चोट घाउ न भै टाउको तालुमा एउटा घाउ, तालुभन्दा पछाडि २१/२ चौडाई, २ इन्च गहिरो र २ इन्च लामो पुरानो घाउ र गिदी जस्तो पदार्थ निस्केको देखिएको र दाहिने गोडाको नली खुट्टामा समेत चोट घाउ भएको भन्ने उल्लेख भएको कारण चोट एकपटक मात्र छाडेको न भै पटक-पटक छाडेको भन्ने देखिन्छ । गिदी निस्कनेसम्मको चोट छाडेको अवस्थामा प्रतिवादीले लोग्नेलाई सचेत गर्न सामान्य हानेको हो भन्न मिलेन ।

तसर्थ प्रतिवादीले मृतकलाई गरेको प्रहार भवितव्यको स्थिति हो भन्न मिल्ने नदेखिने ।

मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण नशासम्बन्धी आघात (Neurological Sock) भनी उल्लेख भएको र मृतकले मृत्यु हुनुपूर्व यी प्रतिवादीलाई नसा फुल्छ, म बाँच्दिँन, भनी आफ्नो बेदना व्यक्त गरेबाट मृतकको मृत्युको कारण नसासम्बन्धी आघात हो भन्ने पुष्टि हुन आउँछ । यस्तो नसासम्बन्धी आघात प्रतिवादीले मृतकको टाउकोमा प्रहार गरेपछि देखिएको र गिदी समेत बाहिर निस्की बगिरहेको अवस्था हुँदा मृत्युको कारण प्रतिवादीले भनेजस्तो रक्सी सेवन र जण्डिस न भै शव परीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम यी प्रतिवादीले टाउकोमा गरेको प्रहारबाट नसामा पर्न गएको आघात नै हो भन्ने देखिँदा अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको १४ नं. बमोजिम १०( दश) वर्ष कैद हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर :रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको स.फौ.पु.नं. ७४७, कर्तव्य ज्यान, *युवराज के.सी.. वि. नेपाल सरकार*

प्रतिवादी युवराज के.सी. ले माइतीघरबाट घर जाने वा नजाने भन्ने सामान्य विवादमा चुलेसीजस्तो धारिलो काट्ने हतियारले बर्बर क्रूर एवं विभत्स तरिकाबाट आफ्नी पत्नी सरिता के.सी.को घाँटी रेटी हत्या गरेको देखिँदा, त्यस्तो क्रूर, बर्बर, विभत्स प्रकृतिको हत्यामा अ.बं. १८८ नं.को प्रयोग हुन नसक्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर :रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको रिट नं. WO-०९३४, उत्प्रेषणयुक्त परमादेश समेत, *दिनेश कार्की वि. सशस्त्र प्रहरी बल, प्रहरी प्रधान कार्यालय, स्वयम्भु, हलचोक समेत*

सशस्त्र प्रहरी बलका कर्मचारी अन्य संघ संस्था वा निकायको जस्तो कर्मचारी न भै, हरेक क्षण तयारी अवस्थामा बस्नुपर्ने र आदेश आउनासाथ खटाइएको क्षेत्रमा कुद्नुपर्ने अनुशासित सँगठनका कर्मचारी हुन् । सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १०१(१) मा सशस्त्र प्रहरी सदैव आफ्नो ड्युटीमा रहेको मानिने छ र निजलाई जुनसुकै समयमा काममा लगाउन सकिने छ भन्ने व्यवस्था गरेको देखिन्छ । प्रहरी कर्मचारीले निवेदकको जस्तो घरायसी काम देखाई वा त्योभन्दा पनि जरूरी काम देखाई खटाइएको स्थानमा नगए पनि वा बिदा स्वीकृत नगराई जथाभावी बिदा बसेमा पनि वा अन्य त्यस्तै अनुशासन उल्लंघनको कार्य गरेमा पनि कारवाही नगरी छोड्ने हो भने त्यो सँगठन अनुशासित र तत्काल कार्यक्षेत्रमा जाने अवस्थाको संगठन रहन सक्दैन । संगठनमा अनुशासनहीन काम गर्ने, नियम पालन नगर्ने कर्मचारी र नियम कानून पालन गर्ने अनुशासित कर्मचारीलाई समान सुविधा र अवसर दिने हो भने अनुशासित र अनुशासनहीन कर्मचारीबीच समान व्यवहार भै अनुशासित कर्मचारीलाई अन्याय पर्न जान्छ । यस्तो पद्धति अपनाउँदा अनुशासनमा बिश्रृङ्खलता आउँछ । परिणामतः सुरक्षा निकाय जस्तो सँगठन निकम्मा हुन जाने स्थितिको सिर्जना हुनसक्छ । पद र वृत्ति विकासको आशा गर्ने कर्मचारीले सँगठनको मर्यादा र नियम कानून पालन गरी अनुशासित बन्नु पर्दछ । समयमा अनुशासित एवं नियम कानून पालन नगर्ने कर्मचारीले समान तहका र जुनियर कर्मचारीभन्दा जुनियर हुन जाने भइयो भनी गुनासो गर्नु औचित्यपूर्ण समेत देखिँदैन । अतः असमान कार्यको सन्दर्भमा समान व्यवहार गरी बढुवा पाउनका लागि बढुवा रोक्काको निर्णय बदर गरिपाऊँ भन्ने निवेदकको माग कानूनतः ग्रहणयोग्य, तर्कपूर्ण र विवेकसम्मत नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको रिट नं. WO-०६८६, उत्प्रेषणयुक्त परमादेश समेत, *हरिप्रसाद शर्मा आचार्य वि. चाइना टाउन व्यापार संघ, सुन्धारा समेत*

निवेदकले उठाएको हिसाब पारदर्शी गराउने विषयका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको

आदेशअनुसार चाइना टाउन व्यापार संघले संघको हिसाब किताब र लेखापरीक्षणको प्रतिवेदन पेश गरी सो विषय र त्यसका अतिरिक्त शान्ति सुरक्षा, क्षतिपूर्ति, पुनः निर्वाचन गराई पाऊँ भन्ने समेतका विषयमा जिल्ला प्रशासन कार्यालयबाट निर्णय भैसकेको साथै यिनै पक्षबीच यिनै विषयलाई लिएर चलेको गाली बेइज्जती मुद्दा समेत काठमाडौं जिल्ला अदालतबाट फैसला भै सबै मुद्दाहरू पुनरावेदन अदालतमा विचाराधीन रहेको देखिँदा नियमित निकायबाट उपचार प्राप्त गर्न कानूनी प्रक्रिया अवलम्बन गरिरहेको तथ्य लुकाई निवेदक सफा हात लिई अदालत प्रवेश नगरेको एवं वैकल्पिक उपचार प्राप्त गरिरहेको अवस्थामा रिट क्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. WO-०५४१, उत्प्रेषण मिश्रित परमादेश, *विद्यादेवी घिमिरे (लोहनी) वि. शिक्षक सेवा आयोग, सानो ठिमी समेत*

शिक्षा सेवा नियमावली, २०५७ को दफा ९(१)(ग), १०(च१) तथा शिक्षक सेवा आयोगले मिति २०६१।८।१५ मा गरेको गणित विषयको मा.शि. तृतीय पदको विज्ञापनअनुसार विपक्षी गोपालप्रसाद सिलवालको सम्बन्धित गणित विषयमा स्नातक नभएको र गणित विषयको अध्यापन अनुमतिपत्र भएको नदेखिँदा शैक्षिक योग्यता नै नपुगेका व्यक्तिको दरखास्त लिई गणित विषयको माध्यमिक शिक्षक (तृतीय) पदमा नियुक्तिको लागि सिफारिश गरेको शिक्षक सेवा आयोगको कार्य कानूनसम्मत् देखिन आएन । अतः गोपालप्रसाद सिलवाललाई गणित विषयको माध्यमिक शिक्षक (तृतीय) पदमा नियुक्तिको लागि सिफारिश गरेको हदसम्म विपक्षी शिक्षक सेवा आयोगको मिति २०६३।७।३० को निर्णय र सोको सूचना उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निजको ठाउँमा निवेदिका विद्यादेवी घिमिरे (लोहनी) लाई नियुक्तिको लागि सिफारिश गरी नियुक्ति दिनु भनी विपक्षी आयोग समेतका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर :रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-००६९, कीर्ते नागरिकता पेश गरी बैक ठगी, *हरिकृष्ण लेकाली वि. नेपाल सरकार*

अर्काको नामको नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो फोटो टाँस गरी सोको नक्कल पेश गरी बैंकलाई झुक्याई ऋण लिने कार्य समेत कीर्ते कागजको महलको १ नं. द्वारा परिभाषित कीर्तेजन्य कसूरअन्तर्गत पर्नेसमेतका आधार एवं कारणबाट प्रतिवादीलाई कीर्तेतर्फ सजाय नगरेको हदसम्म सुनसरी जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादीलाई कीर्ते कागजको महलको १ नं. को कसूरदार ठहर गरी सोही महलको ७ नं. र १२ नं. अनुसार पुनरावेदक प्रतिवादीलाई बिगोबमोजिम जरीवाना र एक वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री डा. भरतबहादुर कार्की,** २०६५ सालको दे.पु.नं. ०६६-CI-०४८२, CI-०६५६, हक कायम समेत, *लक्ष्मीनारायण न्हुच्छे श्रेष्ठ वि. हरिमाया कायस्थ, हरिमाया कायस्थ वि.लक्ष्मीनारायण न्हुच्छे श्रेष्ठ*

वादीले हकको स्रोतको रूपमा पेश गरेको १९९४ सालको लिखतमा उत्तरतर्फ जनिएको माधवको घर (हालको न.नं. ७) अनुरूप सोको दक्षिणतर्फ न.नं. १४, १५ मा वादीको हकभोगको घर जग्गा रहेको देखिएको, न.नं. ७ को घरमा परापूर्वकालदेखि नै प्रतिवादीले भोगचलन गर्दै आएकोमा विवाद नरहेको, वादीका पुर्खालाई मौखिक शर्तमा घर जग्गा बहालमा दिएको भन्ने प्रतिवादीको जिकीर प्रमाणको अभावमा पुष्टि हुन सक्ने नदेखिएको अवस्था तथा प्रतिवादीको न.नं. ७ मा पुर्खाको पालादेखि नै हकभोग रहेको तथ्यलाई १९९१ सालको लिखतको चार किल्लाले प्रमाणित गरिरहेको समेतका आधार एवं कारणबाट वादी दावी पुग्न नसक्ने ठहऱ्याएको भक्तपुर जिल्ला अदालतको फैसला केही उल्टी गरी न.नं. १४ को जग्गा नं.नं. १५ को घर तथा न.नं. १६ को पेटीसम्ममा वादीको हक कायम हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी ।

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ००६१, अवण्डा सम्पत्ति बण्डा गरी पाऊँ, *रत्नबहादुर थापा वि. शिवजी थापा क्षेत्री समेत*

वादी र प्रतिवादीका बीच विधिवत अंशबण्डाको लिखत पारित गरी अंशबण्डा भएको नभई फरक-फरक मितिको लिखतबाट पैत्रिक सम्पत्तिमध्ये एक कित्ता सम्पत्तिबाट कित्ताकाट गरी आमासँग अंश बुझी लिएको अवस्था देखिन्छ । बाँकी रहेको पैत्रिक सम्पत्तिमध्ये केही जग्गा पिताको नाउँमा मोही कायम भएको हैसियतले अन्य अंशियारहरूको मञ्जूरनामाको आधारमा प्रतिवादी रत्नबहादुरको नाउँमा नामसारी भएको देखिन्छ । यसरी बाबुबाट नामसारी भै आएको सम्पत्ति अंशियारमध्ये जसको नाउँमा नामसारी भए पनि अंशियारहरूले आफ्नो हक नछाडेसम्म सबैको समान हक लाग्ने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ९४६, परमादेश, *मुकुन्दकृष्ण श्रेष्ठ वि. उपत्यका नगर विकास जग्गा एकीकरण आयोजना कार्यालय अनामनगर, समेत*

कि.नं. १९४, १९५, र २१५ को जग्गाहरू एकीकरण आयोजनाले अधिग्रहण नगरेको, कि.नं. १०४, १०५ र १०६ का जग्गामध्ये खोला बगर रहेको आयोजनाले नलिएको जग्गाको प्रमाण दिने अधिकार आयोजनालाई नभएको र खोलामा नपरेको जग्गा मात्र आयोजनाले अधिग्रहण गरी सो जग्गाबाट आयोजनाको नीतिअनुसार योगदान अंश कट्टा गरी, निवेदकले विकसित घडेरी जग्गा राजीनामाबाट फिर्ता लिई सकेको देखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६७ सालको फौ.पु.नं. ६८२ अदालतको अपहेलना, *मुकुन्दकृष्ण श्रेष्ठ वि. भाइकाजी तिवारी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६२ सालको रिट नं. २८८८, उत्प्रेषण समेत, *कृष्णदास मानन्धर वि. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, विशालबजार समेत*

समानताको व्यवस्थालाई धेरै समान स्तरका व्यक्तिहरूलाई कारवाही गर्नुपर्ने अवस्थामा त्यस्ता व्यक्तिमध्ये कुनै अधिकारीले कसैलाई कारवाही गर्‍यो, कसैलाई कारवाही गरेन भने अदालतले पनि सबैलाई कारवाही नगरेको भनी कारवाही भएको व्यक्तिलाई कारवाही नगर्ने आदेश गरिँदैन । अर्थात् कारवाही हुनपर्ने व्यक्तिलाई कारवाही हुनबाट उन्मुक्ति दिन मिल्दैन । फेरि प्रस्तुत विवादमा अन्य सञ्चालक र ऋणीउपर पनि कारवाही चलाइएको भन्ने कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिएको हुँदा समेत निवेदन दावीबमोजिम उन्मुक्ति दिन नसकिने हुँदा कालोसूचीमा राख्ने गरेको विपक्षीहरूको २०६२।५।५ को लगायत सोसम्बन्धी कार्य बदर गरिपाऊँ भन्ने माग दावीबमोजिम आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६२ सालको फौ.पु.नं.-CR-०३०३, लागू औषध चरेश, *नेपाल सरकार वि.ओमकुमार पाण्डे समेत*

प्रतिवादी कमलबहादुर गुरुङले अन्य प्रतिवादी उत्तमबहादुर पाण्डे र ओमकुमार पाण्डेले सरह आरोपित कसूरमा लागू औषध कारोबारको अपराध गरेको देखिँदा निज प्रतिवादी कमलबहादुर गुरुङलाई पनि अन्य प्रतिवादीहरू उत्तमबहादुर र ओमकुमारसरह सजाय गर्नुपर्ने देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादी कमलबहादुर गुरुङलाई आरोपित कसूरबाट सफाई दिने ठहऱ्याएको सुरु काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति

२०६४।३।११ को फैसला सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ठहर्छ । यी प्रतिवादी कमलबहादुर गुरुङ्गलाई अभियोग दावीबमोजिम अन्य प्रतिवादी सरह २ दुई वर्ष कैद र रु. २५०००।- (रुपैयाँ पच्चिस हजार मात्र) जरीवाना हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६७ साल जेष्ठ महिना २४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको रिट नं. WO-०७४०, उत्प्रेषण परमादेश, *बलिराम चौधरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

नेपाल सरकारले आफूमा भएको उक्त ऐनबमोजिमको अधिकार राजपत्रमा सूचना निकाली अन्य कुनै पदाधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने देखिन्छ । सोही कानूनी व्यवस्थाअनुसार नै नेपाल सरकारले स्वास्थ्य सेवाका छैठौं र सातौ. तहका अधिकृत कर्मचारीहरूको सरूवा स्वास्थ्य सेवा विभागले गर्न पाउने गरी नेपाल राजपत्र खण्ड ५९, २०६६ मंसिर २९, संख्या ३४ मा सूचना प्रकाशित गरेको देखिन्छ । यी निवेदक स्वास्थ्य सेवाको अधिकृत छैठौं तहको कर्मचारी भएको कुरा निजको रिट निवेदनबाटै देखिन्छ । यस्तो अवस्थामा उल्लिखित राजपत्रमा प्रकाशित सूचनाअनुसार प्रत्यायोजित अधिकारअन्तर्गत यी रिट निवेदकको सरूवा स्वास्थ्य सेवा विभागले गर्न सक्ने र पाउने नै देखिन्छ । तसर्थ स्वास्थ्य सेवा विभागले मिति २०६६।९।२३ मा निर्णय गरी गरेको यी रिट निवेदकको सरूवामा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल बैशाख ३१ गते रोज ६ शुभम् ।

यसमा यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६ सालको रिट नं. WO-०७०३, उत्प्रेषण परमादेश, *विनोद मिश्र वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको रिट नं. WO-०७०४, उत्प्रेषण परमादेश, *बलदेव यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको रिट नं. WO-०७०५, उत्प्रेषण परमादेश, *शिवनाथ रस्तोगी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको स.फौ.पु.नं. CR-००६६, लागू औषध, *नेपाल सरकार वि. दलबहादुर खत्री*

प्रतिवादी आफू लागू औषधको नियमित सेवनकर्ता भएको तथा लागू औषध राख्नको लागि कानूनबमोजिमको अनुमतिप्राप्त गरेको भन्ने जिकीर लिन सकेको देखिदैन । बरामदी लागू औषधको परिणामबाट समेत सेवनको लागि नभै बिक्री गर्ने प्रयोजनको देखिन्छ । प्रतिवादीले मौकामा कसूर गरेको स्वीकारेका छन् भने अदालतमा इन्कार रहेका देखिन्छ । आफ्नो इन्कारी बयानलाई पुष्टि हुने गरी कुनै प्रमाण पेश गर्न सकेको देखिदैन । किटानी जाहेरी दरखास्त, घटना विवरण, बरामदी मुचुल्का, मौकाको बयान, प्रतिवेदक कुशलसिँह ठकुरीको बकपत्र समेतबाट निजले प्रतिबन्धित लागू औषध चरेश बिक्री गर्ने उद्देश्यले भण्डारण गरी राखी लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) अनुसारको कसूर गरेको देखिँदा निजलाई ऐ.ऐनको दफा १४(१)(घ)(३) बमोजिम पहिलो पटक हुँदा ६ महिना कैद र रू. २०००।- जरीवाना हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल मंसिर २० गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको रिट नं WO-०४१७, उत्प्रेषण समेत, *जनककुमारी भण्डारी वि. लबसिं थापा समेत*

जग्गाको यथार्थ अवस्थितिलाई ख्याल नगरी नरमगरम नमिलाई जग्गा बाँडफाँड गर्ने गरी भएको भूमिसुधार कार्यालयको मिति २०६१।२।१३ को निर्णय तथा सो निर्णयको आधारमा नापी कार्यालय तथा मालपोत कार्यालयबाट भएका कामकारवाही त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब दुबै पक्षलाई रोहबरमा राखी नक्सा स्रेस्ता भिडाई जग्गाको भौगोलिक यथार्थलाई समेत मध्यनजर गरी नरमगरम मिलाई कानूनबमोजिम पुनः जग्गा बाँडफाँड गर्नु भन्ने

विपक्षी भूमिसुधार कार्यालयका नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल मार्ग १२ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. WO-३८०१, उत्प्रेषण, *जनकलालप्रसाद यादव वि. कृतबहादुर साह समेत*

लेनदेन मुद्दामा प्रतिवादी नबनाइएका व्यक्ति जनकलाललाई बुझ्दै नबुझी उनको नामको पूरै सम्पत्ति रोक्का राख्ने र सोबाट बिगो भराउनेतर्फ कारवाही भएको फैसला कार्यान्वयनको कामकारवाही तथा तत्सम्बन्धमा पुनरावेदन अदालतबाट भएको मिति २०६११२१५ को आदेश समेत प्राकृतिक न्यायको मान्य सिद्धान्त तथा विवेचित आधार कारण समेतका आधारमा त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल चैत ३ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ००५०, उत्प्रेषण, *सञ्जयकुमार रौनियार वि.वीरेन्द्रराय यादव समेत*

पक्ष विपक्षको मिलेमतोमा मानो अलग भएको सम्बन्धमा मिति २०५६।८।५ को घरसारको लिखतलाई स्वीकारेकोमा अदालतले समेत तायदाती फाँटवारी माग गर्दा सोही मितिलाई स्वीकारेको देखिन्छ । मुलुकी ऐन, रजिष्ट्रेशनको महलको १ नं. ले यस्तो मानो छुट्टिएको लिखत अनिवार्य रूपमा रजिष्ट्रेशन हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । लेनदेन मुद्दाको फैसला भै बिगोको दरखास्त समेत परेपछि दायर भएका अंश मुद्दामा दुबै पक्षले स्वीकारे पनि रजिष्ट्रेशन नभएको लिखितले मानो छुट्टिएको मिति कायम हुन नसक्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०६६-WO-०६२८, परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ, *रूपेश लुइँटेल वि. परीक्षा नियन्त्रण कार्यालय, त्रिभुवन विश्वविद्यालय समेत*

ट्रान्सक्रिप्ट भनेको कुनै विशेष कुरा नभई विभिन्न वर्षहरूको लब्धाङ्कपत्रको एकीकृत रूप भएको भन्ने देखिदा निवेदकले उत्तीर्ण गरेको परीक्षाको लब्धाङ्कपत्रहरू प्रदान गरिसकेको परिप्रेक्ष्यमा रिट निवेदकलाई विपक्षी परीक्षा नियन्त्रण कार्यालयले ट्रान्सक्रिप्ट दिन मिल्दैन भनी विद्यार्थीको शैक्षिक योग्यता हासिल गर्ने र वृत्ति विकास अवरूद्ध गर्ने गरी आफ्नो दायित्वबाट पन्छिने कार्यलाई न्यायोचित र विवेकसम्मत मान्न नमिल्ने हुँदा रिट निवेदक रूपेश लुइँटेलले उत्तीर्ण गरेको परीक्षाको ट्रान्सक्रिप्ट नियमानुसार गरी निज रूपेश लुइँटेललाई उपलब्ध गराउनु भनी विपक्षी परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, त्रिभुवन विश्वविद्यालय बल्खुको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०२२२, उत्प्रेषण, *गुरूदिपकुमारी राणा वि.सुशीला राणा समेत*

अंश मुद्दामा भएको फैसलाअनुसार बण्डा छुट्याइएका बण्डा मुचुल्का हुँदा निवेदकले मुकरर गरेको वारिस समेतको संलग्नता देखिएको, मिति २०५६।२।१२ मा भैआएको बण्डा मुचुल्का रीतपूर्वकको नै देखिई उक्त मुचुल्का सदर हुने ठहरी काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटन समेतबाट तह-तह आदेश भै फैसला र बण्डा मुचुल्काअनुसारको पूर्जी विपक्षी उपेन्द्र शम्शेरलाई दिइएको र उक्त पूर्जीअनुसार नै कि.नं. ४१ को जग्गाबाट कित्ताकाट गरी नयाँ कायमी कि.नं. ११७९ को जग्गा उपेन्द्र शम्शेरका नाउँमा दाखेल खारेज भएको भन्ने देखिँदा उल्लिखित बण्डा मुचुल्काअनुसारको पूर्जीका आधारमा उपेन्द्र शम्शेरको नाममा भएका दाखेल खारेजसम्बन्धी कामकारवाही कानूनसम्मत् रहे भएकै देखिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-०४७९, उत्प्रेषण समेत, *सीतादेवी दाहाल वि. गजेन्द्रबहादुर थापा समेत*

कुनै पनि निकायले आफूलाई प्राप्त अधिकारअन्तर्गत निर्णय गर्दा प्राकृतिक न्यायका सिद्धान्तको बाध्यात्मक रूपमा पालना गरी तथ्य र कानूनको आधारमा विवेकसम्मत निर्णय गर्नपर्छ, तर प्रस्तुत विवादमा यी रिट निवेदिकालाई सुनुवाईको मौका दिएको नदेखिँदा नापी शाखा कार्यालय मन्थली रामेछापबाट भएको विवादित नक्सा संशोधनको कार्य एवं उक्त कार्यलाई सदर गर्न गरेको विपक्षी नापी विभागको कार्य समेत प्राकृतिक न्यायको रोहमा मिलेको नदेखिँदा उक्त दुबै कार्यहरू तथा सोअनुरूप रिट निवेदिकालाई दिएका पत्र समेत बदर गरिदिएको छ । अब प्रस्तुत विवादमा यी रिट निवेदिका सीता दाहाल र विपक्षी गजेन्द्रबहादुर थापा समेतलाई विवादित विषयको सूचना दिई दुबै पक्षको कुरा सुनी बुझ्नुपर्ने जे जो तथ्य र प्रमाण बुझी सोको मूल्याङ्कन गरी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी नापी शाखा कार्यालय रामेछापको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. WO-०१०१, उत्प्रेषण मिश्रित परमादेश, *दिलीपकुमार शाह वि. चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगञ्ज समेत*

विदेशीको लागि छुट्याइएको सिटमा गलत विवरण पेश गरी कसैले भर्ना गरेको जानकारी डिनको कार्यालयलाई प्राप्त हुन आएमा तत्सम्बन्धी छानबीन गरी आवश्यक निर्णय लिनसक्ने अधिकार त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थानलाई नै भएको र सोअनुसार छानबीन गर्दा यी निवेदक विदेशी रहे भएको प्रमाणित हुन नआएकोले भर्ना रद्द गरी आव्हान गरिएको कार्यक्रमबाट निवेदकलाई हटाइएको भन्ने डिन कार्यालयको निर्णय समेतबाट देखिई उक्त निर्णय समेतका कामकारवाहीलाई अन्यथा भन्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : बासुदेव पौडेल
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल मंसिर १० गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. WO-०२१६, उत्प्रेषण समेत, *कृष्णप्रसाद सुवेदी वि. नैना थरूनी समेत*

अबण्डा रहेका कि.नं. ४२६ र ६२४ को जग्गामा मनोजकुमारको पनि अंश भाग सुरक्षित रहने स्थितिमा निजको भाग हिस्साबाट बिगो भराउन मिल्ने हुँदा सोसम्म जग्गा रोक्का राखी अरू अंशियारको भाग हिस्सासम्म फुकुवा गर्नुपर्नेमा पूरै जग्गा फुकुवा गरेको त्रुटिपूर्ण हुँदा सो हदसम्म पुनरावेदन अदालतको मिति २०६६।३।५ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । कि.नं. ४२६ र ६२४ को जग्गामा रहने मनोजकुमारको भाग हिस्सा यथावत रोक्का राखी फैसलाबमोजिमको बिगो भराउने कार्य गर्नु भनी सुनसरी जिल्ला अदालतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : बिष्णुप्रसाद उपाध्याय
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल मंसिर २९ गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. WO-०३०६, पमादेश समेत, *नेत्रप्रसाद धिताल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को सचिवालय समेत*

प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा २२ मा बजार संरक्षण अधिकृतको व्यवस्था भएको देखिन्छ । बजार संरक्षण अधिकृतको काम, कर्तव्य अधिकार दफा २४ मा तोकिएको देखिन्छ । दफा २४ को व्यवस्थाअनुसार अन्य कुराको अलावा बजार संरक्षण अधिकृतको काम, कर्तव्य उजूरी लिने, मुद्दाको अनुसन्धान तहकिकात गर्ने र अदालतमा मुद्दा दायर गर्ने पनि देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार बजार संरक्षण अधिकृतको अधिकार अनुसन्धानकर्ता र अभियोक्ताको देखिन्छ । न्यायको सिद्धान्तअनुसार मुद्दा हेर्ने अधिकारी निष्पक्ष र तटस्थ हुनुपर्छ । मुद्दा हेर्ने अधिकारीले आफूसमक्ष परेको मुद्दाको निष्पक्ष निर्णय दिन्छ । मुद्दा हेर्ने

अधिकारी आफैं वादी वा अभियोक्ता बन्न सक्दैन । ऐनले दफा २४ मा अभियोक्ता सरहको बजार संरक्षण अधिकृत र मुद्दा हेर्ने अदालत दफा २(ज) अनुसार नेपाल राजपत्र खण्ड ५८, पुस १४, २०६५, संख्या ३७ बाट तोकेको देखिन्छ । मुद्दा हेर्ने अधिकारी तोक्ने तर बजार संरक्षण अधिकृत नतोक्दा Putting the cort before the horse जस्तो भएकोले दफा २२ अनुसार बजार संरक्षण अधिकृत तोक्न आवश्यक देखिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रि. नं. WO-००७४, उत्पेषणयुक्त परमादेश, *मदन सिँह धामी वि. जिल्ला शिक्षा कार्यालय, दार्चुला समेत*

जुन कसूर अपराधमा कसूरदार ठहरी फैसला भएको हो सो फैसलाउपर पुनरावेदन तहबाट फैसला नहुँदै नैतिक पतन देखिने फौजदारी मुद्दामा सजाय पाएको भन्दै निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरेको मिति २०६०।३।२७ को निर्णय कानूनसम्मत रहेछन् भन्न मिल्ने अवस्था नदेखिने ।

नेपालको अन्तरिम संविधान, २०६३ ले अदालतको आदेश र फैसला सबै सरकारी निकायले पालन गर्नुपर्ने भनी स्पष्ट रूपमा उल्लेख गरेको अवस्थामा जुन मुद्दामा दोषी देखिएको भन्ने आधारमा निवेदकलाई सेवाबाट बर्खास्त गरिएको हो सो मुद्दामा यस अदालत समेतबाट सफाई पाउने ठहरी भएका फैसलाअनुसार सेवामा पुनर्बहाली गराई पाउन निवेदकले दिएको अवस्थामा कानूनमा कुनै अस्पष्टता भए वा अडबड परे निकासाको लागि उपल्लो निकायमा जाहेर गरी लेखी पठाउनु पर्ने र उपल्लो निकायले पनि अल्झिइएको समस्या फुक्ने गरी निर्देशन दिनु पर्नेमा जिल्ला शिक्षा कार्यालय दार्चुला समेतले निवेदकको पुनर्बहालीका सम्बन्धमा गरेका कामकारवाही तदनुरूप भएको देखिएन । तसर्थ आरोपित कसूरबाटै सफाई पाइसकेको अवस्थामा यी निवेदक मदनसिँह धामीको आफ्नो सेवामा पुनर्बहाली हुनलाई कुनै बाधा नदेखिने ।

कर्तव्य ज्यान मुद्दाबाट यी मदन सिँहले सफाई पाएकोले निवेदकलाई पुनर्बहाली गराई कामकाज गर्न दिनु भनी विपक्षी जिल्ला शिक्षा कार्यालय दार्चुला समेतको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : बासुदेव पौडेल
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल पुस ७ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०२३६, उत्प्रेषण, *विप्लवमान सिँह डंगोल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मालपोत कार्यालयलाई पठाएको पत्रको व्यहोरा हेर्दा हाल साविक गर्दा यकीन गरी जग्गा बढी देखिन आएमा सो जग्गा कट्टी गरी सार्वजनिक गर्नेतर्फ आवश्यक कारवाही गर्नु भन्नेसम्म उल्लेख गरी पत्र पठाएको देखिन आयो । यसरी हेर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफूलाई जानकारी हुन आएको कुरामा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने प्रयोजनका लागि हाल साविक गर्दा यकीन गरी जग्गा बढी देखिन आएमा सार्वजनिक कायम गर्नेतर्फ आवश्यक कारवाही गर्नु भनी सम्बन्धित निकायलाई निर्देशन दिन मिल्ने रहेनछ भन्न मिल्ने अवस्था नदेखिने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।५।५ को निर्णय र तत्सम्बन्धी पत्र, काठमाडौं उपत्यका नगर विकास कार्यान्वयन समितिको रोक्का पत्र र ती पत्रका आधारमा मिति २०६५।६।२९ मा राखेको अभिलेख स्रेस्ता समेतका कामकारवाही त्रुटिपूर्ण नदेखिई कानूनअनुरूपकै देखिँदा उक्त काम कारवाही बदर गरी रहन परेन । तसर्थ निवेदकको मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : बासुदेव पौडेल
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल पुस ७ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको रिट नं. WO-१०४२, उत्पेषणयुक्त

परमादेश, *पिताम्बरध्वज भट्टराई वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ८, २६ तथा गुठी संस्थान ऐन, २०३३ को दफा २७ बमोजिम मोहीले पूरा गर्नुपर्ने दायित्व पूरा गरी मोहीको रूपमा फिल्डबुकमा नाम दर्ता गराएको, अनुसूची १, २, ३, ४ र ७ नं. फाँटवारी भरी पेश गरेको बाली बुझाएको रसिद दाखिल गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन नआएकोले विवादित जग्गा यी निवेदकको मोही हकभोग भित्रको जग्गा रहेछ भन्न मिल्ने अवस्था देखिन नआउने।

कि.नं. ६० को सन्दर्भलाई लिएर कृष्णसुन्दर समेतले गुठी संस्थान शाखा कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा उत्प्रेषणको मुद्दा दिई विचाराधीन रहेकोले सोही कि.नं. का सन्दर्भमा परेको प्रस्तुत निवेदनमा कारवाही गर्न मिल्ने नदेखिँदा कारवाही तामेलीमा राख्ने गरी मिति २०६४।११।८ मा गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिएकोले उक्त निर्णय कानूनविपरीतको नदेखिने।

कि.नं. ६० हाल २५ को जग्गा यी निवेदकको निर्विवाद मोही हकभित्रको हो भन्ने पुष्टि गर्न निवेदकले सबूद प्रमाण पेश गर्न नसकेको, विवादित जग्गाको जग्गाधनी र मोही समेतका अलग-अलग पक्षको अलग-अलग दावी रहेको देखिएको, विवादित जग्गाको बाली बुझाएको भर्पाई, भूमिसम्बन्धी ऐन, २०२१ को अनुसूची १, २, ३ ४ र ७ नं. बमोजिमको फाँटवारी निवेदकले पेश गरेको नदेखिएको, नापीका बखत उक्त जग्गा पर्ति देखिन गई मिति २०४४।९।५ को निर्णयानुसार नेपाल सरकारका नाउँमा दर्ता भई सोअनुसार जग्गाधनी स्रेस्ता प्रमाण पूर्जा तयार भएको देखिएको, आफ्नो मोहीहकको जग्गाधनी परिवर्तन भै अर्कैको नाउँमा जग्गा दर्ता भएको दावी गर्ने हो भने समयमै सम्बन्धित निकायमा उजूरबाजूर गरी आफ्नो मोहीहकको सुरक्षा गर्न सक्नुपर्ने।

इजलास अधिकृत : बासुदेव पौडेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल पुस १६ गते रोज ६ शुभम्।

१७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको रिट नं. WO-०२३७, उत्प्रेषणयुक्त परमादेश, *सुन्दरकृष्ण श्रेष्ठ समेत वि. मालपोत कार्यालय, चावहिल समेत*

विवादित कि.नं. ६० का सम्बन्धमा अलगअलग व्यक्तिको अलगअलग दाबी भै यी निवेदकहरूको हक स्थापित हुन नसक्ने देखिएको उक्त जग्गाको फिल्डबुक र जग्गाधनी स्रेस्ताबाट जग्गाधनीमा नेपाल सरकार रहेको भन्ने देखिएको, दावी गरेको जग्गा निवेदकहरूको हकभोगभित्रको हो भन्ने तिरो तिरेको रसिद समेतका अन्य कागजातबाट नदेखिएकोले विवादित जग्गा यी कृष्णसुन्दर श्रेष्ठ समेतको हकभोगभित्रको रहेछ भन्न मिल्ने अवस्था नदेखिने।

कि.नं. ६० को जग्गा फिल्डबुक र जग्गाधनी स्रेस्ता प्रमाणपूर्जा समेतका कागजातबाट नेपाल सरकारको देखिएको अवस्थामा सो जग्गा आफ्ना नाउँमा दर्ता गरिपाऊँ भनी यी निवेदकहरूले दिएको निवेदन तामेलीमा राख्ने गरी मालपोत कार्यालयबाट भएको निर्णयलाई अन्यथा भन्न मिलेन। तसर्थ माथि उल्लेखित आधार बुँदाबाट मालपोत कार्यालयबाट भएका निर्णय र तत्सम्बन्धी काम कारवाहीमा कुनै कानूनको त्रुटि नदेखिँदा ती निर्णय र कामकारवाही कानूनसम्मत् नै देखिने।

कि.नं. ६० को जग्गा नेपाल सरकारकै हक स्वामित्वभित्रको हो भन्ने देखिन आएको र मालपोत कार्यालयबाट मिति २०४४।४।१४ र मिति २०६४।४।२४ मा भएको निर्णय कानूनअनूरूपकै देखिन गएकोले नापी भएको मितिले ४० वर्षपछि र सरकारको नाममा दर्ता गर्ने निर्णय भएको मितिले २३ वर्षभन्दा बढी लामो विलम्ब गरी आएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत : बासुदेव पौडेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल पुस १६ गते रोज ६ शुभम्।

१८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको दे.पु.नं. ००८९, निषेधाज्ञा परमादेश, *डा. मनोजलाल वि. जिल्ला विकास समितिको कार्यालय सन्धिखर्क समेत*

नागरिकबाट कर उठाउने विषय कानूनद्वारा निर्देशित हुने विषय हो कानूनबमोजिम बाहेक कर असूल

गर्न पाइदैन । यो न्यायको मान्यता हो । यसमा विवाद हुँदैन । विपक्षी जिल्ला विकास समिति र नारायणप्रसाद अर्यालबीच आ.व. २०६१।६२ को लागि विभिन्न कर असूलीका लागि ठेक्का सम्झौता भएकोमा उक्त सम्झौताको अवधि समाप्त भैसकेको देखिन्छ । यसरी उक्त सम्झौताको अवधिसमेत समाप्त भैसकेको स्थितिमा निषेधाज्ञा तथा परमादेशको आदेश खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको मिति २०६३।३।५ को आदेश त्रुटिपूर्ण नदेखिदा सदर हुने ।

इजलास अधिकृत : बिष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

१९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको रिट नं. ०३५६, उत्प्रेषणयुक्त परमादेश, *छत्रमान श्रेष्ठ वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय समेत*

Promoter ले कबुल गरेअनुसारको बैकको पूँजी संकलन नभएकोले नियमनकारी निकायको निर्देशनअनुसार ६ जना सञ्चालकबाट ५ जना कायम गर्ने गरी यी रिट निवेदक समेतको सहमतिमा सञ्चालक समितिको बैठक बसी निर्णय गरेको र नेपाल राष्ट्र बैंकको मिति २०६७।५।२० को निर्देशन बदर माग नगरी सञ्चालकमा निर्वाचित भएका अन्य ५ जना सदस्यहरू समेतलाई विपक्षी नबनाइएको र सञ्चालकको निर्वाचनमा समेत यी रिट निवेदकलाई भाग लिन वञ्चित नगरेको अवस्था विद्यमान देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल माघ ७ गते रोज ६ शुभम् ।

२०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री डा. भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. ०६३-WO-००९६, उत्प्रेषणयुक्त परमादेश समेत, *उत्तमनाथ श्रेष्ठ वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदकलाई कुनै सूचना नदिई सुनुवाईको मौकाबाट समेत वञ्चित गरी गरिएको एकतर्फी निर्णयले निवेदकको प्राकृतिक न्यायको हक समेत उल्लंघन हुन गएको देखिन्छ । यसरी मर्का पर्ने पक्ष निवेदक सरोकारबालालाई बुझ्दै नबुझी सरकारको नाउँमा बाटो जनाई मिति २०५९।४।१७ मा स्रेस्ता खडा गर्ने गरी गरिएको कार्य तथा मिति २०६३।४।१२ मा मालपोत कार्यालय डिल्लीबजारबाट भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकको जग्गामा साविक स्रेस्ता भिडाई आवश्यक जाँचबुझ गरी निवेदक समेतलाई बुझी हाल साविकको निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

२१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री डा. भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. ०२१२, उत्प्रेषणयुक्त परमादेश, *फेकुलाल यादव वि. पुनरावेदन अदालत, राजबिराजसमेत*

निवेदकले आफैं लिखतको नक्कल लिई थैली थाह भएकोमा उल्लिखित व्यवस्थाबमोजिम थैली र रजिष्ट्रेशन दस्तूर समेत धरौट राख्नु पर्नेमा नराखेको देखिएको हुँदा मालपोत कार्यालय सप्तरीले मिति २०६३।४।१६ मा गरेको दरपीठ आदेश र सो लाई सदर गरेको पुनरावेदन अदालत राजबिराजको मिति २०६३।४।२३ को आदेश कानून प्रतिकूल नहुँदा सदर भै प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

२२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको रिट नं. ००३५, बन्दीप्रत्यक्षीकरण, *राकेशकुमार शाह वि.कारागार कार्यालय, नख्खु ललितपुर समेत*

निवेदकको उमेर जाँच हुँदा पाटन अस्पतालको डेन्टल डिमार्टमेन्टको मिति २०६६।१०।१७ को उमेर परीक्षण प्रतिवेदनमा Dental age completed 16 years भन्ने उल्लेख भएको आधारमा निवेदकको उमेर १६ वर्ष

नाघेको भन्ने प्रमाणित भएको छ । उमेरको सम्बन्धमा डाक्टरको परीक्षण अकाट्य प्रमाण मानिन्छ । निवेदक जिकीर निवेदक १६ वर्ष उमेर पूरा नभएकोले थुनामा राख्न मिल्दैन भन्ने हो तर निवेदकले आफू १६ वर्ष पूरा नभएको प्रमाण पेश गर्न नसकेको तर डाक्टरको जाँचबाट निवेदकको उमेर १६ वर्ष पूरा भएको भन्ने देखिएको हुँदा निवेदकको थुना गैरकानूनी थुना देखिन नआउने ।

इजलास अधिकृत : बिष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. ०५९३, लिखत बदर, *वसनारायण महर्जन वि. अशोक महर्जन*

कि.नं. ७९ को अंश मुद्दाबाट वादीको अंश हककायम हुन आई कार्यान्वयनको अवस्थामा रहेको वादी दावीको जग्गा उक्त अंश मुद्दा चल्दाचल्दैको अवस्थामा हक हस्तान्तरण भएउपर लिखत बदर मुद्दा चलिरहेको अवस्थामा विभिन्न समयमा तह तह हस्तान्तरण हुँदै आएको देखिनाले यस्तो व्यवहार सदर हुन्छ भन्न नमिल्ने ।

अदालतमा मुद्दा परी विचाराधीन रहेको अवस्थामा प्रतिवादीहरू बीच लिनुदिनु भएको र प्रतिवादी राधिका जोसीले प्राप्त गरेको लिखतको स्रोत नै कायम नरही बदर भएको अवस्थामा वादीको मञ्जूरी वेगर निज प्रतिवादी राधिका जोसीबाट यी प्रतिवादी वसनारायणले प्राप्त गरेको लिखतले पनि कानूनी मान्यता पाउन नसक्ने ।

इजलास अधिकृत : कमलराज विष्ट

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल कार्तिक ७ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०५९२, लिखत बदर, *वसनारायण महर्जन वि. अशोक महर्जन* भएको मुद्दामा यसैअनूरूप निर्णय भएको छ ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ८९२५, लेनदेन, *हरिप्रसाद शेरचन वि. दुर्गाबहादुर खत्री*

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका लेखा तथा रेखा विशेषज्ञ पियुषमान शाक्यको प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम यस अदालतसमक्ष मिति २०६७।६।२० मा बकपत्र हुँदा निज विशेषज्ञले दिएको प्रतिवेदनमा उल्लेख भएका व्यहोरालाई समग्र रूपमा पुष्टि हुने गरी बकपत्र भएकोमा पुनरावेदकबाट त्यसलाई जिरह गरी अन्यथा प्रमाणित गराउन सकेको देखिएको छैन । यस्तो अवस्थामा मिति २०४६।९।३ मा भएको भनिएको प्रत्यर्थी वादीको दस्तखत कीर्ते गरेको पुष्टि हुन आयो । वादी दावीबमोजिम साँवा रू. २०,०००।- र सोको कानूनबमोजिमको ब्याज समेत पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादीलाई बुझाएको नदेखिँदा दावीबमोजिमको साँवा ब्याज पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादीलाई तिर्न बुझाउन पर्ने ठहऱ्याएको शुरू बाग्लुङ जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बाग्लुङको मिति २०६१।११।४ को फैसला मुनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत : खड्ग अधिकारी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल कार्तिक १४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६२ सालको दे.पु.नं.९५९४, दाखिल खारेज, *जगमनिया देवीको मुद्दा सरकार गर्ने कन्तलाल राय यादव वि. नन्दलाल राय यादव समेत*

प्रमाण बुझी ठहर गर्नुपर्ने प्रकृतिका हकवेहकको विषयमा सवुद प्रमाण बुझी निर्णय गरी मृतक जगमनियाको अपुताली कसले पाउने हो भन्ने कुरा सम्बद्ध तथ्य प्रमाणहरू र कानूनको विश्लेषण गरी निर्णय निष्कर्षमा पुग्नुपर्ने प्रस्तुत मुद्दाको विषयवस्तु देखिँदा यस्तो विषयमा मालपोत कार्यालयले अपुताली हक सम्बन्धमा निर्णय गरेको अधिकारक्षेत्रको अभाव देखिँदा उक्त निर्णय बदर गरी हकवेहकमा अदालतमा जाने सुनाई दिने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

इजलास अधिकृत : कमलराज विष्ट

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल कार्तिक ९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६६-WO-१०४३, उत्प्रेषणयुक्त परमादेश, *गौर राइस आयल एण्ड फ्ल्योर मिल्स (नेपाल) लि.वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

लागू भैरहेको कानूनी व्यवस्थालाई कुनै मतलव नराखी विभागीय मन्त्रीले प्रस्ताव पेश गरेकै भरमा क्षतिपूर्ति नदिई कसैको नामको जग्गा सरकारको नाममा दर्ता गर्ने क्रिया कानूनको शासनको वर्खिलाप हुन जाने देखिन्छ । यद्यपि नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफमा कानूनले निर्धारण गरेको कार्यविधिको पालना गरी क्षतिपूर्ति प्राप्त गर्ने हक सुरक्षित रहेको भन्ने उल्लेख गरेको देखिन्छ । संविधानले नै क्षतिपूर्ति दिइने ग्यारेन्टी गरी सो दिने कर्तव्य राज्यलाई तोकिदिएको अवस्थामा जग्गावाला व्यक्तिले नै कानूनले तोकिदिएको कार्यविधि पालना गरी क्षतिपूर्ति खोज्नुपर्ने भन्नु संवैधानिक भावनाको विपरीत भै राज्यले स्वेच्छाचारिताको नमूना प्रस्तुत गरेको र संविधानले उपलब्ध गराएको मौलिक हकको हनन् गरेको देखिन आउने ।

प्रचलित कानूनको पालना नगरी वा कानूनी प्रक्रियालाई पन्छाएर सरकारद्वारा व्यक्तिको सम्पत्तिको अधिकारमाथि खेलवाड गरिन्छ, सम्पत्ति खोसिन्छ र पीडित पक्षले कानूनको सहारा लिँदै यस अदालतमा न्यायको पुकार गर्दछ भने न्याय दिलाउन अदालत सदैव क्रियाशील रहने गर्दछ । यो सबैले मनन गर्ने कुरा हो । कानूनी शासनमा कानूनको सर्वोच्चता स्वीकार गरिने हुँदा राज्य, सरकारबाट निष्पादित क्रियाकलापहरू उपर विवाद उठाइएमा ती क्रियाकलापहरूलाई कानूनको कसीमा राखेर दाँजिने हुँदा सरकारबाट निस्पादित कार्यहरू कानूनअनुरूप नभएको खण्डमा त्यस्ता कार्यलाई अदालतले प्रोत्साहन र मान्यता दिने अवस्था आउन नसक्ने ।

इजलास अधिकृत :दीपककुमार दाहाल
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल पौष ८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. ०६३-CI-१०२१, निषेधाज्ञा, *राजकृष्ण प्रजापती वि. विशाल दनुवार राई समेत*

भन्सार विभागले आफ्नो सामान लिलाम बढाबढ गरी प्राप्त गर्ने व्यक्तिलाई यथास्थितिमा बुझाई दिनुपर्ने हुन्छ । लिलाममा प्राप्त सामान यी विपक्षीहरूको जिम्मामा नै राखिएको हो भन्ने कुनै तथ्ययुक्त प्रमाण देखिएको अवस्था छैन । लिलामको टेण्डर आह्वान गर्ने निकायमा नै सकार गरेको सामान सकार गर्ने व्यक्तिलाई यथास्थितिमा दिलाउनु बुझाउनु पर्ने जिम्मेवारी रहन्छ । प्र.द.नं. २००४४, २००४५ र.नं.२५०६३६ मिति २०६३।१।१३ बाट लाग्ने सम्पूर्ण महसूल बुझाई राजकृष्ण प्रजापतीले लैजानु भएको स्काईभेटरको फोटो भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका भन्सार अधिकृतबाट उक्त स्काईभेटर बुझाई प्रमाणित गरिराखेको कागजातको छायाँप्रति पुनरावेदन अदालतको मिसिलमा संलग्न रहेको देखिन आयो । साथै पुनरावेदक राजकृष्ण प्रजापतीले यस अदालतबाट तोकिपाएको मिति २०६४।१०।१५ गतेको तारिख गुजारी बसेको र ऐन नियमले थाम्ने थमाउने म्याद समेत व्यतीत भैसकेको अवस्था पनि रहेछ । यसरी निवेदन जिकिरको सामान विपक्षीसँग रहेको भन्ने नदेखिएको र निवेदकले भन्सार कार्यालयबाट उक्त सामान बुझिसकेको भन्ने देखिएको स्थितिमा निषेधाज्ञा जारी गर्न नपर्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल पुस १९ गते रोज २ शुभम..

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०६३-CI-०९५७, निषेधाज्ञायुक्त परमादेश, *प्रसिद्ध शम्शेर ज.व.रा. वि. मालपोत कार्यालय, डिल्लीवजार समेत*

कानूनबमोजिम मालपोत कार्यालयलाई भएको कानूनी व्यवस्थाको अधीनमा रही निवेदन लिने र प्रचलित कानूनी व्यवस्थाबमोजिमको क्षेत्राधिकारभित्र रही गर्न लागेको कामको विषयमा हस्तक्षेप गरी बीच अवस्थामा नै मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरी मालपोत कार्यालयको कामकारवाही रोक्न उपयुक्त नहुने ।

जुन विषयको कारबाही रोकी पाऊँ भनी निवेदकले निवेदन जिकीर लिएको छ सो विषयको मुद्दामा भएको निर्णयउपर दोहोऱ्याई हेरी पाऊँ भनी निवेदकले

दिएको निवेदनमा यस अदालतबाट तोकिपाएको मिति २०६७।७।१६ को तारिख गुजारी बसेकोले आजै तामेलीमा रहेको हुँदा त्यससम्बन्धी पुनरावेदन अदालतको निर्णय अन्तिम भैरहेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६६-WO-०६४०, उत्प्रेषणयुक्त परमादेश, *पार्वतीकुमारी साह वि. उमेशप्रसाद सिंह समेत*

शिक्षक नियुक्तिका सम्बन्धमा चित्त नबुझेको आफ्नो कुरा निवेदकले जिल्ला शिक्षा कार्यालयमा राखी सकेकोमा सो कार्यालयबाट छानबीन गरी आवश्यक निकासा दिन नसक्ने भन्ने पनि देखिन आउँदैन । निवेदकको उजूरीको विषय सम्बन्धित निकाय जिल्ला शिक्षा कार्यालयमा विचाराधीन रहिरहेकोमा यस अदालतको असाधारण अधिकारको प्रयोगको क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६५ सालको रिट नं. ०८१२, उत्प्रेषणयुक्त परमादेश, *मोतीसरा जैसी वि. जिल्ला हुलाक कार्यालय, दैलेख समेत*

निवेदिकाले निजामती सेवा ऐन, २०४९ को दफा ३९घ ले स्पष्ट व्यवस्था गरेको विशेष आर्थिक सुविधाको रकम माग गरेको र उक्त रकम प्रदान गर्ने भनी विपक्षी अर्थ मन्त्रालयबाट मिति २०६४।३।९ मा निर्णय भैसकेकोमा पुनः उल्लिखित कानूनी व्यवस्था र आफ्नो पूर्व निर्णयविपरीत हुने गरी बीमा बापतको रकम विशेष आर्थिक सुविधामा परिणत भएको अर्थ गरी उक्त रकम निवेदिकाले प्राप्त गरिसकेको भनी निष्क्रिय भैसकेको अध्यादेशको आधार लिएको नेपाल सरकार अर्थ मनत्रालयको जिकीरलाई न्यायोचित मान्न नमिल्ने ।

निजामती सेवा ऐनको दफा ३९घ बमोजिम निवेदिकाले पाउनु पर्ने रकमका सम्बन्धमा स्पष्ट रकम किटी, निकासा समेत दिएर पाउने कुरा निश्चित गरी भुक्तानीको व्यवस्था मिलाई त्यस्तो अवस्था परेको व्यक्तिलाई सघाउनु पर्नेमा सो विपरीत रकम प्रदान गर्न आलटाल गरेको देखिएकोले विपक्षी नेपाल सरकार, अर्थ मनत्रालयको मिति २०६५।५।५ को निर्णय आदेश र सोसँग सम्बन्धित पत्राचार स्वीकार्य देखिन नआउँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निजामती सेवा ऐन, २०४९ को दफा ३९घ बमोजिम निवेदकले पाउने विशेष आर्थिक सुविधाको रकम मागबमोजिम जिल्ला हुलाक कार्यालय, दैलेख मार्फत् भुक्तानी दिने व्यवस्था गरी उपलब्ध गराउनु भनी विपक्षी अर्थ मन्त्रालय समेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको रिट नं. ३३३५, उत्प्रेषण समेत, *राजेशप्रसाद घिमिरे वि. बंशगोपाल उच्च माध्यमिक विद्याललय, हेटौंडा समेत*

निवेदक मिति २०६२।१।०१२ मा बिदा स्वीकृत नगराई लगातार ३० दिनसम्म विद्यालयमा अनुपस्थित रहेको कारण विपक्षी विद्यालय व्यवस्थापन समितिले तय गरेबमोजिमको कार्यविधि अवलम्बन गरी उच्च माध्यमिक शिक्षा नियमावली, २०५२ को नियम १०(२) को खण्ड (क),(ख) ले व्यवस्थापन समितिलाई दिएको अधिकार प्रयोग गरी व्यवस्थापन समितिको मिति २०६२।११।३ को निर्णयबमोजिम निवेदकलाई मिति २०६२।११।४ देखि पदबाट हटाउने गरी गरेको मिति २०६२।११।३ को निर्णय उच्च शिक्षा ऐन तथा नियमावलीबमोजिम नै भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन, प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको रिट नं. ०६३-WO-१११७, उत्प्रेषण समेत, *दीपेन्द्र बिक्रम थापा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

तलवी अध्ययन बिदा स्वीकृति भई विदेश स्थित विश्वविद्यालयमा अध्ययन गर्न गएका निवेदकलाई पूर्व जानकारी नदिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट छानबीन गर्न लेखी आएको भन्ने आधारमा निवेदकको स्वीकृत बिदा बेतलबी बिदामा परिणत गरेको विपक्षीको कार्य प्राकृतिक न्याय सिद्धान्तको विपरीत देखियो । विपक्षी निकायको निर्णयबाट असर पर्ने सरोकारबाला पक्ष निवेदकलाई आफ्नो कुरा भन्ने मौका दिनु पर्ने प्राकृतिक न्याय सिद्धान्तको मर्म हो र प्राकृतिक न्याय सिद्धान्तलाई प्रत्येक सार्वजनिक निकाय र निर्णयकर्ता अधिकारीले पालन गर्नुपर्ने हुन्छ । निवेदकको हकमा विपक्षीद्वारा सो सिद्धान्तको उल्लंघन गरी निवेदकलाई सूचनासम्म नदिई निवेदकको बिदा परिणत गरेको कार्य प्राकृतिक न्याय सिद्धान्तको विपरीत भई बदरभागी भएकोले विपक्षीको मिति २०६१।७।१८ को निर्णय र कामकारवाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको रिट नं. ०६३-WO-१०५१, उत्प्रेषण, परमादेश, *रामसमुझ चमार समेत वि. भूमिसुधार कार्यालय, बाँके समेत*

२०२२ सालमा नै तत्कालीन नेपाल सरकारले भूमिसम्बन्धी ऐनबमोजिम जग्गा जफत गरेको भन्ने देखिएकोले सो मितिबाट करीब ४२ वर्षसम्म चूप लागी तत्पश्चात् प्रस्तुत निवेदन दिएको देखिन आउँदा निवेदकहरू नै आफ्नो हक अधिकारप्रति बेवास्ता गरेर बसेको देखिन्छ । अन्याय परेको धेरै समय व्यतीत भए पनि न्यायका लागि सम्बन्धित पक्षले सतत् प्रयत्न गरेको भए र त्यसबाट प्रभावकारी उपचार पाउन नसकेको भए अदालतले न्यायिक विचार गर्नसक्ने अवस्था रहन्छ । न्यायिक प्रक्रियामा आउन बिलम्ब हुनुको वस्तुनिष्ठ आधार कारण समेत प्रस्तुत गरी अदालतलाई विश्वास दिलाउन सकेको स्थितिमा अदालतले तत्सम्बन्धमा विचार गर्न नसक्ने होइन । तर प्रस्तुत विवादमा त्यस्तो आधार र कारण खुलाउन सकेको नदेखिई चूप लागेर बसेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदन नै खारेज हुने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ २३ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६६ सालको दे.पु.नं. ०१७२ निषेधाज्ञा, *अमानत हुसैन शेष खाँ वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय बाँके समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको रिट निवेदन नम्बर-०६४-WO-०५९९, उत्प्रेषण, *थम्मलाल शर्मा वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय समेत*

निवेदकले रोक्का फुकुवाको लागि निवेदनमा माग गरेको विषयमा नेपाल राष्ट्र बैंकबाट मिति २०६४।१०।८ मा नै शेयर सुरक्षण राखी प्रवाह हुने कर्जाको रोक्का फुकुवा भैसकेको परिपत्रको प्रतिलिपिबाट देखिँदा मागबमोजिम केही गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१-WO-३१९६, उत्प्रेषणयुक्त परमादेश, *विशाल बजार कम्पनी लि. वि. प्र.मं. तथा मन्त्रिपरिषद् कार्यालय समेत*

विवादमा आफैंले स्वीकारीसकेको तथ्य लुकाई पर्न आएको रिट निवेदन सफा र शुद्ध हात लिई दायर हुन आएको पाइएन । तसर्थ सफा र शुद्ध हात नलिई दायर भएको रिट निवेदनका माध्यमले चुनौती दिएको सम्पत्तिको मूल्याङ्कन गरी सो बापत् कम्पनीको शेयर आफूले लिने श्री ५ को सरकार (नेपाल सरकार) को

२०६१।५।७ को निर्णय र २०६१।५।१५ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंको पत्र लगायत त्यससँग सम्बन्धित निर्णय, पत्र लगायतका सम्पूर्ण कामकारवाही बदर हुन सक्दैनन् यसो हुँदा निवेदन दावीबमोजिम उत्प्रेषण जारी गरिरहनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ।

सरकारी सम्पत्तिको लाभको प्रतिफल समस्त नागरिकले पाउनु पर्ने हुन्छ । यस्तो सम्पत्ति निःशुल्क उपभोग गरिरहन कसैले पाउनु न्यायका दृष्टिले उचित हुँदैन । ढिलाइले सम्पत्तिको मूल्यवृद्धि हुने र समस्या समाधानमा थप जटिलता उत्पन्न हुने हुँदा निवेदकले नै नेपाल सरकारको स्वामित्वको भनी स्वीकारेको र सरकारले पनि ज.रो. ८-४-० भनी स्वीकारी सकेको काठमाडौं महानगरपालिका वार्ड नं. २४ कि.नं. १९२ को जग्गामध्ये ज.रो. ८-४-० को कम्पनीले शुरूदेखि नै प्रयोग र भोगचलन गरेको सन्दर्भ समेतलाई आधार लिई उक्त जग्गाको मूल्य बराबरको शेयर नेपाल सरकारले पाउनेपर्ने गरी यी कार्य शीघ्र सम्पन्न हुन आवश्यक भएकाले प्रचलित कम्पनी कानून,२०६३ र धितोपत्र कारोवार ऐन, २०४० अनुसारको प्रक्रियाअनुरूप निर्णय हुने कुरामा शंका गरिरहनु नपर्ने हुँदा पुरानो विषय भएकाले यो आदेश प्राप्त गरेका मितिले ६ महिनाभित्र यथोचित निर्णय लिई सो निर्णय कार्यान्वयन गर्नु भनी विपक्षीको नाममा यो परमादेश जारी हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०४३६, उत्प्रेषणयुक्त परमादेश, *बच्चा शाह वि.दानालाल साह समेत*

मुलुकी ऐन लेनदेन व्यवहारको महलको ८ नं.मा मुख्य भै कामकाज गर्ने व्यक्तिले गरेको व्यवहार वा एकाघरको उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको व्यवहारमात्र गोश्वारा धनबाट चल्ने कानूनी व्यवस्था रहेकामा घरको मुख्य बाबुको रूपमा रहेको बच्चा साहका मञ्जूरी नलिई महेन्द्रप्रसाद साहले लिएको ऋणमा सगोलको ऋणीको बाबुका कि.नं. १९७ को जग्गा रोक्का राखी बिगोमा कारवाही चलाउने विपक्षी सप्तरी जिल्ला अदालतको कार्यलाई कानूनअनुरूपको मान्न नमिल्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३३२२, उत्प्रेषण, *रामनारायण कामैत वि.चन्द्रेश्वर कामैत समेत*

सर्वोच्च अदालतबाट निवेदक तथा विपक्षीहरू बीच चलेको मुद्दामा भएको आदेशविपरीत हुने गरी फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदारबाट मिति २०६०।१०।२५ मा भएको आदेशलाई सदर कायम राखी गरेको सिरहा जिल्ला अदालतका न्यायाधीशबाट मिति २०६१।५।१० मा भएको आदेशलाई कुनै परिवर्तन गर्नु नपर्ने गरी भएको मिति २०६१।७।२० को पुनरावेदन अदालत राजविराजको आदेश प्रचलित कानून र सर्वोच्च अदालतबाट यस सम्बन्धमा प्रतिपादन भैरहेको सिद्धान्त समेत विपरीत भै त्रुटिपूर्ण हुँदा ती सबै आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निवेदकको मागबमोजिमको यस अदालतका मिति २०५२।३।२१ को फैसलाबमोजिम नै फैसला कार्यान्वयन गर्नु भनी विपक्षी जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : हरिहर पौड्याल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गौरी ढकाल,** रिट नं. ०६४-WO-०२२०, उत्प्रेषण समेत, *अमृतसिं तामाङ समेत वि. अमरबहादुर तामाङ समेत*

काभ्रेपलाञ्चोक जिल्ला अदालतले मिति २०६४।४।२९ मा गरेको आदेशमा लिलाम बदर भएकोले धरौटी रहेको रकम अमरबहादुर तामाङलाई बुझाई दिने भन्ने समेत उल्लेख गरेको पाइन्छ । जबकि लिलाम बदरसम्बन्धी नालेस सो मितिसम्ममा र हालसम्म उक्त अदालतमा विचाराधीन रहेको अवस्था छ । आफ्नो

अदालतमा विचाराधीन रहेको सो मुद्दाको निर्णयमा नै प्रत्यक्ष र प्रतिकूल प्रभाव पर्ने गरी लिलाम बदर भएको भन्ने अंश कानून विपरीत रहेकोले सोलाई बदर गरेको पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न मिलेन । जहाँसम्म रोक्का राखेको जग्गा फुकुवा गर्दा विचाराधीन मुद्दामा सन्निहित सम्पत्तिको हकाधिकार प्रभावित हुन सक्ने हुँदा सो रोक्का राख्ने कार्य लिलाम बदर मुद्दाको रोहमा अ.ब. १७१(क) नं. बमोजिम पनि हुन सक्ने अवस्था हुँदा अ.बं. १७ नं को रोहमा पुनरावेदन अदालतबाट रोक्का फुकुवा गरेको कार्य त्रुटिपूर्ण देखिन्छ । तर मिति २०६४।४।२९ को आदेशका सम्बन्धमा उक्त मिति २०६४।५।५ को आदेशलाई अन्यथा भन्न नसकिने हुँदा सो आदेशबाट निवेदकको संविधानप्रदत्त हकमा प्रतिकूल असर परेको नहुँदा मागबमोजिम मिति २०६४।५।५ को आदेशमा उल्लिखित मिति २०६३।११।२३ को आदेशलाई बदर बाहेक २०६४।४।२९ को आदेशलाई बदर गरेको देखिँदा मागबमोजिमको रिट जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल असार २९ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको रिट नं. ०६४-WO-०२११, उत्प्रेषण/परमादेश समेत, *दीर्घसिं तामाङ वि.अम्बरबहादुर तामाङ समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६६-WO-२४६, परमादेश, *कमलेश यादव वि. नेपाल दूर सञ्चार कम्पनी लिमिटेड के.का. समेत*

जुन जरियाबाट निवेदकउपर विभागीय कारवाही गरी तह घटुवा गरिएको हो सो जरिया नै समाप्त भइसकेको सन्दर्भमा निजलाई चौथो तहबाट तेस्रो तहमा घटुवा गरेको निर्णय पनि स्वतः शून्य भएको हुँदा यी निवेदक कमलेश यादवलाई पूर्ववत चौथो तहमा पदस्थापन गरी कम्पनीको विनियमावलीअनुसारको सो अवधिको तलब, भत्ता लगायतका सुविधाहरू दिनु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको फौ.पु.नं. ३५९५, आयकर, *विदुरकुमार कोइराला वि. कर फछ्र्यौट आयोग २०६०, (आन्तरिक राजस्व विभाग ठूला करदाता कार्यालय, लाजिम्पाट, काठमाडौं)*

पुनरावेदक करदाताले उद्योगले पुनः लगानी बापत छूट भनी आ.व. २०५१।०५२ र आ.व. २०५२।०५३ मा जम्मा रू. ८६,५१,७१४।- खर्च कट्टीको सुविधा उपभोग गरेको भनी पुनरावेदकले दावी गरेको कुरालाई कर फछ्र्यौट आयोगले आफ्नो निर्णयमा अन्यथा भन्न सकेको अवस्था पाइएन । औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम त्यस्तो खर्च कट्टी गर्न पाउने सुविधा उपभोग गरेको रकम उद्योगको स्थिर सम्पत्तिमा घटाउनु पर्ने व्यवस्था आयकर ऐन, २०३१ र औद्योगिक व्यवसाय ऐन, २०४९ ले समेत नगरेको अवस्थामा विगतमा उपभोग गरेको सुविधा रकम घटाउनु पर्ने कानूनी व्यवस्थाको अभाव देखिएको र लेखा परीक्षणबाट प्रमाणित सम्पत्तिलाई न्यून गरी ह्रास कट्टी खर्चमध्ये रू. ६,८७,८११।०० खूद आयमा समावेश गर्ने गरेको कर फछ्र्यौट आयोगको निर्णय समेत मिलेको नदेखिने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर अधिकृत : विदुषी रायमाझी

इति संवत् २०६७ साल जेठ ३१ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३६४७, उत्प्रेषणयुक्त परमादेश समेत, *मायादेवी अधिकारी वि. मालपोत कार्यालय मोरङ, बिराटनगर समेत*

एउटै प्रकृतिको विवादको विषयमा यस अदालतको पूर्ण इजलासबाट भएका फैसलामा फरक फरक सिद्धान्त प्रतिपादित भई असमञ्जस्यता उत्पन्न भैरहेको अवस्थामा यस संयुक्त इजलासबाट दुबै फरक फरक सिद्धान्तमध्ये कुनै एक सिद्धान्तलाई आधार मानी प्रस्तुत विवादको निरोपण गर्दा उपरोक्त पूर्ण इजलासका कुनै एक नजीर प्रतिकूल हुन गै नजीर समेतको पुनरावलोकन हुनजाने हुँदा यस विषयको निरूपण पूर्ण इजलासबाट हुन वाञ्छनीय देखिएकोले पूर्ण इजलासका निर्णयमध्ये कुन व्याख्यान मार्गदर्शक हुने हो र अनुशरण

गर्नुपर्ने हो ? सोको निराकरण र निरूपण संयुक्त इजलासबाट गर्न नमिल्ने भै जटिल कानूनी प्रश्न उपस्थित भएको हुँदा सोको अन्तिम र साधिकार निरूपणको लागि प्रस्तुत रिट निवेदन सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(घ) बमोजिम पूर्ण इजलास समक्ष पेश गर्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको दे.पु.नं. ८९२८, ८९२९, हिनामिना गरी प्रा.लि. लाई पुऱ्याएको नोक्सानी बिगो दिलाई भराई पाऊँ, *श्रीप्रसाद थेवे वि. दीपककुमार मियाङबो लिम्बु, दीपककुमार मियाङबो लिम्बु वि.श्रीप्रसाद थेवे*

उद्योगको वार्षिक साधारण सभाबाट विभिन्न व्यक्तिहरूका नाममा रहेको बेरूजुमध्ये कम्पनीको हिसाबबाट घटाउने Writeoff गर्ने भनी मिति २०५४।६।५ मा निर्माण गरेको मिसिलसाथ पेश भएको कम्पनीको उक्त मिति २०५४।६।५ को साधारण सभाको बैठकको निर्णय फोटोकपी समेतबाट देखिन्छ । कसैका नाममा रहेको बेरूजु छूट वा मिनाहा दिन वा घटाउन सम्बन्धित व्यक्तिहरूकले माग नै गर्नुपर्ने अन्यथा कम्पनीको साधारणसभाको यस्तो अधिकारनहुने भन्न मिल्दैन, यदि यस्तो हो भने कम्पनीको साधारणसभाको उक्त Writeoff गर्ने निर्णयउपर यी वादीले चुनौती दिई बदर गर्न सक्नुपर्नेमा सो गर्न सकेको समेत नदेखिएको हुँदा कम्पनीको साधारण सभाबाट Writeoff गरेको रू. १५,५९,८३७८५ लाई प्रतिवादीले हिनामिना गरेको वा अन्यथा गरेको ठहऱ्याउन न्यायोचित नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ भदौ २८ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** ०६३-CI-०२०६, निषेधाज्ञा, *ललकी देवी सरदार वि. केशरीराज पन्त*

निवेदकले जुन स्थानमा साविकदेखि प्रयोग भई आएको निकास बाटो भएको भनी दावी लिएको छ सो स्थानमा कुनै बाटो रहेको छ भन्ने कुरा सर्भे नापीको नक्साबाट र अदालतबाट भई आएको नक्सा मुचुल्का समेतबाट देखिँदैन । परापूर्वकालदेखि हिंडी आएको बाटो वा निकास कसैले रोक्नु हुँदैन भन्ने कानूनी व्यवस्था रहेको छ, तर पुनरावेदकले देखाएको स्थलमा अघिबाट कुनै बाटो नै रहेको नदेखिएकोमा अन्य व्यक्तिको जग्गाबाट निजले बाटो पाउने र अदालतले दिलाई दिने अवस्था नहुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ६४२, निषेधाज्ञा परमादेश, *सुलोचनादेवी प्रधान वि. नेपाल बैंक लि. समेत*

विपक्षी बनाउन पर्ने निकायहरूलाई विपक्षी बनाउन नसेकेको र आँफैले मंञ्जूरनामा गरी पारित गरिदिएको लिखित समेतलाई अन्यथा भन्न वा प्रमाणित गराउन नसकेको अवस्थामा लिएको ऋण असूल नभएपछि प्रधान कार्यालयको पत्रादेश अनुरूप कर्जा असूल गर्ने प्रयोजनार्थ राखेको सुरक्षण धितोलाई बैंकले फुकुवा नगरेको कार्यबाट निवेदिकाको कानून प्रदत्त हकाधिकार हनन् भएको मानी दावीको जग्गा फुकुवा गरिदिनु भनी परमादेश जारी गर्न कानूनसम्मत देखिन आएन । त्यस कारणले निवेदिकाको जग्गा सुरक्षण राखी लिएको ऋण तिर्न बुझाउन बाँकी नै रहेको देखिएको, लिलामसम्बन्धी प्रक्रिया बढाउन निर्देशन दिएको प्रधान कार्यालयलाई विपक्षी नबनाई प्रस्तुत निवेदन दायर भएको र दावीको जग्गा सुरक्षण दिएको कार्य समेतलाई अन्यथा प्रमाणित गराउन नसकेको अवस्थामा सो कर्जा असूल गर्ने प्रयोजनार्थ सुरक्षण बापत राखेको जग्गाको लिलाम बिक्री लगायतका कार्य बैंकले गर्नसक्ने ।

इजलाश अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर टाइप : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल साउन २८ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ५१२, लिखत दर्ता बदर, *सुरेश महतो उराव वि. गीताकुमारी कर्ण*

अंश मुद्दाबाट आमाको भागमा परेको सम्पति निजको मृत्युपछि निजको छोरी यी वादी गीताले आफ्ना नाममा नामसारी गरी पाउन निवेदन दिई निजका नाममा दा.खा. नामसारी गरी पाउने गरी भएको निर्णय समेतलाई अन्यथा प्रमाणित गराउन नसकेको अन्तिम भएर रहेको अवस्थामा सौतेनी आमा विदेशी कायस्थको अंश भागमा परेको सम्पति निजको छोरीका नाममा दा.खा. नामसारी हुन कारवाही चली रहेको अवस्थामा आफ्नो हकको सम्पत्ति जस्तै गरी अरुलाई हक हस्तान्तरण गरिदिएको कार्यलाई कानूनसम्मत मान्न मिल्ने देखिदैन । त्यसकारण प्रतिवादीहरू बीच भएको सो जग्गाको हक हस्तान्तरण कानूनप्रतिकूल देखिने ।

इजलास अधिकृत : नारायण प्र. पराजुली

कम्प्युटर टाइप : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल साउन २८ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** संवत २०६५ सालको दे.पु.नं. ०९४४, निषेधाज्ञा, *शालिकरामप्रसाद कानू वि. मञ्जुदेवी गुप्ता समेत*

निषेधाज्ञाको आदेश निर्विवाद हक स्वामित्व स्थापित भएको अवस्थामा मात्र जारी गर्न मिल्ने विषय भएकोले प्रस्तुत निषेधाज्ञाको निवेदनबाट सबुद प्रमाण बुझी दावीको घर जग्गा कसको हो, कुन कित्ता नम्बर भित्र पर्दछ भनी इन्साफ गर्न मिल्ने अवस्था देखिएन । त्यस कारण प्रस्तुत मुद्दामा विवादित घर जग्गामा यी पुनरावेदकको निर्विवाद हक स्वामित्व स्थापित हुन नसकेको हुँदा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्पुटर टाइप गर्ने : विदुषी रायमाझी

इति संवत् २०६७ साल साउन २८ रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको दे.पु.नं. ३५१, निषेधाज्ञा परमादेश, *भुवनेश्वरनाथ प्राथमिक विद्यालय इटियाही, विद्यालय व्यवस्थापन समिति वि.शम्भु हजरा*

अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्त पालना नगरी शर्त पालना गर्नु नपर्नेसम्मको कारण लिखित जवाफमा खुलाउन सकेको समेत नदेखिएको अवस्थामा प्रत्यर्थीहरूबाट भएको राहातकोटा नियुक्तिसम्बन्धी काम कारवाहीलाई कानूनसंम्मत् रूपमा भए गरेको मान्न सकिएन । त्यसकारण उक्त राहत शिक्षक नियुक्ति प्रक्रिया जिल्ला शिक्षा कार्यालयको पत्रानुसार पुनः शुरु गर्न उपयुक्त हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटर टाइपः प्रेमबहादुर थापा

इति संवत् २०६७ साउन २८ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ०८३९, निषेधाज्ञा, *उत्पल मिश्रको हकमा किशोरी महतो सुडी वि. रूपकला शर्मा समेत*

दावीको उक्त कि.नं. २५९ को जग्गामा पुनरावेदकको हक कायम हुने नहुने भन्ने विषयमा शुरु रौतहट जिल्ला अदालतको फैसलाउपर पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परी विचाराधीन रहेको र उक्त मुद्दाबाट नै सो विषयमा हकबेहक सम्बन्धमा निर्णय हुने र कसैको स्पष्ट हक कायम भई नसकेको विषयमा निषेधाज्ञाको रोहबाट विचार गर्न समेत नमिल्ने हुँदा र प्रस्तुत निषेधाज्ञा मुद्दाबाट हक वेहक सम्बन्धमा बोल्न समेत नमिल्ने देखिन्छ । यसको अतिरिक्त पुनरावेदकलाई जबर्जस्ती बाली बुझाउन लगाउन र गैरकानूनी ढंगले पक्राउ गर्ने, गराउने जस्ता कुनै कार्य आफू र मातहत कार्यालयबाट नगरेको भनी जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रस्तुत लिखित जवाफ समेतबाट देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न कानूनसम्मत नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर टाइप : प्रेमबहादुर थापा

इति संवत् २०६७ साउन २८ गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ०६६१, निषेधाज्ञायुक्त परमादेश, सरितादेवी उपाध्याय वि. नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी लि. समेत

बीमा समितिको निर्णयउपर पुनरावेदन लाग्ने अवस्था हुँदाहुदै कानूनी मार्ग छाडी परमादेशको निवेदन लिई पुनरावेदन अदालतमा प्रवेश गरेको, रिट क्षेत्रवाट

सबुद प्रमाण बुझी कसले रकम पाउने वा नपाउने भनी निर्णय गर्न नमिल्ने र विपक्षी बनाउनु पर्ने व्यक्ति संगीता काफ्ले समेतलाई विपक्षी बनाउन नसकेको समेतका अवस्थामा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर टाइपः प्रेमबहादुर थापा

इति संवत् २०६७ साउन २८ गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** संवत् २०६४ सालको दे.पु.नं.०३४७, निषेधाज्ञा, *राजेश्वरी अहिरनी समेत वि. निरन्जनकुमार चौधरी*

अचल सम्पत्ति जग्गा जस्तो कुराको हक हस्तान्तरण गर्दा कानूनले व्यवस्था गरेबमोजिम रीतपूर्वक हस्तान्तरण गरेको हुनुपर्छ । प्रस्तुत मुद्दामा निवेदकको नाममा दर्ता स्रेस्ता भएको जग्गा निजले २०२८ सालमै लिखत गरी हाम्रा बाबुलाई बिक्री गरेको थियो भनी उल्लेख गरी विपक्षी तर्फबाट लिखित जवाफ आए पनि सो सम्बन्धमा पुष्टि हुने कुनै सबूद प्रमाण पेश दाखिल गर्न नसकेको अवस्थामा दावीको कि.नं. १०३१ को जग्गा निवेदककै हक स्वामित्वमा रहेको मान्नुपर्ने हुन आयो । त्यस्तै यी पुनरावेदक प्रत्यर्थीले फिराएको लिखित जवाफको व्यहोरा हेर्दा सो जग्गा आफूले खरीद गरी लिएको आफ्नो हो भनी उल्लेख गरेकोले निवेदकलाई जोतभोग गर्न नदिई हस्तक्षेप गर्ने आशंका रहेको भन्ने निजको लिखित जवाफबाटै पुष्टि हुन आएको देखिएको हुँदा सो कुरालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर टाइप : प्रेमबहादुर थापा

इति संवत् २०६७ साउन २८ गते ६ रोज शुभम् ।

१४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०४६९, उत्प्रेषणयुक्त परमादेश समेत, *कोषराज पनेरू वि. शिक्षा मन्त्रालय समेत*

निवेदकले जुन कार्यालयमा आफ्नो पदाधिकार रहेको भनी काज फिर्ताको माग गरेको छ, हाल सो कार्यालयमा निजको पदाधिकार नै नरही निज जिल्ला शिक्षा कार्यालय कैलालीबाट सरूवा भई युवा तथा खेलकुद मन्त्रालयमा निजको पदाधिकार रही कार्यरत् समेत रहेको देखिएको हुँदा आफ्नो पदाधिकार नै नरहेको कार्यालयमा निवेदन मागबमोजिम काज फिर्ता गर्न मिल्ने अवस्था रहेन र कार्यान्वयन नै हुन नसक्ने रिट जारी गर्न समेत नमिल्ने हुँदा प्रस्तुत निवेदनको अब कुनै औचित्य बाँकी रहेको देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-११७६, उत्प्रेषणयुक्त परमादेश, *कोषराज पनेरू वि. शिक्षा मन्त्रालय समेत*

कानूनद्वारा वैकल्पिक उपचारको व्यवस्था गरिएकोमा सोहीबमोजिम सम्बन्धित निकायमा उपचार खोज्न जानु पर्दछ । यी निवेदक सामान्य प्रशासन मन्त्रालयको सरूवा निर्णयउपर कानूनद्वारा तोकिएको मार्ग त्यागी सीधै यस अदालतको रिट क्षेत्रमा प्रवेश गर्न आएकोले वैकल्पिक उपचारको विद्यमानतामा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्पयुटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको फौ.पु.नं. ३७०३, आयकर, *आन्तरिक राजस्व कार्यालय वि. पशुपति सोप इण्डष्ट्रिज प्रा.लि.*

सापटी दिएको रकम कम्पनीको आफ्नो पूँजी वा बैंकबाट लिएको ऋण रकममध्येबाट सापटी दिएको भन्ने नदेखिएको र सो रकम ब्याज लिने शर्तमा दिएको नभई शेयरधनीबाट कम्पनीले निर्ब्याजी सापटी लिएको रकममध्येबाट निज मंगतुराम अग्रबाललाई निर्ब्याजी सापटी दिएको देखिँदा सो रकमको १५ प्रतिशत ब्याज कायम गरी खुद आयमा समावेश हुनुपर्ने भन्ने पुनरावेदन जिकीर मनासिब देखिन आएन । जुन ब्याजको रकम वास्तवमा कम्पनीलाई प्राप्त भएको छैन तथा प्राप्त हुने किसिमको आय भएको पनि नदेखिने हुँदा काल्पनिक आय मानी आयकर गणना गर्ने प्रयोजनका लागि खुद आयमा समावेश गर्नु कानूनअनुकूल हुँदैन । कानूनबमोजिम

बाहेक अवास्तविक आय खुद आयमा सवावेश गर्न नमिल्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ०५८३, उत्प्रेषण परमादेश, *भुवनेश्वरप्रसाद शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० तथा स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ३० बमोजिम अधिकृत स्तरका कर्मचारीको सरूवा गर्ने अधिकार मन्त्रालयलाई मात्र रहेकोमा अधिकारविहीन क्षेत्रीय निर्देशनालयबाट निजको सरूवा गरिएको देखिँदा उपरोक्त कानून तथा प्रतिपादित नजीर सिद्धान्तको आधारमा रिट निवेदकलाई पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट भएको मिति २०६५।१२।३१ को सरूवा निर्णय त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : हरिहर पौडेल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल पुस ४ गते रोज १ शुभम् ।

१८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ०३९८, उत्प्रेषण समेत, *चन्द्रमान शाक्य समेत वि. ललितपुर उपमहानगरपालिका कार्यालय समेत*

निवेदकहरूले बदर गराई माग्न आउनु भएको ललितपुर उप महानगरपालिकाको मिति २०६५।९।८ को निर्णयबाट कि.नं. ८६ र कि.नं. १३५ को जग्गाको हकमासम्म निर्णय भएको देखिँदा सो निर्णयबाट कि.नं. १३५ को जग्गाको हकमासम्म निर्णय भएको देखिँदा सो निर्णयमा कि.नं. ८३ को जग्गाको पाटी उल्लेख भएको नदेखिएबाट निवेदन जिकीरबमोजिम धार्मिक र सांस्कृतिक कुराहरूमा ठेस पुग्ने खालका अवस्था विद्यमान नभएबाट २०६४।५।२८ र २०६५।९।८ को निर्णय तथा २०६६।७।१० र २०६६।७।२७ का पत्रहरू बदर हुने देखिएन, तसर्थ निवेदन मागबमोजिमको आदेश जारी परेन ।

इजलास अधिकृत : हरिहर पौडेल

इति संवत् २०६७ साल पुस ४ गते रोज १ शुभम् ।

१९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-CI-०१७६, ०६१३, ०६१४, अंश चलन, *एल्भा श्रेष्ठ वि. कन्हैयाराज श्रेष्ठ समेत, राजेश श्रेष्ठ समेत वि. एल्भा श्रेष्ठ, इन्द्रप्रभा श्रेष्ठ वि. एल्भा श्रेष्ठ*

वादी एल्भा श्रेष्ठले हाल विश्वम्भरमान प्रधानसँग विवाह गरी निजसँग वैवाहिक सम्बन्ध कायम गरी सकेको अवस्था छ । यी पुनरावेदक वादीले प्रतिवादी राजेश श्रेष्ठ समेतबाट अंश पाउनका लागि निजसँगको वैवाहिक सम्बन्ध यथावत् रही रहन पर्ने र निजले अरूसँग विवाह नगरेको अवस्था हुनुपर्ने हुन्छ । आफ्नो पति, सासू एवं ससुरा समेतउपर अंश मुद्दा विचाराधीन रहेको अवस्थामा अन्य व्यक्तिसँग विवाह गरेपछि प्रतिवादी राजेश श्रेष्ठ र निजको परिवारसँग वैवाहिक सम्बन्ध अन्त्य भई यी वादी एल्भा श्रेष्ठको हाल विवाह भएका पति विश्वम्भरमान प्रधानसँग वैवाहिक सम्बन्ध कायम भएको मान्नुपर्ने हुन्छ । यसरी विश्वम्भरमान प्रधानसँग वैवाहिक सम्बन्ध कायम भएको अवस्थामा पूर्वपति यी प्रतिवादी राजेश श्रेष्ठसँगको अंश हक स्वतः अन्त्य हुने र हालका पति विश्वम्भरमान प्रधानसँग कानूनबमोजिम स्वतः हक स्थापित हुने अवस्था हुन जान्छ । कुनै स्वास्नी मानिसको एक बखतमा एक भन्दा बढी व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम रहन नसक्ने र वैवाहिक सम्बन्धको आधारमा एकभन्दा बढी लोग्नेसँग अंश हक सिर्जना हुन नसक्ने ।

वादी एल्भा श्रेष्ठले प्रतिवादी राजेश श्रेष्ठसँग अंश मुद्दा चल्दाचल्दै अरू व्यक्ति विश्वम्भरमान प्रधानसँग विवाह गरिसकेको निर्विवाद रूपले देखिँदा आफ्नो पूर्वपति र निजको परिवारसँग वैवाहिक सम्बन्ध अन्त्य भई सकेको देखिएको अवस्थामा तथा निजसँग सम्बन्ध बिच्छेद हुने ठहरी फैसला भइसकेको अवस्थामा लोग्ने स्वास्नीको महलको ४क,४ख एवं ४ग नं.को कानूनी व्यवस्थाबमोजिम पूर्वपतिबाट अंश पाउँछ भन्ने कानूनअनुकूल नहुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर अधिकृत : विदुषी रायमाझी

इति संवत् २०६७ साल कात्तिक १० गते रोज ४ शुभम् ।

२०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WH-००१०, बन्दीप्रत्यक्षीकरण, *सुनीलरञ्जन सिँह वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

कुनै फौजदारी अभियोग लागेको व्यक्ति कानूनको उचित प्रक्रिया पूरा गरी मुद्दा हेर्ने न्यायाधीशको आदेशबमोजिम न्यायिक हिरासतमा रहेको देखिए निजको स्वतन्त्रताको हकमा कानूनविपरीत अतिक्रमण भएको भनी सम्झन मिल्ने हुँदैन । निवेदक बन्दीलाई फौजदारी अभियोगमा अनुसन्धान तहकिकातको सिलसिलामा संवैधानिक र कानूनको प्रक्रियाबमोजिम न्यायाधीशको अनुमतिबमोजिम हिरासतमा राखिएको देखिँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२)तथा २४(१) विपरीत थुनामा राखिएको भन्ने निवेदकको भनाई तथ्यपरक नदेखिने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल भदौ ३१ गते रोज ५ शुभम् ।

२१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-१०६१, उत्प्रेषण, *बद्रीबहादुर महर्जन समेत वि. जिल्ला प्रशासन कार्यालय ललितपुर समेत*

निवेदकहरूलाई केही सार्वजनिक अपराध मुद्दामा विशेष अदालत ऐन, २०५९ को दफा १०(१) बमोजिम १५ दिनसम्मको अवधि तोकी समाव्हान जारी गर्नपर्ने अवस्थामा १० दिनभित्र हाजिर हुन आउनु भनी जारी भएको समाव्हान उक्त दफा १०(१) को अर्थ, भावना र मनसाय प्रतिकूल नरहेको र निवेदकहरूलाई सो अवधिभित्र प्रतिवाद गर्न सक्ने पर्याप्त समय, अवसर र अवस्था विद्यमान रहेकोमा मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवाद नगरी यस अदालतको असाधारण क्षेत्राधिकार गुहारी प्रस्तुत रिट दिन आएको देखिँदा माग दावीबमोजिम रिट जारी हुन सक्ने कानूनी आधार र अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

२२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-CI-९१८, निषेधाज्ञा, *जागेश्वर साह तेली वि. रत्नबहादुर महर्जन समेत*

निवेदन दावीको जग्गाको हक कायम सम्बन्धमा यी पुनरावेदक संलग्न रहेको विभिन्न मुद्दा पुनरावेदन अदालत पाटनमा विचाराधीन भई विवादित अवस्थामा रहेको देखिँदा सो मुद्दामा निर्णय नभएसम्म उक्त जग्गाको प्रवेश, भोग समेतको कुरालाई यथास्थितिमा राखी अनधिकृत रूपमा कुनै पनि निर्माण कार्य नगर्नु, नगराउनु, यथास्थितिमा रहन दिनु र निवेदकहरू समेतलाई मन्दिर र बगैंचा क्षेत्रमा प्रवेश गर्न कुनै अवरोध सिर्जना नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञा आदेश जारी हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

२३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-CI-०९१९, परमादेश, *जागेश्वर साह तेली वि. थानेश्वर देवकोटा समेत*

विवादित जग्गाको स्वामित्वसम्बन्धमा निर्णय बदर समेतका विचाराधीन मुद्दाबाट ठहरेबमोजिम हुने नै हुँदा हाल यथास्थितिमा राख्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको निर्णय सदर हुने गरी फैसला समेत भएको हुँदा सोही जग्गाको विवाद सम्बन्धमा परेको प्रस्तुत मुद्दामा समेत तल्लो अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी यस अदालतबाट कुनै निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

२४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०५९८, निषेधाज्ञा, *रामशरण राउत वि. तेजनारायण चौधरी समेत*

नागरिक अधिकार ऐन, २०१२ अन्तर्गतको उपचार प्राप्त गर्नको लागि निवेदकले दावी लिएको सम्पत्तिमा आफ्नो निर्विवाद हक स्वामित्व रहेको प्रमाणित गर्नुपर्ने हुन्छ । जबसम्म निवेदकले आफूले दावी लिएको सम्पत्तिमा आफ्नो निर्विवाद हक स्वामित्व रहेको देखाउन

सक्तैन तबसम्म नागरिक अधिकार ऐन, २०१२ बमोजिम सो सम्पत्तिमा गैरकानूनी हस्तक्षेप भयो भनी अदालतबाट निषेधाज्ञा जारी हुन सक्ने हुँदैन । निषेधाज्ञा जारी हुन सम्पत्तिमा निवेदकको आधारभूत रूपमा भोग तिरो लगायत हक रहेको देखिने निश्चित प्रमाण हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा निवेदकले दावी लिएका जग्गाहरूमा आफ्नो भोगाधिकार अथवा निर्विवाद हक स्वामित्व रहेको भनी निवेदनसाथ प्रमाणित गर्न नसकेको हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

२५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-०४७७, उत्प्रेषण, *पुण्यदेव यादव वि.मु.स. गर्ने महाजनीदेवी यादव समेत*

नपुग बिगोमा आसामीको नाउँमा पक्राउ पूर्जी जारी भएको र ऋणीले दबाए छुपाएको सम्पत्ति देखाई दर्खास्त दिनुपर्ने जस्ता कार्यविधि पूरा नहुँदै थप जग्गा देखाई बिगो भरी भराउको लागि दरखास्त दिएको र तहसीलदारले पुनः लिलाम गर्न लागेको कारवाही जिल्ला न्यायाधीशले नै २०६२।५।२४ मा बदर गरी दिएको र सोही आदेश अन्तिम रहेकोमा पछि सो आदेशको बेवास्ता गरी पुनः लिलाम गरेको देखिँदा त्यस्तो कार्य कानूनप्रतिकूल देखिने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

२६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-०४५१, उत्प्रेषण/परमादेश, *रामजी गोप यादव वि. दामोदर यादव समेत*

रिट निवेदक र प्रत्यर्थी दामोदरका पिता खुबलाल यादव दाजुभाई रहेको र निजहरू २०४९।१२।२२ को पारित बण्डापत्रबाट छुट्टिएको देखिएकोले कि.नं. १२३ को जग्गाको जग्गाधनी निज खुबलालका छोरा प्रत्यर्थी दामोदर यादव तथा सो जग्गाको मोही रिट निवेदक काका भतिजा नाताका व्यक्ति भए पनि २०६३।४।२२ मा एकासगोलको अंशियार नभएको अवस्थामा मोही लगत कट्टा हुने नहुने सम्बन्धमा निज मोहीलाई प्रतिवादको मौका नदिई मोही लगत कट्टा गर्ने गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भए गरेकोले सो निर्णयबाट निवेदकको सम्पत्तिसम्बन्धी हक कानूनविपरीत हनन् भएको देखिँदा भूमिसुधार कार्यालय सप्तरीको मोही लगत कट्टा गर्ने गरी गरेको फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै उक्त कि.नं. १२३ को जग्गा निज निवेदकलाई पूर्ववत् मोही कायम गर्नू भनी परमादेश समेत जारी हुने ।

इजलास अधिकृत हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

२७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-०९१३, उत्प्रेषण/परमादेश, *यज्ञध्वज कार्की वि.खडेगलाल श्रेष्ठ समेत*

काठमाडौ जिल्ला अदालतले गरेको २०६३।१।२९ को आदेशबमोजिम प्रतिवादी गीताध्वज कार्कीको नामको नीश्चत सम्पत्ति भए सो देखाई निवेदन दिए फैसलाबमोजिम भरी भराउ हुनसक्ने अवस्था हुँदा हुँदै बिगो भरी पाऊँ भनी दिएको दर्खास्तमा उल्लेख भएको सम्पत्तिलाई दण्ड सजायको ४२ नं. बमोजिम रोक्का राख्ने आदेश भएकोमा सो आदेशलाई कानूनप्रतिकूल भन्न नमिल्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६३-WO-०९१४, उत्प्रेषण/ परमादेश, *कुमारध्वज कार्की समेत वि.खड्गलाल श्रेष्ठ समेत*
- ०६३-WO-०९१५, उत्प्रेषण/ परमादेश, *यज्ञध्वज कार्की वि. खड्गलाल श्रेष्ठ समेत*

२८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-CI-०८१५, परमादेश, *केशवप्रसाद तिम्सिना वि. जिल्ला प्रहरी कार्यालय, मोरङ्ग समेत*

कुनै सार्वजनिक निकाय वा यसका पदाधिकारीले कानूनबमोजिम आफ्नो कर्तव्य पालन नगरेमा वा गर्न इन्कार गरेमा सो कार्यबाट नागरिकको कानूनप्रदत्त हक हनन् हुन गएमा त्यस्ता निकाय वा पदाधिकारीलाई सो कानूनबबमोजिमको तोकिएको कर्तव्य पालन नगरेको स्पष्ट देखिई रहेको तथा सो कर्तव्य पालना नगर्दा यी निवेदक पीडित व्यक्तिले न्याय प्राप्त गर्ने नैसर्गिक अधिकारबाट बञ्चित हुन गएको भन्ने देखिएको अवस्थामा कानूनबमोजिमको आफ्नो कर्तव्य पूरा गर्नु भनी निवेदकको मागबमोजिम विपक्षहिरूका नाममा परमादेश जारी गर्नुपर्नेमा पुनरावेदन अदालत बिराटनगरले सो नगरी रिट खारेज गर्ने ठहऱ्याएको फैसला त्रुटिपूर्ण देखिई नमिलेकोले उक्त फैसला उल्टी हुने र निवेदकले जाहेरी दरखास्त लिई आएमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम जाहेरी दरखास्त दर्ता गरी अनुसन्धान एवं तहकीकात लगायतको आवश्यक कानूनी कारवाही अगाडि बढाउनू भनी विपक्षीरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

२९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-००४०, ००४१, अंश दर्ता, *सोमरियादेवी कुर्मी समेत वि. चनरौतियादेवी कुर्मी समेत, चनरौतियादेवी कुर्मी समेत वि. सुकट राउत कुर्मी समेत*

स्वास्नी मानिसले आफ्नो माइतीबाट पाएको सम्पत्ति स्त्रीअंशधनको महलको ४ नं.बमोजिम दाइजो हुने र दाइजोको सम्पत्ति पाउनेको निजी भई आफूखुश गर्न पाउने अरू अंशियारको अंश हक नलाग्ने भन्ने स्त्री अंशधनको ५ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम कि.नं. ११० को जग्गा प्रतिवादी चनरौतियाको निजी भन्ने देखिन आयो । सो जग्गा सगोलको सम्पत्तिबाट खरीद गरेको वा सगोलका आयस्ताबाट बढे बढाएको हो भनी पुनरावेदक वादीले विवादरहित आधार प्रमाणसहित जिकीर लिएको पनि देखिंदैन । यसरी यी प्रतिवादी चनरौतियाले दाइजोबाट प्राप्त गरेको उक्त कि.नं. ११० को जग्गा निजको निजी आर्जनको मानिने हुँदा अंश बण्डाको १८ नं. ले त्यसमा वादीहरूको अंशहक नलाग्ने ।

कि.नं. ९३ को जग्गा आफ्नोखुश गर्ने सम्पत्ति हो भनी अन्य कुनै भरपर्दो र विश्वसनीय प्रमाण पनि निजले पेश गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा अन्यथा प्रमाणित भएमा बाहेक प्रमाण ऐन, २०३१ को दफा ६क बमोजिम एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति मानिने हुँदा उक्त कि.नं. ९३ को जग्गा निजको आफूखुश गर्न पाउने सम्पत्ति नभई सो जग्गाबाट वादीहरूले अंश छुट्टयाई लिन पाउने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल कात्तिक १० गते रोज ४ शुभम् ।

३०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०२४६, अंश चलन, *तालामई मुर्मु वि. लखिया सतारनी*

बाबु आमाले राजीनामा, बकसपत्र, अपुतालीलगायत जुनसुकै स्रोतबाट सम्पत्ति प्राप्त गरेको भए पनि सो सम्पत्ति छोरा छोरीको लागि पैतृक सम्पत्ति मानिने हुन्छ । पैतृक सम्पत्तिबाट छोराछोरीले कानूनबमोजिम अंश पाउने हुँदा प्रत्यर्थी प्रतिवादी लखे मुर्मु भन्ने लखिया सतारनीका नामको तायदातीमा उल्लिखित सम्पूर्ण सम्पत्ति तथा सोबाट बढे बढाएको सम्पत्तिबाट यी पुनरावेदक वादीहरूको पति पिता राइसेनले अंश पाउने नै हुन्छ । निज राइसेन मुमुले प्राप्त गर्ने १ भाग सम्पत्तिबाट निजको पत्नी र छोरा यी वादी समेतले कानूनबमोजिम अंश पाउने भएको सो लखिया सतारनीले अपुतालीबाट पाएको भनेको सो सम्पत्ति तीन भाग लगाई त्यसबाट दावीबमोजिम २ भाग यी पुनरावेदक वादीहरूले अंश छुट्टयाई लिन पाउने नै हुन्छ । वादीकी सासू र हजुरआमा लखे मुर्मु भन्ने लखिया सतारनीले अपुतालीबाट पाएको सम्पत्तिमा निजको छोरा, छोरा बुहारी एवं नातिको अंश नलाग्ने भन्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल कात्तिक १० गते रोज ४ शुभम् ।

३१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-CI-०७४१, निषेधाज्ञा, *दिलबहादुर ठकुरी वि. पूर्णमान जोशी समेत*

सम्पत्तिमा निवेदकको निर्विवाद हक नदेखिए नागरिक अधिकार ऐन, २०१२ को दफा १७ अन्तर्गत निषेधाज्ञा जारी हुन सक्तैन । विपक्षीहरूले दावीको जग्गा रजिष्ट्रेशन पारीत गरी हालैको बकसपत्रद्वारा प्राप्त गरी लिएको भन्ने निवेदकको कथनबाट देखिँदा सो प्राप्त गरेको कार्य र निजको नाममा कायम रहेको दर्ता बदर नभएसम्म अर्थात् जग्गाधनीले सो जग्गा भोग गर्न पाउने नै हुन्छ । आफ्नो हक दर्ताको जग्गा दर्तावालाले निर्वाध भोग गर्न नपाउने भन्न मिल्ने नहुँदा जग्गाधनीले आफ्नो हक दर्ताको जग्गामा कुनै पनि निर्माण कार्य गरेमा निवेदकको कानूनप्रदत्त हकमा असर पर्छ भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

३२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३४६५, उत्प्रेषणयुक्त परमादेश समेत, *सीताराम ढुंगाना वि. ललितपुर उपमहानगरपालिका कार्यालय समेत*

जग्गा मिचे नमिचेको सम्बन्धमा प्रमाण बुझी निर्णय गर्ने अधिकार ललितपुर उपम.न.पा.बाटयस कार्यालयलाई नहुँदा सम्बन्धित अदालतमा उजूर गर्न जानू भनी सुनाई दिने तथा पहिला पास भएको जग्गा नक्सा र साइट प्लानबमोजिमको मापदण्डको आधारमा तला थप नक्सा पास हुने नै हुँदा सोबमोजिम नक्सा पास गरी दिने गरी गरेको मिति २०६२।११।५ को ललितपुर उपमहानगरपालिकाको निर्णयमा कुनै त्रुटि नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल साउन २६ गते रोज ४ शुभम् ।

३३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०६६४, उत्प्रेषणयुक्त परमादेश समेत, *भगवती आचार्य समेत वि. खानेपानी तथा ढल निकास विभाग समेत*

निवेदिकाहरूलाई बाहेक गरी नवीना अधिकारी श्रेष्ठलाई मिति २०६५।३।३ मा करारमा नियुक्ति गर्ने भनी खानेपानी तथा ढल निकास विभागबाट निर्णय भई सो निर्णयअनुसार २०६५ असार मसान्तसम्मको लागि निज नविना अधिकारी श्रेष्ठलाई करार नियुक्ति दिएको कुरा २०६५।३।३ को मिसिल संलग्न सेवा करारको फोटोकपी समेतबाट देखिएको र सो २०६५।१२।५ को निर्णयअनुसार भनी २०६६ असार मसान्तसम्मका लागि सेवा करार सम्झौता समेत गरेको अवस्था मिसिलबाट देखिन्छ । सो करार सेवाको अवधि २०६६ अनुसार मसान्तसम्म थप गरिएको भन्ने उक्त सेवा करार सम्झौता समेतबाट देखिएकोले यसरी लिखित परीक्षामा उत्तीर्ण निवेदकहरूलाई बाहेक गरी परीक्षामा संलग्न नै नभएकी प्रत्यर्थी नवीना अधिकारी श्रेष्ठलाई नियुक्ति दिने, काममा लगाउने र पारिश्रमिक दिने सम्बन्धमा सार्वजनिक निकायको रूपमा रहेको विपक्षी कार्यालयहरूको कार्य अनियमित तथा स्वेच्छाचारी देखियो । तर उक्त आयोजनाको कार्यकाल २०६७ सालसम्म मात्र रहेको भन्ने खानेपानी तथा ढल निकास विभागको लिखित जवाफ समेतबाट देखिन आएको र हाल सो आयोजना नै पूरा भइसकेको देखिँदा निज करार सेवामा रहेको मानिसको करार सेवा पनि स्वतः समाप्त भइसकेको मान्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल साउन २६ गते रोज ४ शुभम् ।

३४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CI-७५३, अंश नामसारी, *सवितरा चमाइन वि. सिधु चमार*

पुनरावेदिका वादीले एकातर्फ झिनकको मृत्यु २०५० सालमा भएको भन्दै आफू २०५२ साल मंसिरदेखि सिधु चमारसँग अर्को विवाह गरी आएको भनी निजसँग अंश दावी गरेको देखिन्छ भने अर्कोतर्फ निजले मिति २०६२।३।१६ गते मालपोत कार्यालय रूपन्देहीमा दिएको नामसारी गरिपाऊँ भन्ने निवेदनमा मिति २०६२।३।१६ सम्म आफू झिनक चमारको पत्नी रहेको कुरा स्वीकार गरिरहेको देखिन्छ । पुनरावेदिका वादीले आफैंले लिएको फिराद दावीलाई निजैले मालपोत कार्यालयमा पेश गरेको निवेदन समेतबाट खण्डित भइरहेको देखिन्छ । अर्थात् मिति २०६२।३।१६ गतेसम्म पुनरावेदक वादी झिनक चमारकै पत्नी रहेको देखिन्छ भने निजले सो कुरालाई खण्डन गरी सिधु चमारसँग २०५२ सालमा विवाह गरेको व्यहोरा विवाह दर्तालगायतका प्रमाण पेश गरी पुष्टि गर्न सकेको मिसिलबाट देखिँदैन । उल्टै गलत तथ्य उल्लेख गरी यी पुनरावेदिकाले झिनकका नाममा दर्ता जग्गा आफ्ना

नामका दर्ता गराई पुनः सिधुसँग पत्नीको नाताबाट अंश माग गरी दोहोरो फाइदा लिन खोजेको देखिन्छ । यसरी विपक्षी सिधु चमारको पत्नी नै ठहर हुन नसकेको अवस्थामा निजबाट यी पुनरावेदिकाले अंश पाउन सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ साल भदौ २३ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६-CR-०५१०, जालसाजी, *सवितरा चमाइन वि. सिधु चमार समेत*
- २०६६-CR-०५११, जालसाजी, *सवितरा चमाइन वि. सिधु चमार समेत*
- २०६६-CI-०७५४, लिखत बदर, *सवितरा चमाइन वि. सिधु चमार समेत*
- २०६६-CI-०७५५, लिखत दर्ता बदर, *सवितरा चमाइन वि. सिधु चमार समेत*

३५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ७४१, हिसाब गरिपाऊँ, *मंगलसेन गर्ग वि. भोलानाथ महतो समेत*

दावीबमोजिम हिसाबकिताब गर्ने दायित्व करार लिखतबमोजिम विपक्षी भोलानाथ, कमला महतोको रहेको नपाइएको, करार गर्दाको अवस्थाको करार ऐन, २०२३ बमोजिमको हदम्यादभित्र दावी लिई अदालतमा प्रवेश गर्न नसकेको अवस्थामा असम्बन्धित कानूनको सहारा लिई हिसाब गराई पाऊँ भन्ने पुनरावेदन जिकीर तर्कसंगत नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल कात्तिक २३ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको ०६५-CR-०२०४, घूस रिसवत लिएको, *कृष्णशरण शर्मा वि. नेपाल सरकार*

प्रतिवादी कृष्णशरण शर्माले दिलेन्द्र महर्जनबाट कार्यालय प्रमुखको आदेश बिना रकम बुझिलिएको र त्यसरी रकम बुझ्ने आदेश कार्यालय प्रमुखबाट गराई नलिएको सो मीटर जडान गर्ने कार्य हेर्ने समेत नभएको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट नम्बर नोट गरिएका रकम निज प्रतिवादीसँग साथबाट बरामद भएको रकम बद्नियतपूर्वक अतिरिक्त लाभको हिसाबले रिसवत लिएको निजको व्यवहार र कार्यबाट पुष्टि र प्रमाणित भएको देखिँदा यी पुनरावेदक प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को खण्ड (क) को कसूर गरेको देखिने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्पयुटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको CR-०२०१,कर्तव्य ज्यान, *नेपाल सरकार वि. भोजबहादुर तामाङ समेत*

वारदातको स्थिति र अवस्था हेर्दा प्रतिवादीको कार्य तत्काल उठेको रिसका कारण घट्न गएको भन्ने अवस्था देखिन्छ । जुन कुरा ज्यानसम्बन्धी महलको १४ नं. हेर्दा ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन पनि हानेको रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ज्यान मरेमा सजाय हुने कानूनी व्यवस्था रहेको र प्रतिवादी भोजबहादुर तामाङ्गले घटाएको वारदात पनि मृतक भाउजूसँगको तत्कालको विवाद र झगडाका कारण तत्काले उठेको रिसको आवेगमा नजीकै रहेको दाउराले हान्दा टाउकोमा लागी मृतक ढलेको र सोही दाउराले दाजुलाई समेत प्रहार गरेको भन्ने अवस्था देखिँदा प्रतिवादी भोजबहादुर तामाङ्गले आफ्नो आत्मनियन्त्रण गुमाई आफ्नो वरपरको भूईंमा रहेको वस्तु दाउराले हानेको कारणबाट ज्यान मर्न गएको देखिँदा त्यस्ता आवेशजन्य हत्याको कसूर ज्यानसम्बन्धीको महलको १३(३) नं. भित्र नपर्ने भई सोही महलको १४ नं.को कसूरे अपराध देखिने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६४ सालको CR-००१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. उपेन्द्र राय यादव*

प्रतिवादीले मृतकउपर जोखिमी हतियार वा साधारण हतियार केही प्रयोग गरेको नदेखिई मृतकको श्रीमती जाहेरबाला र प्रतिवादीबीच वादविवाद हुँदा मृतकले प्रतिवादीलाई कुटपीट गर्न लाग्दा प्रतिवादीले नै लछार-पछार र कुटपीट गरी पक्की स्लेब माथि लडाउँदा बेहोश भएको र उपचार गर्न लाँदालाँदै बाटैमा मृत्यु भएको कुरा जाहेरी व्यहोरा तथा प्रतिवादीको बयान एक आपसमा समर्थित भएको अवस्थामा प्रतिवादीको कार्य आवेश प्रेरित र मनसाय प्रेरित थियो भन्न नसकिने भै सो कार्य भवितव्य ठहर्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको CR-०६७५, २०६४ सालको RC-०९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शत्रुघन साह सोनार, नेपाल सरकार वि. मोहमद नजिम*

अपराध गरेको देख्ने प्रत्यक्षदर्शी नभए पनि प्रतिवादी आफैंले ज्यान मारेको भनी स्वीकार गरेको कुरा निजकै मुखबाट आफैंले सुनेको हो भनी जाहेरबाला समेतका बुझिएका मानिस समेतले भनेबाट प्रतिवादी मोहमद नजिमको कर्तव्यमा संलग्नता भएको तथ्यलाई अन्यथा अर्थ गर्न मिलेन । त्यसमा पनि ८ वर्षको बालक आफैं मर्नु पर्नेसम्मको स्थिति र अवस्थाको अनुमान गर्न पनि नसकिने ।

मृतकको हत्या हुनुपूर्व प्रतिवादी नजिमको घरमा गएको र घटनास्थलमा बरामद भएको फलामको पाइप यही हो भनी स्वीकार गरी प्रतिवादीले सहीछाप गरेको, जाहेरबालाले किटानी गरिदिएको जाहेरी र जाहेरबाला समेतका व्यक्तिहरूले अदालतमा आई बकपत्र गर्दा निज प्रतिवादीकै कर्तव्यबाट मृतक सवनम खातुनको मृत्यु भएको भनी लेखाएको समेतबाट प्रतिवादी मोहमद नजिमले अनुसन्धानको क्रममा गरेको साविती बयान अन्यथा नभई पुष्टि र प्रमाणित भइरहेको हुँदा निज प्रतिवादी मोहमद नजिमको कर्तव्यबाटै मृतकको मृत्यु भएको देखिने ।

सहअभियुक्तको अनुसन्धानको क्रममा गरेको बयानको पोलको भरमा मात्र कसूर अपराधमा संलग्न रहेको भनी ठहर गर्नु न्यायसंगत देखिएन । साथै अनुसन्धानका क्रममा कागज गर्ने व्यक्तिहरूले पनि यी प्रतिवादी शत्रुघन साहको संलग्नता थियो भनी भन्न र लेखाउन नसकेको यस्तो अवस्थामा निज प्रतिवादीको कसूर अपराधमा संलग्नता थियो भन्ने तथ्ययुक्त शंकारहित सबूद प्रमाणको अभावमा दोषी ठहर गर्नु न्यायसंगत नहुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको CR-०००१, डाँका चोरी, *नेपाल सरकार वि. सैफु नाउँ समेत*

सुन चाँदी खरीद गर्ने प्रतिवादी जसगढ सुन चाँदी व्यवसायी भएको हुँदा निजको पसलबाट बरामद भएको गालिएको सुन चाँदी डाँका चोरी भएमध्येको जाहेरबालाकै हो भनी विश्वास गर्न सकिने तथ्ययुक्त आधार प्रमाण एकातर्फ देखिएन भने अर्कातर्फ सुन चाँदी व्यवसायी प्रतिवादी आविद हसन जसगढले यी प्रतिवादीहरूले नै चोरी गरेको सुन चाँदी खरीद गरेको भनी अदालतमा आई बयान गर्दा पोल गर्न सकेको पनि देखिँदैन । अदालतमा बयान गर्दा यी प्रतिवादीहरूबाटै आफूले खरीद गरेको भनी सुन चाँदी व्यवसायीले पोल गर्न नसकेको अवस्थामा अनुसन्धानका क्रममा प्रहरीमा भएको पोललाई मात्र अन्य स्वतन्त्र सबूद प्रमाणबाट समर्थित र पुष्टि हुन नसकेको अवस्थामा यिनै प्रतिवादीहरूले जाहेरबालाको सुन चाँदी समेतका सामानहरू चोरी गरेको भनी अनुमानको भरमा अर्थ गर्नु न्यायसंगत नहुने ।

प्रतिवादी आविद हुसेन सुन चाँदी व्यवसायी भएको र निजले आफूलाई नाम थाहा नभएका दुई जना व्यक्तिले लिई आएको गहना प्रचलित बजारभाउअनुसार खरीद गरिलिएको चोरीको गहना भन्ने थाहा थिएन भनी बयान गरेको र त्यसरी खरीद गरेको सामान आगोमा

गलाइसकेको अवस्थामा बरामद भएको सुन चाँदी जाहेरबालाकै चोरी भएको गहनामध्येकै हो भनी भन्न सकिने अन्य कुनै तथ्ययुक्त सबूद प्रमाण नदेखिएको र चोरीको मालसामान हो भन्ने थाहा नभएको तथा यी प्रतिवादी बाहेकका नचिनेका अन्य व्यक्तिहरूबाट सुनचाँदीकै कारोवार गर्ने व्यवसायी भएको नाताले खरीद गरेको कारणबाट मात्र १५ प्रतिशतभन्दा बढी नाफा हुने गरी खरीद भएको भन्ने कुनै भरपर्दो ठोस आधार प्रमाणहरू बिना र वादी पक्षले समेत त्यस्तो प्रमाण पेश दाखिला गर्न नसकेको अवस्थामा यिनै प्रतिवादीहरूले जाहेरबालाको सुन चाँदी चोरी गरेको भन्न सकिने अवस्था नदेखिने ।

सुन चाँदी व्यवसायी आविद हुसेन जसगढलाई चोरी गरेको गहना बिक्री गरेको र निजले पनि १५ प्रतिशतभन्दा बढी नाफा हुने गरी चोरीको भन्ने थाहा हुँदा हुँदै खरीद गरेको भन्ने कुनै तथ्ययुक्त ठोस सबूद प्रमाण समेतको अभावमा प्रतिवादीहरूले अभियोग दावीअनुसारको कसूर गरेको भनी ठहर गर्नु न्यायसंगत नहुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३-WO-१०३६, उत्प्रेषण, *नथुनीप्रसाद कोइरी वि. गया महतो कोइरी समेत*

जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिबाट कि.नं. ५ को जग्गाको जग्गाधनीमा नथुनी कोइरी कञ्चन कोइरी र राम अयोध्या कोइरी उल्लेख भई मोहीमा विपक्षी गथाप्रसाद कोइरीको नाम उल्लेख भएको देखिन्छ । त्यसैगरी मालपोत कार्यालयबाट प्राप्त दर्ता उतारमा विवादको जग्गाको मोही गया महतो कोइरी लेखिएको पाइन्छ भने फिल्डबुकमा समेत सोही व्यहोरा स्पष्टसँग उल्लेख भएको देखिएकोबाट विवादको जग्गाको मोही गया महतो रहेनछिन् भन्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असोज १३ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४-WO-०८७३, उत्प्रेषण समेत, *मेघराज सापकोटा वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

गुठी संस्थान कर्मचारी सेवा शर्त, सुविधा विनियमावलीमा सेवाबाट हटाइएको व्यक्तिलाई पुनः सेवामा बहाल गराउँदा सोबीचको अवधिको तलब भत्ता उपलब्ध गराउनु पर्दछ भन्ने प्रष्ट व्यवस्थाको अभाव रहेको तथा त्यस्तो व्यवस्था छ भनी निवेदकले देखाउन सकेको समेत नदेखिँदा निवेदकको माग दावीबमोजिमको आदेश जारी गर्न मिलेन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असोज १ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको रिट नं. WO-०७५७, परमादेश, *लक्ष्मीदेवी धित्त समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

महिलाको शरीरको मालिक महिला नै हो, यौन सम्बन्ध राख्ने वा नराख्ने, बच्चा जन्माउने वा नजन्माउने आफ्नो शरीरको उपयोग कसरी गर्ने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महिलाकै हुने ।

प्रजनन स्वास्थ्य एवं प्रजनन अधिकारको बृहत् परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुबै कुराको निर्णय पर्दछ र सोअन्तर्गत गर्भ रही सकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने ।

प्रजननको अधिकार भनेको प्रजनन गर्नै पर्ने बाध्यताको रूपमा बुझ्न मिल्दैन, प्रजनन गर्न पाउने अधिकारअन्तर्गत प्रजनन गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ । जसरी कुनै काम गर्न पाउने अधिकारअन्तर्गत काम नगर्न पाउने स्वतन्त्रता पनि निहीत रहेको मानिन्छ, त्यसरी नै प्रजनन अधिकारलाई हेर्नुपर्ने ।

गर्भपतन सेवाको वैधता वा त्यसको उपलब्धताको सान्दर्भिकता त्यो सेवा जरूरी भएको मानिसको लागि पहुँचयोग्य (Accessible) तथा शुल्क

तिर्न सक्ने गरी सुलभ (Affordable) भए मात्रै सार्थक हुने।

गर्भपतन स्वास्थ्यसम्बन्धी समस्या भएको, स्वास्थ्यको हक व्यक्तिको मौलिक हक भै जीवनकै हकका रूपमा हेर्नुपर्ने र हाम्रो देशको संविधानले सामाजिक न्यायको हक समेतलाई मान्यता दिएको साथै राज्यको नीति निर्देशक सिद्धान्तले महिलाको हकको विशेष संरक्षण गर्ने राज्यको दायित्वको रूपमा स्वीकार गरेको हुनाले महिलाको गर्भपतनसम्बन्धी हक वा गर्भसँग सम्बन्धित समस्याहरूलाई नितान्त निजी समस्या मानी सार्वजनिक उत्तरदायित्वबाट अलग्याउन नमिल्ने।

कठोर फौजदारी कानूनको अङ्गको रूपमा रहेको ज्यानसम्बन्धी महलको अभिन्न अङ्गको रूपमा नयाँ अधिकारको रूपमा उदीयमान भएको गर्भपतनको अधिकारलाई पूर्ववत् राखी राख्नु विरोधाभाषपूर्ण र सर्वथा अमिल्दो देखिएकोले हाल भएको संशोधित व्यवस्थाको मर्मलाई हृदयङ्गम गर्दै गर्भपतनलाई एउटा छुट्टै विषयको रूपमा छुट्टै कानून बनाई व्यवस्थित गर्नुपर्ने।

गर्भपतनसम्बन्धी समस्यालाई केवल गर्भको भ्रुणलाई जन्म दिने वा नदिने, गर्भपतन गराउन पाउने वा नपाउने प्रश्नमा मात्रै सीमित गरेर नहेरी समग्र महिला स्वास्थ्यसँग सम्बन्धित विषयको रूपमा पनि हेर्नु पर्ने हुँदा गर्भपतनको अधिकार हनन वा सो सेवा दिन इन्कार गरेबाट वा स्तरहीन सेवा दिएबाट पर्न आएको बहुपक्षीय समस्याहरूको सम्बोधनको लागि समेत कानूनी उपचारको राम्रो प्रावधान हुन जरूरी देखिन्छ। कानूनी उपचारको बारेमा विचार गर्दा कसूरदारलाई सजाय, पीडितलाई क्षतिपूर्ति पीडितको स्वास्थ्य सहुलियतसम्बन्धी अन्य व्यवस्थाहरूको समेत व्यवस्था गर्नुपर्ने हुन्छ। गर्भपतनसम्बन्धी अधिकारले राज्य पक्ष वा सेवा प्रदायक पक्षसँग निश्चित दायित्वको अपेक्षा गर्ने हुनाले यसलाई राज्यको स्वविवेक वा स्वेच्छिक रूपमा मात्रै हेर्न मिल्ने स्थिति देखिन नआउने।

इजललास अधिकृत : रमेशप्रसाद ज्ञवाली, बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ०२९७, उत्प्रेषण, *दिलीपकुमार यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

सार्वजनिक अधिकारी वा राष्ट्रसेवकले अख्तियारको दुरूपयोग गरी आफू वा अरूलाई फाइदा वा नोक्सानी हुने कुनै कार्य गरेको अवस्थामा आवश्यक अनुसन्धान गरी अभियोजनसम्बन्धी निर्णय लिने अधिकार नेपालको अन्तरिम संविधान, २०६३ धारा १२० बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई भएको देखिन्छ । अख्तियार दुरूपयोगसम्बन्धी प्रशनको अनुसन्धान र अभियोजनको लागि संविधानले नै विशेष व्यवस्था गरेको अवस्थामा सो सम्बन्धी अन्तिम निर्णय लिने अधिकार तत् तत् निकायमा नै रहेको मान्नु पर्ने।

आयोगले स्पष्टतया संविधान एवं कानूनको त्रुटि गरी अभियोजनसम्बन्धी निर्णय लिएको वा आफ्नो अधिकार क्षेत्रलाई अनुचित रूपमा ग्रहण गर्न इन्कार गरेको भन्न सकिने अवस्था नै देखिएन। अमुक व्यक्तिलाई अमुक विषयमा अभियोजन गर्नु भनी निर्देश गर्न सकिने संवैधानिक एवं कानूनी व्यवस्था पनि देखिएन। अदालत स्वयंले अभियोजनकर्ता जस्तो भई अभियोजनसम्बन्धी अमुक निर्देशन वा आदेश जारी गरेमा सो न्यायिक निर्णयसरह भै पछि मुद्दा चलाउँदा सम्बन्धित पक्षले निष्पक्ष सुनुवाई नपाउने सम्भावना र निष्पक्ष न्याय पाउन बाधा गर्न सक्ने स्थिति रहने हुँदा समेत मागबमोजिम अभियोजनसम्बन्धी आदेश जारी गर्न मुनासिब नदेखिने।

तथ्यगत विवाद समावेश भएको, तल्लो अदालतबाट न्यायिक निर्णय भै विवादको समाधान भैसकेको कुरालाई असर पार्ने प्रकृतिको तथा निवेदनको अर्थपूर्ण सम्बन्ध र तात्विक सरोकार नै नभएको विषयमा दायर भएको प्रस्तुत निवेदनबाट मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति सवत् २०६७ साल भदौ ३ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको CR-०५९४, भ्रष्टाचार, *नेपाल सरकार वि. झलक लाल श्रेष्ठ*

पोखरा उपमहानगरपालिका र श्री कम्प्लेक्सबीच भएको सम्झौताबमोजिम सो सम्झौताको सम्बन्धमा विवाद उत्पन्न भएमा मध्यस्थतामार्फत् त्यस्तो विवाद समाधान गर्ने भनी उल्लेख भैरहेको अवस्थामा करारका पक्षहरूबीच करारको परिपालना सम्बन्धमा विवाद भएमा मध्यस्थतामार्फत् विवादको समाधान गर्न सकिने अवस्था विद्यमान नै रहेको र यस्तो करारीय प्रकृतिको विवादलाई भ्रष्टाचार निवारण ऐनको परिभाषाभित्रको कसूर मानी निर्णय गर्न मिल्ने नदेखिँदा समेत प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) को कसूरमा सजाय गरी हानि नोक्सानी पुऱ्याएको रकम भराई पाऊँ भन्ने समेतको वादी नेपाल सरकारको दावी पुग्न नसक्ने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०६५।८।४ मा भएको इन्साफ मिलेकै देखिने।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति सवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६७ सालको ०६६-CI-०९५३, मोहियानी हकको प्रमाणपत्र पाऊँ, *रामप्रसाद सेढाइँ वि. कृष्णमुरारी मगर*

कि.नं. ४० को जग्गाको मोही ठूली मगर्नी भएकोमा विवाद नभएको एवं ठूली मगर्नीको एकमात्र हकवाला रहेकी यी प्रत्यर्थी वादी कृष्णकुमारी मगरले आमा ठूली मगर्नीबाट मिति २०१०।११।१२ को शेषपछिको बकसपत्र प्राप्त गरी सो बकसपत्र कायमै रहेको तथा पुनरावेदक प्रतिवादी समेतले यी प्रत्यर्थी वादीका हकमा मोहीको हकबाला भएकोमा विवाद नजनाएको यस्तो अवस्थामा दावीको जग्गामा बनेका घर र जग्गाका विषयलाई लिएर उक्त भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(क) अनुसार सम्पूर्ण जग्गा नै घरबारीभित्रको जग्गा होइन भनी लिएको जिकीर कानूनसम्मत नदेखिने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक १२ गते रोज ६ शुभम्।

- यसै लगाउको २०६६-CI-०९५४, मोही लगत कट्टा, *रामप्रसाद सेढाइँ वि. कृष्णकुमारी मगर* भएको मुद्दामा पनि यसैबमोजिम फैसला भएको छ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको ०६५-CI-०१२०, मोही नामसारी, *सवरलाल माझी समेत वि. यज्ञकुमारी आचार्य समेत*

छोराको नाममा १ नं. अनुसूची भरिएकोमा आमाको कुनै दावी विरोध समेत नभएको फिल्डबुकमा नै जोताहाको नाम देखिएकोलाई मौकामा कुनै विरोध जनाउन नसकेको अवस्थामा जग्गाधनी प्रमाणपूर्जामा नाम जनिएको कुरा मोहीले थाहा पाउने अवस्था समेत नरहने एवं साविकदेखि हालसम्म दावीको जग्गामा निरन्तर रूपमा जोत कमोद गरेको अवस्थामा जग्गाधनी प्रमाणपूर्जामा मोहीको नाम उल्लेख नहुँदैमा हक जान्छ भन्न कानून न्याय तथा विवेकबाट समेत मिल्ने नदेखिने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल कात्तिक १२ गते रोज ६ शुभम्।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६५ सालको ०६५-CI-०११६, मोही नामसारी, *सवरलाल माझी समेत वि शेखरप्रसाद आचार्य*
- २०६५ सालको ०६५-CI-०११७, मोही नामसारी, *सवरलाल माझी समेत वि. पदमनाथ आचार्य*
- २०६५ सालको ०६५-CI-०११८, मोही नामसारी, *सवरलाल माझी समेत वि. भोगेन्द्रप्रसाद आचार्य*
- २०६५ सालको ०६५-CI-०११९, मोही नामसारी, *सवरलाल माझी समेत वि. शशिधर आचार्य*

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको स.फौ.पु.नं. ३६३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इन्द्रनारायण गौडेल*

अनैतिक सम्बन्धका बारेमा भरपर्दो र वस्तुनिष्ठ प्रमाणको अभाव रहेको यस्तो अवस्थामा पति विदेश रहे भएकै कारणबाट घरमा बसेका पत्नी परपुरूषसँग सम्बन्ध कायम राख्ने गर्दछन् भन्ने मनोगत दावी लिई फौजदारी दायित्व बहन गराउने हिसाबले अमुक कर्तव्य वा व्यक्तिबाट भएको मृतकको मृत्युलाई सोही कारण बनाई प्रतिवादीउपरको अभियोगलाई आधार बनाइनु एवं सोही कारणलाई नै अभियोग स्थापित गराउने अकाट्य

प्रमाणको रूपमा चित्रित गरिनु आफैँमा घृणित, अपमानजनक एवं असभ्य व्यवहार बन्न जाने ।

फौजदारी दायित्व वहन गराउनका लागि अनुसन्धानबाट कसूर प्रमाणित गर्ने स्पष्ट, वस्तुनिष्ट एवं भरपर्दो प्रमाणको खोज, तहकीकात गर्नु अनुसन्धान पक्षको प्रमुख दायित्व हुन आउँछ । प्राप्त भरपर्दो, सम्बद्ध र वस्तुनिष्ट प्रमाणको आधारमा प्रतिवादीउपर अभियोजन समेत हुनुपर्ने ।

मृत्यु कर्तव्यबाट भएको भए पनि प्रतिवादीकै कर्तव्यबाट भएको भन्ने स्पष्ट, वस्तुनिष्ठ प्रमाणको विद्यमानता नभएको एवं मिसिल संलग्न कागजात समेतबाट मृतकको कर्तव्य गरी मार्नमा प्रतिवादीको ज्यानसम्बन्धी महलको १४ नं. को व्यवस्था समेत रहे भएको प्रमाणबाट पुष्टि भएको नदेखिँदा शुरू नवलपरासी जिल्ला अदालतबाट प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई भएको फैसलालाई उल्टी ठहऱ्याई प्रतिवादी इन्द्रनारायण गौडेलले आरोपित कसूरबाट सफाई पाउने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको फौ.पु.नं. ३५२७, जालसाज, *बिमलाकुमारी पोखरेल वि. भोला महतो नुनिया,*

गा.वि.स.को अध्यक्षले मोहीबाट प्राप्त रकम बुझिसकेपछि कानूनबमोजिम राख्नुपर्ने बहिखाता स्रेस्ता सम्बन्धमा यकीन हिसाब किताब राखे नराखेको सम्बन्धमा यी प्रत्यर्थी भोला महतोलाई जानकारी रहनु पर्ने बाध्यात्मक अवस्था समेत रहने हुँदैन । आफ्नो दायित्वबापतको कुत बालीको रकम सम्बन्धित गा.वि.स.मा बुझाई सोको निस्सा समेत प्राप्त गरेपछि उक्त हिसाब किताब तथा लेखा स्रेस्ताका सम्बन्धमा प्रत्यर्थीको नियन्त्रण रहन नसक्ने हुँदा यी प्रत्यर्थीले थप चनाखो रहनु पर्ने आवश्यकता समेत नहुने हुँदा प्रतिवादी शिवनारायण साहले कानूनबमोजिम निर्वाह गर्नुपर्ने दायित्व निर्वाह नगरेको कारणले मात्र कार्यालयगत कामकार्वाहीबाट सिर्जित दायित्वको लागि यी मोहीलाई जिम्मेवार बनाउन समेत कानून, न्याय र विवेकबाट नमिल्ने ।

पेश गरेको गा.वि.स.को कार्यालयको नगदी रसीदलाई पुनरावेदक वादीले अन्यथा भन्न नसकिरहेको एवं कार्यालयको प्रतिनिधित्व वहन गरेका गा.वि.स. अध्यक्ष शिवनारायण साहको काम कर्तव्यबाट सिर्जित दायित्वलाई सेवाग्राहीको हैसियत भएका यी प्रत्यर्थी भोला महतोलाई समान रूपमा थोपर्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको CR-००४५, कर्तव्य ज्यान, *करने कामी वि. नेपाल सरकार*

मृतकको नाक समेत काटिने गरी धारिलो हतियार प्रहार भएको, मृतक र प्रतिवादीबीच वारदात पूर्व समेत झगडा हुने गरेको, वारदात घरमा नभई मृतकले ज्यान जोगाउन खोलातर्फ भागी जाँदा प्रतिवादीले मार्ने नियतकासाथ पछ्याउँदै गई धारिलो हतियार प्रहार गरेको देखिँदा वारदातस्थलको स्थिति समेतबाट प्रस्तुत वारदात पूर्व मनसायसहित भएको जघन्य प्रकृतिको देखिँदा प्रतिवादीलाई भएको सजाय घटाउनु पर्ने मुनासिब कारणहरू प्रस्तुत मुद्दामा विद्यमान रहे भएको पाइएन । त्यस्तो अवस्थामा प्रतिवादीहरूलाई भएको सजाय रायबमोजिम घटाउन नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको CR-०२५८, कर्तव्य ज्यान, *रामलोचन यादव वि. नेपाल सरकार*

मृतकको मृत्यु यी पुनरावेदक प्रतिवादीको कर्तव्य बाहेक अन्य कारणले भएको सिद्ध नभएको, कुटपीटको वारदात भएको कुरालाई अदालतमा उपस्थित भएका व्यक्तिहरूले पनि पुष्टि गरेका, सो कुटपीटको क्रममा यी प्रतिवादीको उपस्थिति खण्डित भएको नदेखिएको अवस्था समेतले प्रतिवादीको मौकाको बयानलाई अन्यथा मानी प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिन नमिल्ने हुँदा प्रतिवादी रामलोचन यादवलाई

मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

मृतकको वस्तुले प्रतिवादीको खेतमा लगाएको बीऊ खाएको विषयमा वादविवाद भएको देखिन्छ । सोबाहेक मृतक र प्रतिवादीबीच पूर्व रिसइवी वा मान्नुपर्ने सम्मको पूर्व मनसाय केही देखिएको छैन । मृतक र प्रतिवादीबीच नजिकको दाजुभाइको नाता देखिएको र वारदात बिहान ६:३० बजे घटित भएको समेतको अपराधको अवस्था एवं परिस्थिति समेतलाई विचार गर्दा प्रतिवादी रामलोचन यादवलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को सजाय हुने भै अ.बं. १८८ नं बमोजिम १० वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको CI-०१४५, लेनदेन, *अर्जुन कार्की वि. वीरेन्द्रकुमार धाडेवा*

मिनीबस पास गराई दिने शर्त उल्लेख गरी मिति २०५४।१०।२९ मा लिखत गरी दिएको र सोही लिखत मितिबाट उक्त गाडी पुनरावेदक वादीले नै २०६०।८।२ गतेसम्म प्रयोग गरेको देखिन्छ । यसरी पुनरावेदक वादी र प्रत्यर्थीबीच शर्त सीमा उल्लेख गरी लिखत भएपछि गाडी पास गरी लिने समय २०५४ फागुन मसान्तसम्ममा गाडी पास गराई लिने दिने दायित्व दुबै पक्षले पूरा गर्नुपर्ने देखिन्छ । सो शर्तबमोजिमको दायित्व पूरा गर्न प्रतिवादीले आफ्नो जिम्माको गाडी बाँकी रकम बुझी पास गराई दिन इन्कार गरेमा सो समयावधि भुक्तान भएपछि अर्थात् २०५४ फागुन मसान्तपछि यी पुनरावेदक वादीले लिखतबमोजिम गाडी पास गराई लिनेतर्फ सक्रियता देखाई पास गराई लिनुपर्नेमा त्यस्तो केही नगरी २०६०।८।२ गतेसम्म सो गाडी आफैंले प्रयोग गरी चलाई आएको देखिन्छ । यसरी मिति २०५४।१०।२९ को लिखतको प्रकृति र अवस्था तथा पुनरावेदक वादीले प्रतिवादीलाई गाडी आफ्नो जिम्मा लिई दिएको रकम कपाली तमसुक सरहको लेनदेन व्यवहारको नदेखिई गाडी पास गरिलिने सम्बन्धमा गरेको बैनाबट्टाको लिखत भन्ने स्पष्ट देखिँदा कपाली तमसुक सरहको लिखत भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल भदौ १७ गते रोज ५ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३११९, ३१८३, ३१८६, ०६६-RE-००७६, कर्तव्य ज्यान, *हरेराम केवट वि. नेपाल सरकार, भैया केवट वि. नेपाल सरकार, भिखी केवट वि. नेपाल सरकार, नेपाल सरकार वि. सीताराम केवट*

पानीको विषयमा सामान्य झगडा भएकोमा परिस्थितिवस उत्पन्न भएको रिस थाम्न नसकी साधारण लाठी, मुक्का आदिको प्रहारबाट मृतकको मृत्यु भएको भन्ने देखिँदा यस्तो वारदातमा ज्यानसम्बन्धीको महलको १३(३) आकर्षित हुन सक्ने देखिन्न । प्रतिवादीहरू हरेराम केवट, भैया केवट र सीताराम केवटले ज्यानसम्बन्धीको महलको १४ नं. अनुसारको कसूर गरेको देखिँदा निजहरूलाई ऐ. महलको १३(३) नं. बमोजिम सजाय गरेको पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई सोही महलको १४ नं. बमोजिम जनही कैद वर्ष १० सजाय हुने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको CR-०१३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जीतबहादुर रखाल*

ज्यान लिने मनसाय नभई रक्सी खाएको सुरमा भएको विवादमा तत्काल उठेको रिस थाम्न नसकी लात, मुक्का इत्यादिले हानेको चोट पीरले मृतकको मृत्यु भएको देखिँदा यस्तो कसूरमा ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुन सक्ने हुँदैन ।

अतः प्रतिवादी जीतबहादुर रखालले मृतकलाई मार्नुपर्नेसम्मको पुरानो रिसइवी नभई मृतकले खाएको रक्सीको सुरमा बाटोमा विवाद परी कुटाकुट भई सोही कुटपीटको सिलसिलामा मृतकको मृत्यु भएको देखिदा यी प्रतिवादीलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी

महलको १३(३) नं. बमोजिमको सजाय नगरी सोही महलको १४ नं. बमोजिम कैद वर्ष १० सजाय हुने ।
इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

२०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३६३६, कर्तव्य ज्यान र चोरी, *नेपाल सरकार वि. भीमबहादुर थिङ (तामाङ) समेत*

शव परीक्षण प्रतिवेदनको व्यहोरामा मृत्युको कारण Blunt force trauma to the chest भनी उल्लेख भएको र यी प्रतिवादी रामकृष्ण ठकुरीले अदालतसमक्षको बयानको क्रममा मृतकको मुख छोपी छट्पटाउँदा काठको दराजमा ठोक्किएको भनी उल्लेख गरेको देखिँदा मृतकको मृत्यु प्रतिवादीकै कर्तव्यबाट भएको स्थापित भएको यस्तो अवस्थामा यी प्रतिवादी रामकृष्ण ठकुरीले कसूरमा संलग्न भएको तथ्यलाई स्वीकारी बयान गरेका एवं निजको बयानलाई सहअभियुक्त नारायण भन्ने भीमबहादुर तामाङ्गको बयान एवं अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्थामा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जनमकैद सजाय हुने ।

प्रतिवादी नारायण भन्ने भिमबहादुर तामाङ्ग समेत घटनास्थल एवं वारदातस्थलमा प्रवेश गरी चोरीमा संलग्न भएको, मृतकको घरमा पहिलादेखि बसेको भै मौकामा प्रहरीसमक्ष भएको बयानमा समेत आफू समेत संलग्न भएको एवं मृतक विरूद्ध षड्यन्त्र रची मृतकको कर्तव्य गरी मार्नमा समेत संलग्न भएको यस्तो अवस्थामा ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसूर गरेकोमा सोहीबमोजिम सजाय गर्नुपर्ने ।
इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल मंसिर ५ गते रोज १ शुभम् ।

२१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.न ३२७८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. हरि शाह समेत*

करणीको वारदात मिति २०५८।७।३० मा भएको देखिँदा पीडितको सो भनाइबाट जबर्जस्ती करणीको वारदात हुँदा पीडितको उमेर १४ वर्ष भन्दा माथि १६ वर्षभन्दा कम रहेको देखियो । तत्काल प्रचलित मुलुकी ऐन (दशौं संशोधन) को जबर्जस्ती करणीको महलको ३ नं.मा १४ वर्ष वा सोभन्दा माथिकी स्वास्नी मानिसलाई जबर्जस्ती करणी भएमा ३ देखि ५ वर्षसम्म कैदको सजाय गर्ने प्रावधान भएबमोजिम प्रतिवादी हरि शाहलाई कैद वर्ष ३ मात्र सजाय गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई तत्काल प्रचलित मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३ नं. बमोजिम प्रतिवादी हरि शाहलाई कैद वर्ष ४(चार) सजाय हुने ठहर्छ । सो बाहेक अन्य प्रतिवादीहरू माधव कार्की र सुवास शाहलाई सफाई दिई सोही महलको १० नं. बमोजिम प्रतिवादी हरि शाहको आधा अंश पीडितलाई भराई दिने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्पयुटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

२२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको CR-०४२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमप्रसाद खनाल*

प्रमाण ऐन, २०३१ अनुसार वादी पक्षले कुनै कुराको जिकीर लिन्छ भने सो कुरा पुष्टि गर्ने भार समेत निजैमा हुन्छ । अन्यथा उक्त जिकीर आफैंमा प्रमाणयोग्य हुँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष समेत आफूले कसूर नगरेको भनी बयान गरिहेको र सोही व्यहोरा नै उल्लेख गरी अदालतमा समेत बयान गरेको देखिएको तथा मौकामा बुझिएका व्यक्तिहरू एवं जाहुरवाला समेतले प्रतिवादीको उक्त बयान व्यहोरालाई अन्यथा भन्न नसकेको स्थितिमा सफाई पाएका प्रतिवादी भीमप्रसाद खनालले मृतकलाई कर्तव्य गरी मारेको भन्ने अभियोग दावी पुष्टि हुन नसक्ने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ २८ गते रोज २ शुभम् ।

२३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको CR-३६३८, लागू औषध, *नेपाल सरकार वि. नवीन भण्डारी समेत*

प्रतिवादीहरू नाइट्रोजेपामसहित पक्राउ परेको कुरामा विवाद नभएकोले दावीबमोजिम खैरो हिरोइनको अलावा नाइट्रोजेपाम समेतको ओसार पसार एवं कारोवारमा प्रतिवादीहरू संलग्न रहेको समेत देखिन्छ । तसर्थ सो मागतर्फ नबोली गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला केही उल्टी भै प्रतिवादीहरूलाई माग दावीबमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (झ) बमोजिम समेत सजाय हुने ठहर्छ । सो ठहर्नाले एकै फैसलाबाट खैरो हिराइनको कारोवारतर्फ ऐ. ऐनको दफा १४(१)(६) बमोजिम ५ वर्ष कैद र २५,०००।- (पच्चीस हजार) जरीवाना भएकोमा अ.बं. १४(१) (झ) बमोजिम नाइट्रोजेपामको पनि पाँच वर्ष कैद र एक लाख जरीवाना हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ २८ गते रोज २ शुभम् ।

२४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको CR-०७५३, कर्तव्य ज्यान, *प्रभु साह तुरहा वि. सुशील शाह तुरहा समेत*

जाहेरबाला प्रभु साह तुराहाले शुरूमा जाहेरी दिँदा प्रतिवादी बनाइएका व्यक्तिमध्ये परमेश्वर साहले बञ्चरो, दिनदयाल साह र राधेश्याम साहले फलामे रड र रामनाथ साह र सुशीला साहले भालाले प्रहार गरी आफ्नो भाई विश्वनाथ साहलाई घाइते पारेको र सोही चोट पटकले निजको मृत्यु भएको भनी किटानी लेखाई दिएको भए पनि अदालतमा आई बकपत्र गर्दा मेरो भाइलाई अपरिचित बदमास केटाहरू आई कुटपपीट गरिसकेपछि ती व्यक्तिहरू भागी गएका हुन् भनी यस मुद्दामा विपक्षी बनाइएका व्यक्तिहरूले कुटपीट गरेका होइनन् भनी लेखाई दिएको देखिन्छ । त्यसका अलावा शुरूको जाहेरी व्यहोरा समेत रिसइवीका कारणले मात्र दिएको हो भनी बकपत्र गरी शुरूको जाहेरी व्यहोरालाई पूर्ण रूपमा खण्डन गरी बकपत्र गरी दिएको देखिन्छ । आफूले लेखाई दिएको सत्य तथ्य व्यहोरा पछिसम्म फरक नपर्ने गरी उल्लेख गर्नुपर्नेमा पटक-पटक व्यहोरा फेरी दिएको जाहेरबालाको कार्यलाई सामान्य प्रकृतिको मान्न नमिल्ने हुँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२)(क) बमोजिम ३ हजार रूपैयाँ जरीवाना र ३ महिना कैद हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ २८ गते रोज २ शुभम् ।

२५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको CR-०४९४, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. बिना लामा*

जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐनको दफा ४(ख) मा मानिसलाई बेच बिखन गर्ने उद्देश्यले विदेशमा लैजाने कार्य गरेमा निजको सो कार्य जीउ मास्ने बेच्ने कार्यअन्तर्गत पर्दछ भनी भनिरहेको देखिन्छ । प्रस्तुत मुद्दामा पीडितहरूलाई यी प्रतिवादी समेतको संलग्नतामा भारतको मुम्बै लगेको भन्ने जाहेरी व्यहोरा एवं मौकामा बुझिएका व्यक्ति समेतको कागज एवं अदालतसमक्षको बकपत्रले समेत पुष्टि भैरहेको देखिन्छ । बेच बिखनको उद्देश्यले भारतको मुम्बै लगेको भनी अभियोग वा दोष लगाई सकेपछि यदि सो मनसायले भारत लगेको भए सो कुरा ठोस सबूद प्रमाणसहित प्रतिवादीले खण्डन गर्न सक्नुपर्नेमा सो गर्न सकेको पाइँदैन । सोका अलावा जीउ मास्ने बेच्नेसम्बन्धी अपराधको अभियोग लागेका प्रतिवादीले आफू निर्दोष रहेको ठोस प्रमाण गुजार्न अत्यावश्यक देखिन्छ । अन्यथा सानातिना त्रुटि एवं बचन एवं कथनको भिन्नतालाई आधार मानी प्रतिवादीलाई सफाई दिन नमिल्ने हुँदा प्रतिवादी बिना लामालाई अभियोग माग दावीबमोजिम जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ४(ख) को कसूरमा सोही ऐनको दफा ८(२) बमोजिम ५ (पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ २८ गते रोज २ शुभम् ।

२६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३१५७, लागू औषध, *नेपाल सरकार वि. गौरीशंकर कर्माचार्य*

प्रतिवादीको बयान, निजकी श्रीमतीको भनाई लगायतका मिसिल संलग्न सबूद प्रमाणबाट प्रतिवादीले बिक्री वितरणको कारोवारको लागि बरामदी लागू औषध सञ्चय गरी राखेको प्रमाणित हुन नसकेको अवस्थामा केवल अभियोग माग दावीलाई मात्र सिरान हाली प्रतिवादीलाई लागू औषध बिक्री वितरणतर्फ सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

२७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको CR-०२१९, ०३६९, जबर्जस्ती करणी र डाँका, *रमानन्द खवास वि नेपाल सरकार, दिलबहादर खवास वि. नेपाल सरकार*

पीडित जाहेरवालीको जाहेरी दरखास्त, अदालतसमक्षको बकपत्रलगायत अन्य मौकामा बुझिएका व्यक्तिको कागज तथा परीक्षण प्रतिवेदन जस्ता भौतिक सबूद प्रमाणहरूको आधारमा प्रतिवादीहरूले पीडितउपर जबर्जस्ती करणीको वारदात गरेको पुष्टि भएकोले पक्राउ परेका प्रतिवादीहरू दिलबहादुर खवास, रमानन्द खवास र ईदेश चौधरी खवासलाई जबर्जस्ती करणीको महलको ३(३) नं. बमोजिम ७ वर्ष कैद र ऐ.को ३क बमोजिम थप ५ वर्ष समेत सजाँय हुनुका साथै प्रतिवादीहरूको आधा अंश समेत पीडित जाहेरबालीलाई भराई दिने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम् ।

२८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको CR-०३४२, कर्तव्य ज्यान, *जीतबहादुर कुँवर वि. नेपाल सरकार*

मृतकहरू ध्वजबहादुर कुँवर तथा देवसिँह कुँवरलाई मार्ने उद्देश्यसाथ अन्य प्रतिवादीहरू हरिश उप्रेती र भूपी खौल्यालसँग सल्लाह गरी भाइ देवसिंह कुँवरलाई लिप्नाको जंगलमा मारेर फर्केपछि भोलिपल्ट ध्वजबहादुर कुँवरलाई राति कोठामा नै मार्ने सल्लाहबमोजिम कोठामा सुतिरहेका यी मृतक ध्वजबहादुरलाई खुकुरी प्रहार गरिसकेपछि खोलाको डिलमा टाउको र शरीर छुट्ट्याएर फालेको समेत देखिएको र सो कुरा प्रतिवादीको बयान, लास जाँच मुचुल्का पोष्टमार्टम रिपोर्ट एवं घरबेटीको बकपत्र समेतबाट पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादी जीतबहादुर कुँवरलाई ज्यानसम्बन्धी महलको १ नं. को अपराधमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको शुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको इन्साफमा ज्यानसम्बन्धी महलको १३(१) र १३(३) नं.को प्रयोगमा त्रुटि देखिँदा सो हदसम्म उल्टी भै प्रतिवादी जीतबहादुर कुँवरलाई अभियोग मागबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम् ।

२९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको CR-०३४३, कर्तव्य ज्यान, *जीतबहादुर कुँवर वि. नेपाल सरकार*

मृतक देव सिंह कुँवरलाई मार्ने मनसायसाथ अन्य फरार प्रतिवादीहरूसँग मत सल्लाहमा पसी पिछा लागेर जंगलमा पुगी वारदात घटाएको अवस्था समेतबाट प्रतिवादीहरूको आपराधिक मनसाय समेत रहे भएको देखिन्छ ।

अतः मृतक देवसिंह कुँवरलाई प्रतिवादीहरूले मार्ने उद्देश्यले पिछा गरी एकान्तस्थल लिप्नाको जंगलमा पुगी प्रतिवादीहरू जीतबहादुर कुँवर, हरिश उप्रेती र भूपी खौत्याल समेत भै कर्तव्य गरी मारेको देखिएकोले पक्राउ परेका प्रतिवादी जीतबहादर कुँवरलाई ज्यानसम्बन्धीको महलको १ नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी भएको शुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत महेन्द्रनगरको इन्साफ मिलेकै देखिँदा सदर हुने ।

पुनरावेदक प्रतिवादीको जिकीर पुग्न सक्ने देखिँदैन । उक्त सजाय चर्को पर्ने भनी शुरू जिल्ला अदालतले अ.बं. १८८ नं. बमोजिम कम सजायको लागि राय व्यक्त गरेको भए पनि पुनरावेदन अदालतले सो मुनासिब नठहऱ्याई राय व्यक्त गरेको देखियो ।

अ.ब.१८८ नं बमोजिम यसमा थप विचार गर्नुपर्ने स्थिति नदेखिएकोले सो सम्बन्धमा केही गरिरहन नपर्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम् ।

३०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ००४८, उत्प्रेषणयुक्त प्रतिषेध, *शान्ता शाह वि. श्रम तथा रोजगार प्रवर्द्धन विभागसमेत*

निवेदकले धरौटबापत राखेको जेथा जमानतको रूपैयाँबापत जेथा जमानत दिएको हो सोको नगदै भुक्तानी गरी जेथा राखी रोक्का भएको सम्पत्ति फुकुवा गरी पाउन माग गरेकोमा सो अनुसार इजाजत पत्रको लागि बुझाउन परेको नगद रू. २५,००,०००।- बापत निवेदकले जेथा जमानत दिएको र सो जेथाको सट्टा नगदै बुझाउन र रोक्का रहेको जेथा फुकुवा गरी पाउन दिएको निवेदन इन्कार गर्ने गरेको मिति २०६३।२।८ को श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सचिवस्तरीय निर्णयमा कुनै कानूनी आधार उल्लेख भएको नदेखिने ।

विघटित कम्पनीको दायित्वको विषयलाई लिएर जेथा जमानी दिने यी निवेदिकाको सम्पत्तिमा अनावश्यक शर्त, दायित्व, सीमा वा असुविधा सिर्जना गर्न नमिल्ने हुनाले श्रम तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०६३।२।८को निर्णय कानूनसंगत नभएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले निवेदनमा उल्लेख गरेबमोजिमको जेथा जमानत दिएको हाल रोक्का रहेको सम्पत्तिको सट्टा शुरूमा इजाजत पत्रको लागि बुझाउन परेको रकम अर्थात् रू. २५,००,०००।- नगदै बुझाउन आएमा सो रकम बुझी लिनु र सो बापत् रोक्का रहेको जेथाको रोक्का फुकुवा गरी दिनु भनी विपक्षी श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

३१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री डा. भरतबहादुर कार्की,** २०६५ सालको रिट नं. ०६५-WO-०९६८, उत्प्रेषणयुक्त परमादेश, *हिरालाल पराजुली वि. महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी समेत*

निवेदकलाई सेवाबाट बर्खास्त गर्दा वा नोकरीबाट हटाउँदा निवेदकका हकमा प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली २०४९ को नियम ८९(२) मा उल्लिखित स्पष्ट कार्यविधिको पालना समेत नगरी निजलाई बिदा स्वीकृत नगराई आफूखुशी लाइन ब्यारेक छोडेको भनी मनोगत कारवाही प्रक्रियाका आधारमा नियमावलीको नियम ८८(झ) को कसूर स्थापित गरी ऐ.को नियम ८४(६) बमोजिम निवेदकलाई भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी मिति २०५७।९।२४ मा उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट भएको निर्णय एवं सोही निर्णयलाई सदर गर्ने भएको महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट भएको मिति २०६६।१।८ मा गरिएको पुनरावेदन निर्णय समेत कानूनसंगत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदक हिरालाल पराजुलीलाई सेवामा पूर्ववत् बहाली गरी निवेदकले कानूनबमोजिम पाउने सुविधा समेत दिनु भनी परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०२२७, वैदेशिक रोजगार, *नेपाल सरकार वि. धनबहादुर खड्का समेत*

जाहेरवाली शशीकला नेगीबाट मिति २०६०।११।१३ मा र.नं. ४३३ बाट रू. ६०,०००।-, रामेश्वरी डंगोलबाट मिति २०६०।११।१७ मा र.नं. ४२७ बाट रू. ६०,०००।-, शीला श्रेष्ठबाट मिति २०६०।११।१७ मै र.नं. ४२६ बाट रू. ६०,०००।- नगदै बुझिलिएको भनी सो (प्रा) लि.को मिसिल संलग्न रसिदको प्रतिलिपिबाट देखिन्छ । यसैगरी "गीताञ्जली बैनीबाट रू. ६०,०००।- बुझिलिएँ" भनी प्रतिवादी धनबहादुर खड्काले मिति २०६०।११।२५ भरपाई गरिदिएको समेत देखिएको यस अवस्थामा अन्य १० जना जाहेरवालाहरूलाई प्रतिवादीहरूले ठगी गरी लिएको रकम मात्र भराई उल्लिखित चार जना जाहेरवालीहरूको रकमको सम्बन्धमा मौन बसेको शुरू तथा पुनरावेदन अदालत समेतको फैसला सो हदसम्म मिलेको नदेखिँदा जाहेरवालीहरू रामेश्वरी डंगोल, शीला श्रेष्ठ, शशीकला नेगी र गीताञ्जली भट्टाचार्यबाट प्रतिवादी धनबहादुर खड्काले जनही रू. ६०,०००।- का दरले लिएको

रू. २,४०,०००।- समेत प्रतिवादीबाट जाहेरवालीहरूले भराई लिन पाउने ।
इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. १२७२, करार, *शिवरमण रेग्मी वि. बाबुचन्द्र शर्मा*

निवेदकले शर्तबमोजिम काम नगरेको भन्ने विपक्षी कार्यालयको भनाई नरहेको र निवेदकले विपक्षी कार्यालयसँग भएको मौखिक शर्तअनुसार निर्माण गरेको संरचनाबापत रू. ६८,५७९।- भुक्तानी पाउन बाँकी रहेको भनी विपक्षी कार्यालय स्वयंले स्वीकार गरेको अवस्थामा उक्त रू. ६८,५७९।- विपक्षीले निवेदकहरूलाई भुक्तानी दिई करारको परिपालना गर्नुपर्ने ।
इजलास अधिकृत : फणिन्द्र पराजुली
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०७६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सीता श्रेष्ठ*

प्रतिवादी सीता श्रेष्ठले आक्रमणकारी जुलुमीको पञ्जाबाट उम्कन गुहार माग्दा पनि कसैले नसुनेका र मद्दत नपुगेकोले आफ्नो सतित्वको रक्षाको खातिर गरेको प्रतिकारको कारणबाट पदमबहादुर धमलाको वारदातको एक-डेढ घण्टाभित्रै मृत्यु भएको देखिएकोले निज प्रतिवादी सीता श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सजाय गर्न मिल्ने देखिएन । प्रस्तुत वारदात जबर्जस्ती करणीको ८ नं. बमोजिम २ वर्ष कैद हुने ।
इजलास अधिकृत : फणिन्द्र पराजुली
इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ८१५७, ८१८४, पर्खाल भत्काई खिचोला मेटाई चलन समेत, *बशन्तप्रकाश पौड्याल समेत वि. सुशीलकुमार पन्त, सुशीलकुमार पन्त वि. शान्ति पौड्याल (भण्डारी)*

पुनरावेदन अदालतको फैसलाको ठहर खण्डमा कि.नं. ५५८ को ०-०-२ जग्गा र कि.नं. ५५९ को जग्गा समेत खिचोला गरेको भनी सो कि.नं. ५५९ को कति जग्गा खिचोला गरेको हो सो उल्लेख नभएबाट कि.नं. ५५९ को समुच्चै जग्गा खिचोला ठहर्‍याएको भन्नुपर्ने हुन आउँछ । तपसील खण्डमा न.नं. ५ र न.नं. ६ मा सम्म खिचोला गरेको ठहर्‍याए भनी उल्लेख गरे तापनि सो कुरा ठहर खण्डसँग फरक पर्ने देखिएको अवस्थामा ठहर खण्ड लागू हुने र ठहर खण्डमा कि.नं. ५५८ बाट विवादित क्षेत्रफलभन्दा बढी र कि.नं. ५५९ पूरै कित्ता उल्लेख गरेको देखिएकोले सो हदसम्म पुनरावेदन अदालतको फैसला नमिलेकोले केही उल्टी भई मिति २०५७।८।२ को नक्सा मुचुल्काबाट देखिएको वादीको कि.नं. ५५८ बाट न.नं. ५ ज.रो. ०-०-१-२ र कि.नं. ५५९ बाट न.नं. ६ ज.रो. ०-०-०-१ जग्गामा सम्म प्रतिवादीले पर्खाल लगाई खिचोला गरेको जग्गामा पर्नेसम्मको उक्त पर्खाल भत्काई वादीले खिचोला मेटाई चलन समेत पाउने ।
इजलास अधिकृत : शिवप्रसाद खनाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल असार २८ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ८९९५, पर्खाल भत्काई घर उठाई खिचोला मेटाई चलन समेत, *भिखारी दास समेत वि. अमिरीका सहनी समेत*

कि.नं. ५२ को जग्गा हाल वादीको भोगको रहेको र कि.नं. ५१ को जग्गा प्रतिवादीहरूको भोगमा रहेको देखिन्छ । सम्बन्धित नापी शाखाबाट प्राप्त ट्रायल चेकअनुसार कि.नं. ५२ को क्षेत्रफल ०-१-० रहेको र कि.नं. ५१ को क्षेत्रफल ०-०-८ रहेको पाइन्छ । अदालतबाट मिति २०६०।७।२७ मा भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. १० मा वादीको निर्विवाद भोगचलनमा रहेको कि.नं. ५२ को जग्गा रहेको देखिन्छ । उक्त न.नं. १० को क्षेत्रफल ०-०-३-३ रहेको पाइन्छ । न.नं. ६ मा कि.नं. ५१ को प्रतिवादी अमिरीका सहनीको घर सहितको ०-०-८-१४ जग्गा रहेको पाइन्छ । नक्सा मुचुल्का न.नं. ५ र न.नं. ९ को जग्गा समेत वादीको कि.नं. ५२ को भन्ने उल्लेख भएको देखिन्छ । जसमा न.नं. ५ को क्षेत्रफल ०-०-११-६ र न.नं. ९ को क्षेत्रफल ०-०-७-१३ रहेको देखिन्छ । यसरी नक्सा कैफियतमा न.नं. ५ को फुसको घर र भखारी सहितको जग्गा कि.नं. ५२ को रहेको र न.नं. ९ को कि.नं. ५२ को जग्गा प्रतिवादीको भोगमा रहेको भन्ने देखिन्छ । प्रतिवादीको कि.नं. ५१ मा न.नं. ६ को ०-०-८-१४ जग्गा रहेको जुन ट्रायल चेकमा उल्लेख भएको कि.नं. ५१ को ०-०-८ भन्दा बढी नै देखिन्छ । यसबाट वादीको कि.नं. ५२ को नक्सा मुचुल्काको न.नं. ५ र ९ को जग्गा प्रतिवादीले खिचोला गरेको देखिने ।
इजलास अधिकृत : शिवप्रसाद खनाल
इति संवत् २०६७ साल असार २८ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ०३५६, लिखत दर्ता बदर, *सुरेशकुमार अग्रबाल वि. पानादेवी कल्वारिन*

अदालतबाट दा.खा. पूर्जी समेत प्राप्त गरेको जग्गामा वादीको पतिले नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेको भन्ने प्राविधिक कारणले सम्म तत्काल दा.खा. नगरी मुल्तवी राखे तापनि त्यत्तिकैबाट उक्त जग्गामा वादीको हक नै समाप्त भएको मान्न सकिँदैन । पुनरावेदक प्रतिवादी सुरेशकुमार अग्रबालका दाता रमाशंकर सिंहले वादी दावीको जग्गा आफ्नो नाममा कायम गराउँदाको मुख्य स्रोत नै अंश मुद्दाको मिति २०४४।३।७ को मिलापत्र देखिन आउँछ । उक्त मिलापत्र दा.खा. दर्ता बदर गरिपाऊँ भनी यिनै वादी पानादेवी कल्वारीनले अंश मुद्दामा मिलापत्र गर्ने पक्ष रमाशंकर सिँह समेतउपर दे.दा.नं. २०५६ को फिराद दायर गरेकोमा पर्सा जिल्ला अदालतबाट मिलापत्र आदेश दा.खा. दर्ता बदर हुने ठहरी मिति २०५८।८।२५ मा फैसला भई उक्त फैसलाउपर पुनरावेदन समेत नपरी अन्तिम भइरहेको पाइयो । यसरी यी पुनरावेदकका दाता रमाशंकरको हकको स्रोत मिति २०४४।३।७ को मिलापत्र र सोबमोजिमको दर्ता नै बदर भई अन्तिम भै सकेपश्चात् सोही निष्क्रिय स्रोतको आधारमा यी पुनरावेदक प्रतिवादीलाई गरिदिएको दावीको जग्गाको राजीनामाको लिखत कायम रही रहन नसक्ने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असार २८ गते रोज २ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको दे.पु.नं. ०३५५, लिखत दर्ता बदर दर्ता, *रमेशकुमार अग्रबाल वि. पानादेवी कल्वारिन*
- २०६४ सालको दे.पु.नं. ०६५५, निषेधाज्ञा, *रमेशकुमार अग्रबाल वि. विष्णुकुमार साह कलवार*

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** ०६४-००७२, सवारी ज्यान, *नेपाल सरकार वि. दीपेन्द्र शाक्य समेत*

क्षतिपूर्तिसम्बन्धी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले गरेको व्यवस्था स्पष्ट रूपले सडक वा सोसँग सम्बन्धित वा जडित सार्वजनिक निर्माणका अन्य संरचनाको क्षति वा सोको क्षतिपूर्तितर्फ इंगित नगरी तेस्रो पक्षको रूपमा रहेका व्यक्ति वा व्यक्तिगत सम्पत्तिको क्षतिको क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको देखिन आउँछ । सो ऐनको दफा १६३ ले गरेको कानूनी व्यवस्थाले पीडित पक्षलाई दुर्घटनाबाट पुग्न गएको क्षतिको क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको देखिएकोले उक्त दफा १६३ को क्षतिपूर्तिसम्बन्धी व्यवस्था तेस्रो पक्षको सम्बन्धमा प्रासंगिक नहुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. २३७, निर्णय बदर, *लत्रु माझी थारू वि. दामोदर शर्मा समेत*

जग्गाधनी प्रमाण पूर्जामा यी वादी लत्रु माझी मोही भनी लेखिएको आधारमा जग्गाधनीले निजउपर दिएको बाली भराई पाऊँ भन्ने मुद्दामा भएको निर्णयको आधारमा पनि यी वादी लत्रु माझी दावीको कि.नं. ८८ को जग्गाको मोही हुन सक्ने देखिँदैन । मोही हुनका लागि भूमिसम्बन्धी ऐन नियमले तोकेको प्रक्रियाहरू पूरा गरेकै हुनुपर्दछ । यसका अलावा यी वादी लत्रु माझीले उक्त बाली भराई पाऊँ भन्ने २०३८ सालको दे.नं. १०१९ को मुद्दामा प्रतिउत्तर फिराउँदा आफू दावीको जग्गाको मोही नभएको भनी उल्लेख गरेको समेत देखिँदा दावीको कि.नं. ८८ को जग्गाको वास्तविक मोही वादी लत्रु माझी नभै प्रतिवादी मनिलाल चौधरी नै रहेको देखिन आउने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ २७ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको दे.पु.नं. २३५, फैसला बदर, *लत्रु माझी थारू वि. मनिलाल चौधरी समेत*
- २०६३ सालको दे.पु.नं. २३६, मोही प्रमाणपत्र, *लत्रु माझी थारू वि. दामोदर शर्मा समेत*

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. १२४०, हक कायम समेत, *कृष्णदेवी सिख्राकार वि. आयुरत्न सिख्राकार*

प्रतिवादी आयुरत्न सिख्राकारले गराएको नामसारी निर्णय बदर गरी वादी दावीबमोजिम कि.नं. १६६९ को घरमध्ये आधा दक्षिणतर्फको घरदेखि उत्तरपश्चिमतर्फको एकनाले घर समेत वादीका नाममा नामसारी दर्ता हुने ठहऱ्याएको फैसला सदर गर्नुपर्नेमा सो फैसलालाई उल्टी गरी वादी दावी नपुग्ने ठहऱ्याएको मिति २०६३।१०।२१ को पुनरावेदन अदालत पाटनको फैसला नमिलेकोले उल्टी हुने र

शुरू काठमाडौं जिल्ला अदालतको मिति २०६२।५।२६ को फैसला सदर भई कि.नं. १६६९ को घर जग्गामा वादीको हक कायम भई दर्ता समेत हुने।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम्।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. १२४१ खिचोला समेत *कृष्णदेवी सिखाकार वि. आयुरत्न सिखाकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ११८५, १२४४ र १२८१, निर्णय दर्ता बदर हक कायम, *आयुरत्न सिखाकार वि.छोरी सिखाकार समेत, छोरी सिखाकार समेत वि. आयुरत्न सिखाकार, दिव्य कुमारी सिखाकार वि. छोरी सिखाकार समेत*

बण्डापत्रको अस्तित्व स्वीकार गरी सो अनुसार आफ्नो अंश भाग लिई खाइसकेपछि सोही बण्डापत्रका अन्य शर्त र व्यवस्थाहरू सबै अंशियारले मान्नुपर्ने हुन्छ र बण्डापत्रका शर्त र व्यवस्थाहरू मान्न त्यसमा हस्ताक्षर गर्ने सबै पक्ष र व्यक्ति विवन्धित छन्। कसैले त्यसको विपरीत जान नमिल्ने।

आमाको नामबाट नामसारी गराए पनि अंशियारकै नाममा रहेको हुनाले रत्नमायाले गरिदिएको बकपत्र बदर गराउन वा नामसारी बदर गराउन नालेस दिइरहनु नपर्ने र नालेस नदिएकै कारण बाबु आमाको जीउनी र अबण्डा राखिएको सम्पत्तिमा यी वादीहरूको अंश हक समाप्त हुने वा प्रतिवादी आयुरत्नको एकलौटी हक सिर्जना हुन नसक्ने।

नामसारी र दर्ता गराउदैमा अन्य अंशियारहरूको हक जान सक्दैन। त्यस्तै एउटाको हकको अंशको जग्गा अर्का अंशियारले नामसारी दर्ता गराएमा त्यो दूषित दर्ता हुन्छ। दूषित दर्ता बदर गराउन हदम्यादको सीमा वाधक वन्न सक्दैन। त्यस्तो दूषित दर्ताले वादीहरूको नाममा निजहरूको अंश हकको जग्गा दर्ता गर्नबाट रोक्न नसक्ने।

बण्डापत्रको पक्ष नरहेको व्यक्तिलाई बण्डापत्रको शर्तले विवन्धित गर्न सक्ने अवस्था नदेखिएको र आफ्नो अंश भाग जिउनीको सम्पत्ति कानूनको अधीनमा रही रत्नमाया सिखाकारले कसैलाई विक्री, दान वा बकस गरिदिन नपाउने भन्न नमिल्ने।

इजलास अधिकृत: श्रीप्रकाश उप्रेती

कम्प्युटर: रानु पौडेल

इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु. नं. ०६३-CI-०७३७, निषेधाज्ञा, *आशिषकुमार गोयल वि. डिविडाग ड्रागोस सिडव्लुई जे.भी. समेत*

प्रस्तुत निषेधाज्ञाको निवेदन पुनरावेदन अदालत पाटनमा दायर गर्दाको अवस्थामा नै वहाल र क्षतिपूर्ति भराई पाऊँ भनी काठमाडौं जिल्ला अदालतमा विपक्षीहरू उपर फिराद दायर गरेको देखिन्छ। उक्त मुद्दामा प्रमाणको समुचित मूल्याङ्कन गरी वहाल तथा क्षतिपूर्तिका सम्बन्धमा दावी पुग्ने नपुग्ने निर्णय गर्ने कानूनी क्षेत्राधिकार जिल्ला अदालतमा रहेको पाइन्छ। त्यस्तै सिमेन्ट रोक्का राख्ने नराख्ने विषयमा पनि जिल्ला अदालतवाट सोही मुद्दामा मुलुकी ऐन अ.वं. १७१ क नं. बमोजिम कारवाही उठान हुनसक्ने अवस्था रहेको देखिन्छ। यसरी निवेदकले आफ्नो अधिकारको प्रचलनको लागि जिल्ला अदालतमा मुद्दा दायर गरी कारवाहीयुक्त अवस्थामा निवेदकले उठाएको विवादको निरोपण सोही मुद्दावाट हुने हुँदा गोदामवाट सिमेन्ट झिक्न रोकी पाऊँ भनी दायर गरेको प्रस्तुत निवेदनमा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने।

इजलाश अधिकृत : शिबप्रसाद खनाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय, मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको ०६३-CI-०९०६, निषेधाज्ञा मिश्रित परमादेश, *संजयकुमार जयसवाल वि.जनकपुर भन्सार कार्यालय समेत*

कानूनमा भएको व्यवस्थाको प्रतिकूल कसैले कुनै काम कारवाही गरेमा सो कार्यलाई चुनौती दिई कार्यवाही गर्नसक्ने अधिकार निवेदक/पुनरावेदकमा सुरक्षित नै रहने र जुन मितिमा लिलामी कार्य हुने आशंका गरी निवेदकले प्रस्तुत निवेदन गरेका हुन् सो लिलाम कार्य स्थगित भएको देखिन्छ। लिलाम नै स्थगित भएको अवस्थामा आशंकाको स्थिति समेत नभएकोले लिलाम कार्य कानूनी वा गैरकानूनी के हो भनी वोली रहनु नपर्ने साथै निवेदन माग दावीबमोजिम निषेधाज्ञाको आदेश समेत जारी गरिरहनु पर्ने अवस्था देखिन्न।

भन्सार चोरी निकासी मुद्दाका वेसरोकारवाला व्यक्तिले पुनरावेदन म्याद जारी गर्नेतर्फ परमादेशको आदेश

माग गरेको देखिँदा निवेदकको हकाधिकारको अभावमा परमादेशको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृत : शिवप्रसाद खनाल

इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय, मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं.०६६-CR–०६५२, कर्तव्य ज्यान, *रञ्जना पौठाक लिम्बू वि. नेपाल सरकार*

मृतक हर्कबहादुर पौठाक निज प्रतिवादी रन्जना पौठाकको आफ्नो सहोदर जन्म दिने बाबु भएको र आफ्नै बाबुले आफूलाई करणी गर्ने उद्देश्यले सुतिरहेको ठाउँमा लुङ्गी र खुट्टा समात्न आउँछ भन्ने कल्पनासम्म पनि गर्न नसकिने अवस्थामा उक्त घटना भएको देखिन्छ। प्रतिवादी रन्जना पौठाकलाई सुतिरहेको अवस्थामा रातमा लुङ्गी तान्ने र खुट्टा समाउने समेतका कार्यले यी प्रतिवादीले आफ्नो सतित्व रक्षा गर्नुपर्ने अवस्था समेत भएको, यि प्रतिवादीको उमेर १७ वर्षको भएको र यिनको विगतको पृष्ठभूमी समेतलाई हेर्दा आपराधिक मनोवृत्ति रहे भएको समेत मिसिल संलग्न कागज प्रमाणबाट देखिदैन। यी प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतमा समेत आफ्नो पीडित मनोभावना लाई व्यक्त गरी आफूले अपराध गरेको तथ्य स्वीकार गर्दै अपराध गर्नुपर्ने कारण समेत उल्लेख गर्दै अनुसन्धान तथा अदालतमा वयान गरी अदालतको कानूनी प्रक्रिया समेतलाई सहयोग पुऱ्याएको देखिएकोले उपरोक्त आधार कारण समेतलाई विचार गर्दा निज प्रतिवादीलाई सर्वस्व सहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने देखिदा यी प्रतिवादी रन्जना पौठाकलाई मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम कैद बर्ष पाँच मात्र हुने।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल भादौ २३ गते रोज ४ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रेम शर्मा, मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६-CI-०८९७,०९४९ निषेधाज्ञा परमादेश, *रमेशकुमार सिँह वि.रामाज्ञा साह कलवार, नारायणी सिमेन्ट उद्योग प्रा.लि.समेत वि. .रामाज्ञा साह कलवार*

वातावरण विनासले निश्चय पनि मानव समुदायमा मात्र नभई जीवित प्राणी, जलचर तथा वनस्पति समेतका लागि अति संवेदनशील विषयवस्तु भएको र यसको समुचित संरक्षण गर्नु तथा प्रदूषित हुन नदिनु हरेक व्यक्ति, नागरिक, औद्योगिक प्रतिष्ठानहरू, स्थानीय निकायहरू र सरकारी निकाय समेतको मूलभूत कर्तव्य तथा दायित्व हुने। वातारणको संरक्षण प्रत्यक्ष रुपमा सम्पूर्ण मानव समुदायको लागि हो भन्ने यथार्थता सम्पूर्ण औद्योगिक प्रतिष्ठानका सञ्चालकहरूले हृदयगंम गर्नुपर्ने वास्तविक मन्त्र हो भन्नु समय समपेक्ष हुन जान्छ। औद्योगिक प्रतिष्ठानहरूले आर्थिक लाभलाई मात्र उद्देश्य बनाई वातावरण संरक्षणमा ध्यान नदिने होभ ने सोबाट स्वयं उद्योगका सञ्चालक एवं कामदार कर्मचारी समेतलाई प्रतिकूल असर पर्न जाने कुरालाई अत्यन्त गम्भीरतापूर्वक लिनुपर्ने।

वातावरण संरक्षण गर्ने कार्यमा कानूनले तोकेबमाजिम निवेदकले दावी लिएको क्षेत्रमा समेत निरन्तर रूपमा लागि रहनु विपक्षी समेतका नाममा परमादेशको आदेश जारी हुने र वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा गठित प्राविधिकहरूको टोलीबाट प्रस्तुत गरेको निरीक्षण प्रतिवेदनमा औंल्याइएका निष्कर्ष र सुझावहरूको कार्यान्वयन ६ महिनाभित्रमा सम्पन्न गरी उद्योगको आफ्नो परिसर बाहिरको सार्वजनिक बाटो ऐलानी पर्ती तथा निजी जग्गा समेतमा प्रदूषण मापदण्डविपरीतको खरानी, औद्योगिक धुलो तथा प्रदूषित पानी बगाउने लगायतको प्रदूषणजन्य कुनै कार्य नगर्नु नगराउनु र वातावरण प्रदूषण हुन नदिन निरन्तर रूपमा प्रभावकारी प्रयत्न गरिरहनु भनी विपक्षीको नाममा निषेधाज्ञा एवं परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृत अशोककुमार वस्नेत

इति संवत २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको WO-०८०४, उत्प्रेषण, परमादेश, *विपीन हाडा वि.मालपोत कार्यालय ललितपुर समेत*

निवेदक हिमालयन बैंक लिमिटेडको मिति २०६६।८।२८ को पत्रानुसार नामसारी दाखिल खारेज गरी बैंकको लिलाममा बोलकवोलकर्ता श्रीमती रोमी सुब्बा श्रेष्ठका नाउँमा जग्गाधनी प्रमाण पूर्जा बनाई दिनुपर्नेमा सो नगरी सोसम्बन्धी कार्य तामेलीमा राख्ने निर्णय गरेको प्रत्यर्थी मालपोत कार्यालय ललितपुरको मिति २०६६।१०।२४ को निर्णय आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। तसर्थ निवेदक बैंकको मागबमोजिम दा.खा. नामसारी गरिदिनु भनी विपक्षी मालपोत कार्यालय ललितपुरको नाउँमा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृत : कपिलमणि गौतम

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको रिट नं. WO-००७७, उत्प्रेषण, परमादेश, *होमराज पन्त वि. राष्ट्रिय वाणिज्य बैंकको सञ्चालक समिति समेत*

निवेदक हेमराज पन्त स्वयंले आफू बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१(१)(झ) को हकबाला हुँ भनी निवेदनमा उल्लेख गरेको देखिन्छ । त्यस्तो स्थितिमा राष्ट्रिय वाणिज्य बैंक नारायणगढ शाखा र मृतक लक्ष्मीकुमारी पन्तबीच खाता खोल्दाकै अवस्था मिति २०६२।११।७ मा निजको व.हि.नं. ४७३६ को रकम निज मृतक लक्ष्मीकुमारी पन्तको शेषपछिको हकबाला गुरूजी नाता पर्ने श्रीमन् नारायण जेर स्वामीलाई इच्छ्याइएको पाइयो । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१(१) अनुसारका इच्छ्याइएको व्यक्ति जीवित रहेको अवस्थामा मृतक लक्ष्मीकुमारी पन्तको निक्षेपको रकम भुक्तानी दिन बैंक बाध्य हुनु पर्ने कानूनी व्यवस्था देखिएको स्थितिमा उक्त कानुनी व्यवस्थाअनुसार प्राथमिकता क्रमानुसार दफा ८१(१)(झ) मा पर्ने निवेदक होमराज पन्तको मृतकको निक्षेपमा रहेको रकममा हक दावी गरेअनुसार भुक्तानी हुनुपर्छ भन्न कानूनी र न्यायोचित नहुने ।

इजलास अधिकृत : कपिलमणि गौतम

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको WO-०५५५, उत्प्रेषण, परमादेश, *मनोजकुमार यादव वि. ऐसेलुखर्क उ.मा.वि. सिन्धुपाल्चोक समेत*

शिक्षा नियमावली, २०५९ को नियम १३३ को देहाय (ख) मा शिक्षक निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने भनी शिक्षकको आचारसंहिता शीर्षकमा कानूनी व्यवस्था स्पष्ट रूपमा उल्लेख गरेको पाइयो । निवेदककै निवेदन व्यहोराअनुसार पनि निज बिदा स्वीकृत नगराई बसेको पुष्टि भइरहेको र शिक्षा ऐन, २०२८ (संशोधन २०६३) समेतको दफा १६ट मा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । निवेदक मनोजकुमार यादवले आफू विद्यालयमा उपस्थित नभएको अवधिको तलब भत्ता भुक्तानीको माग गर्नु स्वयंमा उल्लिखित ऐन र नियमावलीको उक्त कानूनी व्यवस्था विपरीतको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कपिलमणि गौतम

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको WO-०१९४, उत्प्रेषण, परमादेश, *लक्ष्मीकुमारी तिमिल्सिना वि. जल्ला शिक्षा कार्यालय, बीरगञ्ज पर्सा समेत*

निवेदिकाले विद्यालयको कर्मचारीको रूपमा सामान्य व्यवहार नगरेको भन्ने कुरा मिसिल संलग्न निजलाई विद्यालयको सेवाबाट हटाई पाऊँ भनी अभिभावकहरूले विद्यालयमा मिति २०६५।०४।०१ मा दर्ता गराएको प्रतिवेदनको प्रतिलिपिबाट प्रष्ट हुन आउँछ । निवेदिकाले सुनुवाइको मौका नदिएको भनी निवेदनमा जिकीर लिए पनि मिसिलमा रहेको प्रत्यर्थी नेपाल राष्ट्रिय नि.मा.वि. नगवाको मिति २०६५।०४।०३ को पत्रको प्रतिलिपिबाट निजलाई स्पष्टिकरण सोधेको देखिएको तर निवेदिका स्वयंले उल्लिखित अवधिभित्र स्पष्टिकरण पेश नगरेको भन्ने प्रत्यर्थी विद्यालय व्यवस्थापन समितिको लिखित जवाफबाट देखिन आयो । यस स्थितिमा निवेदिकालाई विद्यालयको सेवाबाट सुनुवाइको मौका नदिई परिचर पदबाट हटाइएको भन्ने पनि देखिन आउँदैन । अर्कोतर्फ निवेदिका जस्ता अस्थायी कर्मचारीलाई सामान्यतया नियुक्ति गर्ने अधिकारी वा निकायले अवकाश दिन सक्ने कुरा कानून र न्यायका मान्य सिद्धान्तभित्र पर्ने नै देखिँदा मागबमोजिम आदेश जारी गर्न मिलेन, प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : कपिलमणि गौतम

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा, मा.न्या.श्री भरतराज उप्रेती**, २०६२ सालको रिट नं. ३५४६, उत्प्रेषण, *जगदिशप्रसाद अर्याल वि.मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय समेत*

सम्झौताबमोजिम लिखित Variation Order नभएको अवस्थामा थप काम गर्न पनि नपाउने र थप रकम दावी समेत गर्न नपाउनेमा शंकासम्म गर्ने ठाउँ रहदैन । निवेदकले थप काम गरेको दावी गरे पनि सम्झौताबमोजिम लिखित Variation Order प्रत्यर्थीसँग भएको छ भनी निवेदन माग दावीमा खुलाउन सकेको पाइएन । लिखित Variation भएको दावी लिन नसकेका निवेदकले Extra Items को कार्य गरेका रहेछन् भन्न नमिल्ने ।

आफैलाई मान्य हुने गरी आफैले गरेको ठेक्का सम्झौताप्रतिकूल भएको कार्यलाई अदालतले सहयोग गर्न नसक्ने ।

निवेदकले ठेक्का सम्झौताको दफा ६० को प्रक्रिया अवलम्वन नगरी तोकिएको म्यादभित्र पुनरावेदन नगरेको कारणबाट निवेदकको पुनरावेदन नै मान्य नभएपछि सोही पुनरावेदनलाई आधार मानी सम्झौताको दफा ६१ को सहायता लिई मध्यस्थताको लागि निवेदन गरेको देखिँदा निवेदकलाई उत्प्रेषणको रिट निवेदन लिएर अदालत प्रवेश गर्ने हक छ भन्न नसकिने।

ठेक्का सम्झौता दुवै पक्षले आफूहरूलाई बाध्यकारी हुने गरी बनाएको कानून हो। सो कानूनको पालना अनिवार्य गरिनु पर्छ। जसले पालना गर्दैन नगरेको कारणले असर पर्ने पक्षले कानूनी बाटो अवलम्वन गर्न सक्छ। ठेक्का सम्झौताको प्रावधानले समस्याको समाधान गर्ने भएसम्म सो प्रावधानलाई नाघेर अर्को उपचारको बाटो अवलम्वन गर्न मिल्दैन। ठेक्का सम्झौतामा उल्लेख भएको प्रावधानलाई छाडेर अन्य प्रावधान अवलम्वन गर्दा ठेक्का सम्झौताको प्रावधान विपरीत हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल भदौ २१ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री प्रेम शर्मा, मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०९३६, उत्प्रेषणयुक्त परमादेश, *भौतिक योजना तथा निर्माण मन्त्रालय वि. नेपाल मध्यस्थता परिषद् समेत*

एडजुडिकेटर नियुक्त गर्ने बारेमा नेपाल मध्यस्थता परिषद्लाई प्राप्त अधिकारको स्रोत यी विवादका पक्षहरू बीच भएको सम्झौता नै भएको हुँदा उक्त सम्झौतामा तोकिएको समयभित्र एडजुडिकेटरको नियुक्तिको माग प्राप्त भएको अवस्थामा मात्र सो सम्बन्धमा उक्त परिषद्ले क्षेत्राधिकार ग्रहण गर्न सक्ने कुरा निर्विवाद देखिएको र रिट निवेदकको तर्फबाट स्वीकृत फाइनल बीलको रकममा चित्त नबुझेको अवस्थामा सम्झौताको शर्तमा गरिएको व्यवस्थाअनुसार १४ दिनभित्र एडजुडिकेटरको नियुक्तिको लागि निवेदन दिनुपर्नेमा सो अवधिपछि नेपाल मध्यस्थ परिषद्लाई एडजुडिकेटर नियुक्त गर्ने बारेमा प्राप्त अख्तियारी तथा क्षेत्राधिकार समेत स्वतः समाप्त हुने हुँदा सो अख्तियारी तथा क्षेत्राधिकारको अभावमा सो नेपाल मध्यस्थ परिषद्को अध्यक्षले गरेको एडजुडिकेटरको नियुक्ति क्षेत्राधिकारविहीन भएकोले कानूनसम्मत भएको मान्न नमिल्ने।

इजलास अधिकृत: खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६७ साल असोज ७ गते रोज शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ८८०७, राजीनामा लिखत दा.खा समेत बदर गरी पाऊँ, *सरस्वती खड्का वि. हरिबहादुर थापा*

मिलापत्रबमोजिम दर्ता हुन बाँकी रहेको जग्गाको हकमा दामासाहीले दर्ता गराई लिने शर्त रहेकोमा उक्त मिलापत्रमा उल्लिखित शर्त विपरीत गई प्रतिवादी बलबहादुरले निवेदन दिई मालपोत कार्यालयबाट मिति २०५६।४।१० मा उक्त कि.नं. २३८२ एकलौटी दर्ता हुने निर्णय गराई लिएको देखिन्छ। शर्त विपरीत दर्ता गराएको कि.नं. २३८२ मध्ये कित्ताकाट गरी कि.नं. ९०१० को जग्गा प्रतिवादी बलबहादुरले अर्को प्रतिवादी सरस्वती खड्कालाई राजीनामा गरिदिएको देखिन्छ। मिति २०५१।३।२९ को मिलापत्रले ८ भागको १ भागको हक वादीमा निहीत रहेकोमा शर्तविपरीत गई बलबहादुरले एकलौटी जग्गा दर्ता गराई यी वादीको समेत हक लाग्ने जग्गाको हक मेटिने गरी सरस्वती खड्कालाई राजीनामा लिखत पारीत गरिदिएको क्रिया कानून एवं मिलापत्र विपरीत देखिँदा दावीबमोजिम लिखत बदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम्।

- यसै लगाउको २०६१ सालको दे.पु.नं. ८८०६, राजीनामा लिखत बदर, *सरस्वती खड्का वि. अमृत थापा समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ९९५, फैसला मिलापत्र बदर गरी खिचोला मेटाई हक कायम गरी दर्ता गरिपाऊँ, *क्षेत्रबहादुर थापा वि. दानबहादुर थापा समेत*

२०३१ सालको नापी तथा २०३६।४।१९ को दर्ताबाट दानबहादुर र हरिबहादुरको नाममा, जग्गा दर्ता भई आफ्नो हक गुम्न गएको अवस्था उचित समयमा उचित कानूनी प्रक्रियाद्वारा बदर गराउनेतर्फ कारवाही शुरू नगरी तेस्रो पक्षद्वारा आफ्नो हकको सीमासम्मको जग्गा हक कायम गराई ल्याएपछि त्यसरी तेस्रो पक्षले हक कायम गराई ल्याएको जग्गामा वादीले दावी गर्न पाउँछ भन्न मिल्ने देखिँदैन। २०३१ सालको नापी तथा २०३६।४।१९ मूल दर्ता तथा मूल दर्तावालाउपरको दर्ता बराबरको दावी नगरी आफ्नो हक कायम गराई लिने प्रतिवादीहरू कुलबहादुर, बलबहादुर र हितबहादुरउपर लिएको दावी कानूनसम्मत नहुँदा वादी दावी नपुग्ने।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको CI-०९९३, राजीनामा लिखत बदर, *क्षेत्रबहादुर थापा वि. बलबहादुर थापा समेत*
- २०६३ सालको CI-०९९४, राजीनामा लिखत बदर, *क्षेत्रबहादुर थापा वि. बलबहादुर थापा समेत*
- २०६३ सालको CI-०९९६, राजीनामा लिखत बदर, *क्षेत्रबहादुर थापा वि. हितबहादुर थापा समेत*
- २०६३ सालको CI-०९९७, राजीनामा लिखत बदर, *क्षेत्रबहादुर थापा वि. बलबहादुर थापा समेत*

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३ सालको रिट नं. Wo-०१४८, परमादेश, *यदुवंश शाह वि. ट.सि.एन. केन्द्रीय कार्यालय*

लेखापरीक्षकले वेरुजु भनी देखाई सकेपछि रूपैयाँ फछ्र्यौट गर्ने दायित्व कार्यालय प्रमुखसमेत भइसकेका निवेदकको नै देखिन आएको र त्यस्तो बेरूजू रकम विपक्षी द टिम्बर कर्पोरेशनले आफ्ना मातहतका कर्मचारीबाट असूलउपर गर्न पाउने नै हुँदा सोअनूरूप निवेदकले खर्च गरेको बेरूजू रकम निवेदकले पाउने रकमबाट कट्टि गरेको काम कारवाहीबाट निवेदकको हक हनन् हुने होइन । अतः विलम्बसमेत गरी प्रस्तुत रिट निवेदन लिई अदालतमा प्रवेश गरेका निवेदकलाई रिट क्षेत्रबाट सहयोग गर्न सक्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको CR-०६१८, कर्तव्य ज्यान, *तुल्सीराम वि.क. समेत वि. नेपाल सरकार*

किटानी जाहेरी, पुनरावेदक प्रतिवादीहरूको कसूरमा साविती, वारदातमा प्रतिवादीहरूले प्रयोग गरेको चक्कु, बन्चरो जस्ता जोखिमी हतियार र हत्याको जघन्यता समेतलाई हेर्दा निजहरूले गरेको कसूर अपराधको प्रकृतिबाट कानूनतः सजायमा कमी वा उन्मुक्ति पाउन सक्ने नदेखिँदा यी पुनरावेदक प्रतिवादीहरूलाई ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको CR-००२६, ०२३५, लागू औषध खैरो हेरोइन, *प्रभावती कुर्मी वि. नेपाल सरकार, हरकेरिया देवी माझी वि. नेपाल सरकार*

प्रतिवादीहरूबाट बरामद भएको वस्तु परीक्षणको लागि नमूना पठाउँदा डाईएसिटाईल मर्फिन भन्ने अवैध लागू औषध हेरोइन रहेको प्रयोगशालाको परीक्षण प्रतिवेदन प्राप्त भएको, प्रतिवादीहरूको सँगसाथबाट भएको बरामदी मुचुल्का र सो बरामदी मुचुल्कालाई पुष्टि र प्रमाणित गर्दै वादीका साक्षीहरूबाट बकपत्र भएको तथा अदालतमा बयान गर्दा कसूर अपराध गरेकोमा इन्कार गर्ने पुनरावेदक प्रतिवादी हरकेरियादेवी माझीले प्रस्तुत पुनरावेदनमा आफूले गरेको अपराधलाई स्वीकार गर्दै भरियाको भूमिका निर्वाह गरेको भनेको समेतका आधार कारणबाट प्रतिवादीहरूले अवैध लागू औषधको कारोबार गरेको पुष्टि र प्रमाणित भएकोले यी पुनरावेदक प्रतिवादीहरूलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) र (च) बमोजिमको कसूर ठहर गरी सोही ऐनको दफा १४(१) को देहाय (छ) (३) बमोजिम जनही १५ वर्ष कैद र रु. ५,००,०००।- (पाँच लाख) जरीवाना हुने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६६-WH-००७१, बन्दीप्रत्यक्षीकरण, *वीरेन्द्रप्रसाद जयसवाल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदक वीरमान भन्ने भेषमान श्रेष्ठले विभिन्न विदेशी बैंकहरूबाट अज्ञात व्यक्तिको नाममा जारी भएका विभिन्न नम्बरका नक्कली भीसाकार्ड र माष्टर कार्डहरू बनाई उक्त कार्डमार्फत् विभिन्न सामानहरू गरीद गरी भुक्तानी गरी ठगी गरेको हुँदा निजलाई बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत कारवाही गरी पाऊँ भनी निज निवेदकलाई नियन्त्रणमा लिई हिमालयन बैंक लिमिटेडबाट जाहेरी दरखास्त परेको देखिन्छ । सो जाहेरी दरखास्तको आधारमा निवेदकलाई थुनामा राखी अनुसन्धानको क्रम शुरू भई निज निवेदकलाई पक्राउ गरेको मिति २०६७।३।२२ गतेबाट २४ घण्टाभित्रै मुद्दा हेर्ने अदालत पुनरावेदन अदालत पाटनबाट बैंकिङ्ग कसूर अपराध र सजाय ऐन, २०६४ को दफा १९(४) बमोजिम मिति

२०६७।३।२२ बाटै लागू हुने गरी मिति २०६७।३।२३ मा पहिलो पटक ७ दिनको म्याद थप भई अनुसन्धानको क्रममा रहेको विपक्षी महानगरीय प्रहरी परिसर काठमाडौंको प्रमाण सहितको लिखित जवाफबाट देखिएकोले निवेदकलाई कानूनअनुरूपकै थुनामा राखेको देखिने।

इजलास अधिकृत : हरिश्चन्द्र इडनाम
कम्प्युटर : विदुषी रायमाभी
इति संवत् २०६७ साल असार ३२ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०५४९, अवण्डा जग्गा छुट्याई नामसारी गरिपाऊँ, *लोकबहादुर थापा वि. गणेशबहादुर थापा समेत*

अबण्डा रहेको जग्गाका सम्बन्धमा यसै मुद्दाका प्रतिवादीहरू वादी र प्रतिवादी भै चलेको मुद्दामा बण्डा लाग्ने भनी सर्वोच्च अदालतबाट फैसला भइसकेको अवस्थामा यिनै अंशियार समेत भएको प्रस्तुत मुद्दामा अवण्डा जग्गामा वादीको हक नलाग्ने भन्न नमिल्ने।

इजलास अधिकृत : शिवप्रसाद खनाल
कप्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल कात्तिक २४ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको फौ.पु.नं. ०२९५, कर्तव्य ज्यान, साधक नं. ००५१, *आशिक राना वि. नेपाल सरकार, नेपाल सरकार वि. कुमारी रानी*

कुमारी रानाले जन्माई मारी फालेको बच्चा आफ्नो करणी वीर्यबाट जन्मेको कुरालाई प्रतिवादी आशिक रानाले स्वीकार नै गरेको देखिन्छ । तसर्थ दुबै जना प्रतिवादीको सहमति र सल्लाहबाट अभियोग दावीबमोजिमका कसूर गरेको पुष्टि भएको देखियो । अतः कुमारी रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) बमोजिम सर्वश्वसहित जन्मकैद र आशिक रानाको हकमा ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने।

प्रतिवादी कुमारी रानाले आफ्नो लोग्ने विदेश गएको अवस्थामा परपुरूषसँग अवैध यौन सम्पर्क गर्दा गर्भ रहन गै बच्चीको जन्म भएपछि सामाजिक लोकलज्जाबाट बच्न बच्चीलाई मारी फाली प्रतिवादी आशिक रानासँग विवाह गरी जाने प्रलोभनमा परी जन्मेको शिशुलाई घाँटी अँठ्याई मारी दिएको भनी अनुसन्धानको क्रममा तथा अदालतमा समेत साविती बयान गरी न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको देखिन्छ । निजलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखियो भने अर्को प्रतिवादी आशिक रानाले बच्चा जन्माई मारी दिनु भने पनि कर्तव्य गरी मार्दा घटनास्थलमा आफू उपस्थित भएको पनि नदेखिएको र आफूले मार्ने काम पनि गरेको नदेखिएकोले निजको हकमा पनि ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिन्छ। अतः पुनरावेदन अदालतबाट १० वर्ष कैद गर्न तोकिएको रायबमोजिम गर्दा समेत सजाय बढी नै हुनजाने देखिएकोले अ.बं. १८८ नं बमोजिम जनही कैद वर्ष ५(पाँच) हुने।

इजलास अधिकृत : भोलानाथ ढकाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको फौ.पु.नं. ००१७, ०४०९ कर्तव्य ज्यान, *लक्ष्मी तामाङ्ग वि. नेपाल सरकार, शम्भु तामाङ्ग वि. नेपाल सरकार*

प्रतिवादीहरू लक्ष्मी तामाङ्ग र शम्भु तामाङ्ग तथा मृतक एकै परिवारका पति पत्नी र भइकेला छोरा नाताका भएको, वारदात दशैंको टीकाको दिन भई मृतक र प्रतिवादीहरू समेतले मादक पदार्थ सेवन गरी बसेको अवस्थामा एकआपसमा वादविवाद भैभगडा हुँदा यी प्रतिवादीहरू तत्काल आवेशमा आई मृतकलाई लात्ती मुडकीले हानी, पछि डोरीले घाँटीमा बाँधेको कारणबाट मृतकको मृत्यु भएको देखिन्छ । प्रस्तुत मुद्दामा अपराधको अवस्था, प्रतिवादीहरूको उमेर र मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी कारण र योजना समेत नरहेको अवस्थामा ठहरे बमोजिम सजाय गर्दा चर्को पर्ने देखिन्छ । अतः पुनरावेदन अदालतबाट १० वर्ष कैद गर्न तोकिएको रायबमोजिम अ.बं. १८८ नं. बमोजिम जनही कैद वर्ष १० (दश) हुने।

इजलास अधिकृत : भोलानाथ ढकाल
इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको फौ.पु.नं. ००७१, कर्तव्य ज्यान, *मीनादेवी रोकाया वि. नेपाल सरकार*

वारदात घटना घरमा नभई जंगलमा भएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट देखिएको छ । मृतकको चप्पल घरमै रहेको कुरालाई जाहेरवाला तथा प्रतिवादी दुवैले स्वीकार नै गरेको पाइयो । चप्पल घरमा रहेको तथा म्याक्सी लगाएको भन्ने जस्ता कुरा भावनात्मक कुराहरू प्रमाणलायक नहुने हुन्छ । यसरी प्रत्यक्ष प्रमाणको अभावमा परिस्थितिजन्य प्रमाणको कडी नजोडिने हुन्छ । मृतकको मृत्यु कर्तव्यबाट भएको भए पनि यी प्रतिवादीहरूकै कर्तव्यबाट भएको हो भन्ने सम्बन्धमा जाहेरवालाको जाहेरी दरखास्तबाहेक अन्य सबूद प्रमाण पेश दाखिल हुन सकेको देखिँदैन । यसबाट शंकाको

सुविधा यी प्रतिवादीहरूले पाउने नै देखियो । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूको कर्तव्यबाटै मृतकका मृत्यु भएको भन्ने ठोस र वस्तुनिष्ठ प्रत्यक्ष प्रमाणको अभावमा ज्यान जस्तो गम्भीर अपराधमा दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्त समेत विपरीत हुने हुँदा प्रतिवादीहरूलाई सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको फो.पु.नं.-०२५९, कर्तव्य ज्यान, *दीपक भन्ने देवेन्द्र राज न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादी देवेन्द्र न्यौपानेले मृतक सुमीता डाँगीलाई कर्तव्य गरी मारी मृतकको पर्समा रहेको रू. ५६२।- समेत चोरी गरी लगेको भन्ने उल्लिखित प्रमाणबाट पुष्टि भई रहेको देखिँदा निजलाई ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद तथा जाहेरवालीको विगो रू. ५६२।- बराबरको नगद समेत साधारण चोरी गरेको ठहऱ्याई भएको पुनरावेदन अदालत धनकुटाको मिति २०६६।१।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०४९७, जबर्जस्ती करणी, *भेषे भन्ने भेषबहादुर राय वि. नेपाल सरकार*

प्रतिवादी भेषे भन्ने भेषबहादुर रायलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहरिए तापनि वारदात हुँदाका अवस्थामा निज प्रतिवादी १५ वर्षको देखिएको भनी बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम आधा सजाय ५ वर्ष कैद गर्ने गरेको हदसम्मको शुरू झापा जिल्ला अदालतको फैसला केही उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने र ऐ. महलको १० नं. बमोजिम प्रतिवादीको आधा अंश पीडितहरूलाई बराबरी भराई दिनुपर्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

इति संवत् २०६७ साल पुस महिना ७ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६१ सालको फौ.पु.नं. ३१४०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *श्रीमती चम्पा श्रेष्ठ वि. नेपाल सरकार*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पेश भएको प्रमाणमा क्रमसंख्या नमिलेको भन्ने कुरा नभई निवेदिकाको अनुक्रमांक अर्थात् ६७७१२१, जुन निजले प्राप्त गरेको नम्बर हो र जुन प्रमाणपत्रमा पनि उल्लेख भएको छ त्यही नम्बर गलत हो भन्छ र गलत भन्नुको अर्थ नै प्रमाणपत्र सही होइन भनी मान्नुपर्ने ।

प्रतिवादी चम्पा श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूरमा ऐ.ऐनको दफा १२ तथा दफा २९(२) बमोजिम रु. २०००।- जरीवाना हुने ठहराएको विशेष अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रा.डा. भरतबहादुर कार्की,** २०६६ सालको दे.पु.नं.-०७००, जग्गा हक कायम गरी पाउँ, *रेशमी भन्ने रेश्मा कुर्मी वि. सुदामा कुर्मिनी*

वादीको कि.नं. ८ को जग्गा जस्तै कि.नं. ८८ को ज.बि. ०-५-९ जग्गा छूट जग्गा दर्ता गरी पाऊँ भनी प्रतिवादीले मिति २०४३।११।११ मा मालपोत कार्यालयमा निवेदन दिएकोमा सो कार्यालयको निर्णयानुसार दर्ता गराई जग्गाधनी प्रमाणपूर्जा समेत प्रतिवादीले लिइसकेको देखिन्छ । यसरी ३२ सालमा भएको निर्णयको आधारमा कि.नं. २७२ को जग्गा नरघटी भएकोले यी वादीको कि.नं. ८ को ०-४-५ जग्गा समेत मेरो हुनुपर्ने भन्ने प्रतिवादीको भनाइ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा कि.नं. ८ को ज.बि. ०-४-५ जग्गा वादी रेश्मी भन्ने रेश्मा कुर्मीका नाउँमा हक कायम भई वादीका नाउँमा दर्ता कायम समेत हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रा.डा. भरतबहादुर कार्की,** २०६५ सालको दे.पु.नं. ०३४५, जग्गा खिचोला मेटाई घर निर्माण भत्काई चलन चलाई पाऊँ, *रामबहादुर बरई वि. करमदानी चमाईन*

वादीले दावी गरेको ०-०-५ जग्गा प्रतिवादीले खिचोला गरेको हुन भन्नलाई उक्त जग्गामा प्रतिवादीले पहिला देखिनै घर बनाई सकेको देखिन आएको र विवादित जग्गाको ०-०-५ क्षेत्रफल प्रतिवादीलाई जोड्दा पनि निर्विवाद २१ धुर र विवादित ५ धुर समेत जग्गा २६ धुर कायम हुन आई आफ्नो स्रेस्ताभन्दा ४ धुर कम भई नरघटी जग्गा देखिँदा पर्खाल

भत्काई चलन चलाई हक कायम गरी पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री कमलनारायण दास,** २०६४-WO–१००४, उत्प्रेषणयुक्त परमादेश, *उदयवीर गुरूङ्ग वि. मालपोत कार्यालय काठमाडौं समेत*

विवादित जग्गामा साविकदेखिकै घर, टहरा र पर्खाल बनाएको र कानूनको म्यादभित्र उजूर गरी उठाउन नसकेकोले आफ्नो हक भएको भन्ने निवेदकको भनाई रहेकोमा विपक्षी प्रभा पण्डितले टहरा र पर्खाल आफूले बनाएको भनी जिकीर लिएकोले त्यस्ता प्रमाणद्वारा छानवीन हुने विषयमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्ने देखिँदैन । मालपोत कार्यालयले विपक्षी प्रभा पण्डितको निवेदनमा साविक स्रेस्ताकै आधारमा हाल साविकको निर्णय गरेको पाइन्छ । निवेदकले आफ्नो स्रेस्ता देखाई जग्गा दर्ता गराउनु पर्ने अवस्था भएको भए सोको उपचार खोज्न र आफ्नो हक कायम गराउन वैकल्पिक उपचारको मार्ग अवलम्बन गर्नुपर्ने ।

विवादित जग्गाको साविक फिल्डबुक उतार हेर्दा यी निवेदकका पिताले कुत तिरी जोती खाएको अवस्थासम्म किसानको व्यहोरामा उल्लेख भएको र पछि नापी भै तयार भएको कि.नं. ३९ को फिल्डबुक उतारबाट विवादित जग्गामा मोही भएको समेत देखिन आउँदैन । यसरी अदालतको फैसलाबाटै मोहीयानी हक समाप्त भै विवादित जग्गामा निवेदकको निर्विवाद हक स्थापित नभएको र मालपोत कार्यालयको निर्णयबाट हक जाने भए आफ्नो हक देखाई वैकल्पिक उपचारको मार्ग अवलम्बन गर्नसक्ने नै हुँदा निवेदकको माग दाबीबमोजिम आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल पौष महिना १ गते रोज ५ शुभम् ।

१७

**मा.न्या. अवधेशकुमार यादव र मा.न्या.श्री सुशीला कार्की,** २०६३-CR-०१९१, जबर्जस्ती करणी, *नेपाल सरकार वि.सत्यनारायण सदा*

आरोपित कसूरमा सावित भई अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीले गरेको बयान, पीडित तथा पीडितकी आमाले मौकामा गरेको कागज तथा अदालतमा गरेको बकपत्र, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरेको कागज तथा चिकित्सकीय प्रतिवेदनको प्रतिकूल हुने गरी जबर्जस्ती करणीको वारदात नै भएको होइन भनी निष्कर्षमा पुग्नु न्यायोचित नहुने ।

परीक्षण प्रतिवेदनबाट पीडितको कन्याजाली च्यातिएको भन्ने उल्लेख भएको अवस्थामा जबर्जस्ती करणी भएको हो होइन भनी थप प्रमाणको आवश्यकता र विश्लेषण गरिरहनु पर्ने आवश्यकता देखिँदैन । एक १० वर्षीय अवोध नाबालिकाले आफूमाथि भएको क्रूर अमानवीय अपराधको बारेमा घटनाको यथार्थ चित्रण गरी मौकामा तथा अदालतमा समेत उल्लेख गरी लेखाएकी निज पीडितको भनाई अन्य स्वतन्त्र प्रमाणहरूले पुष्टि गरेको अवस्थामा यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न नमिल्ने हुँदा प्रतिवादीलाई तत्कालीन जबर्जस्ती करणीको १ नं. को कसूरमा सोही महलको ३(२) बमोजिम ७ वर्ष कैद हुने र प्रतिवादीको आधा अंश पीडितलाई भराईदिने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल मंसिर १४ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८३४०,९८०२ बाली बिगो, *रामनरेशदास पटनबार वि. औंधा पटनवारिन समेत, औंधा पटनवारीन समेत वि. रामनरेशदास पटनबार*

जग्गाको तेरो मेरोको प्रश्न उपस्थित भएको नभई सगोलका अंशियारहरू बीच मुद्दा परी अंशसम्बन्धी विवाद रहेको देखिनाले एवं जग्गा मिच्नेको १० नं. एवं १८ नं. को विषयवस्तु समावेशित नभएको र वादीले सगोल सराकतमा रकेको अवस्थामा जग्गाको आयस्ता भोग गर्न नपाएको भन्ने आधार नदेखिनुको साथसाथै अंशबण्डाको ३१ नं. अनुसार आयस्ता रोक्का राख्न कारवाही समेत चलाएको नदेखिएकोले प्रस्तुत वादी दावी सम्बन्धमा नवलपरासी जिल्ला अदालतबाट वादी दावी ठहर गरी भएको मिति २०५८।११।२७ को फैसला र सो फैसलालाई केही उल्टी गरी आंशिक दावी ठहर गरेको फैसला समेत न्यायसंगत नदेखिँदा सो फैसलाहरू उल्टी हुने भई वादी दावी नपुग्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल मंसिर २० गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको दे.पु.नं. ८३६६, ९८०३, बाली बिगो, *प्रेमसागर दास पटनवार* वि. *औंधा पटनवारिन समेत, औंधा पटनवारीन समेत वि. प्रेमसागर दास पटनवार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०८७९, अंश हक सट्टा भर्ना, *औंधा पटनवारीन समेत वि. रामनरेशदास पटनवार*

वादीले अंशबापत् बण्डा छुट्याउँदा प्राप्त गरेको सम्पत्तिको दामासाहीले पाउने सट्टा भर्ना अंशबण्डाको २९ नं. अनुसार वादी बाहेकका बाँकी अंशियारहरूका तीन हाँगाबाट प्राप्त गर्नुपर्ने देखिए पनि सट्टा भर्नाबापत् पाउनु पर्ने सबै सम्पत्ति एउटै हाँगाको अंशियारबाट प्राप्त गर्नुपर्ने भनी दावी लिएको र अन्य दुई हाँगाका अंशियारहरू माथि दावी लिएको नदेखिनाले वादीले सट्टा भर्नाबापत पाउनु पर्ने सम्पत्तिमध्ये तीन भागको एक भाग मात्र यी प्रतिवादीहरूबाट दामासाहीले भराई पाउने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल मंसिर २० गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको दे.पु.नं. ०८७८, अंश हक सट्टा भर्ना, *औंधा पटनवारीन समेत वि. प्रेमसागरदास पटनवार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०८७७, अंश दपोट, *सत्यानन्द दास पटनवार वि. प्रेमसागर दास पटनवार समेत*

वादी वा प्रतिवादीले देखाएको तायदातीमा नदबाएको व्यहोराको कागज गरेकोमा पछि दबाएको देखिएमा सो अवस्थामा मात्र दपोट गरेको ठहरिने हो । अंश मुद्दामा तायदाती पेश गर्ने दिनसम्म प्रतिवादीको नाममा कायम हुन नआएको अवस्थामा त्यस्ता व्यक्तिले तायदाती पेश गर्ने वा सम्पत्ति नदबाएको कागज गर्ने भन्ने कुराको परिकल्पना गर्ने कुरा पनि भएन । तायदाती पेश गर्ने दिनसम्म तायदाती पेश गर्नुपर्ने दायित्व भएका व्यक्तिका नाममा जग्गा प्राप्त भइसकेको नहुँदा दपोट गरेको ठहर गर्नु अंशबण्डाको २७ नं. प्रतिकूल हुन जाने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल मंसिर २० गते रोज २ शुभम् ।

२१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको पु.वे. नं. CR–०११७, लागू औषध, *नेपाल सरकार वि. ठाकुर कोइराला समेत*

प्रतिवादीहरू सहअभियुक्त बाबु लामाको पोलको आधारमा मात्र कसूरदार हुन भनी भन्न सकिने अवस्था नभएको र निजहरू उपरको अभियोग दावी अन्य स्वतन्त्र वस्तुनिष्ठ र शंकारहित तवरबाट पुष्टि हुन सकेको अवस्था नहुँदा अन्य स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाणको अभावमा केवल सहअभियुक्तको पोलको आधारमा मात्र कसूरदार हुन भनी प्रतिवादी विनोद लामा र ठाकुर कोइरालालाई अभियोग माग दावी बमोजिम सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : ध्रुबराज त्रिपाठी

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल पुस ७ गते रोज ४ शुभम् ।

२२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६५ सालको फौ.पु.नं ०२५३, सवारी ज्यान, *नेपाल सरकार वि. अन्जन श्रेष्ठ*

जाहेरबाला स्वयंले अदालतमा बकपत्र गर्दा वारदातको घटनालाई भवितव्य हो भनी उल्लेख गरेको देखिँदा मृतकलाई यी प्रतिवादीले मार्नु पर्ने पूर्व रिसइवी केही रहेको देखिएन । प्रतिवादीसँग र सवारी चालक अनुमतिपत्र नभए तापनि निजले लापरवाहीपूर्वक सवारी चलाएको भन्ने कुरा तथ्यगत रुपले पुष्टि हुन नसकेको साथै प्रतिवादीको पूर्व रिसईवी रहेको वा निजले मृतकलाई मार्नको निमित्त मोटरसाइकल चलाएको भन्ने नदेखिनाले, प्रतिवादीले मृतकलाई जानी-जानी मारेको भन्न नमिल्नुको साथै संकलित प्रमाणहरूको आधारमा निजले लापरवाही गरी मोटरसाइकल चलाएको भन्ने समेत प्रमाणित भएको नदेखिंदा अभियोग माग दावीबमोजिम प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसारको कसूर गरेको भन्न नमिल्ने । सोही ऐनको दफा १६१(३) नं. बमोजिम ४ महिना कैद र रू. २०००।- जरीवाना हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल पुस १ गते रोज ५ शुभम् ।

२३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६५ सालको फौ.पु.नं.०७५६, चोरी, *नेपाल सरकार वि. सुवर्ण घिमिरे*

प्रतिवादी सुवर्ण घिमिरेले जहाजको तेल ग्यालेनमा राखी ल्याएको अवस्थामा पक्राउ परेको तथ्यमा बिवाद नभएको, सो तेल पोडेले ल्याएको भन्ने जिकीर पुष्टि हुन नसकेको, निज प्रतिवादीले आफ्नो हक नपुग्ने तेल चोरी गरेको देखिँदा मुलुकी ऐन, चोरीको १ नं.को कसूर गरेको ठहर्छ । सो तेल कसको हो भन्ने जाहेरी नपरी धनी पत्ता लागेको अवस्था नभए पनि चोरीको वारदात बरामदीले पुष्टि गरेकोबाट

कानूनद्वारा बर्जित कार्य चोरी अपराध भएको र सो अपराधमा कानूनबमोजिम सजाय गर्नुपर्ने नै हुन्छ । चोरिएको तेलको धनी यकीन नहुँदा चोरीको २१ नं.बमोजिम प्रतिवादीलाई जरीवाना हुनसक्ने भन्ने देखिएन । तर चोरीको कसूर ठहर भएको हुँदा प्रतिवादी सुवर्ण घिमिरेलाई चोरी १२ नं.बमोजिम एक महिना कैद हुने ।

इजलाश अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल पुस १ गते रोज ५ शुभम् ।

२४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको दे.पु.नं.०५८२, जोत नामसारी, *काजीमान श्यामा वि. रत्नकेशरी श्यामा*

पुनरावेदन सुन्ने अड्डाले आफै प्रमाण नबुझी सानोतिनो प्रमाण बुझ्नका लागि पनि शुरूमा पठाउने गर्दा मुद्दाको निर्णयमा अनावश्यक ढिलाई हुनका साथै मुद्दाका पक्ष तथा अदालतको श्रम, समय र रकमको अनावश्यक व्यय हुनजान्छ । न्याय प्रशासन ऐन, २०४८ को उक्त दफामा भएको उपरोक्त कानूनी प्रावधानको उद्देश्य र प्रयोजन पनि मुद्दाका पक्षहरूलाई अनावश्यक हैरानी नहोस् एवं अदालतको समय समेत बचत होस् भन्ने हुने ।

बुझ्नुपर्ने प्रमाण बुझ्न छूट भएको भएमा आफै प्रमाण बुझी निर्णय गर्नुपर्नेमा शुरु भूमिसुधार कार्यालय भक्तपुरबाट भएको निर्णय बदर गरी विवादित जग्गामा प्रतिवादीले बनाएको घर, वादी प्रतिवादीले जग्गाधनीबाट प्राप्त गरेको बाली बुझाएको भरपाई समेतको प्रमाणहरूको विवेचना गरी निर्णय गर्नु भनी शुरूमा मिसिल पठाउने भनी पुनरावेदन अदालतबाट मिति २०६४।७।१९ मा भएको फैसला नमिलेकोले बदर गरिदिएको छ । पुनरावेदन अदालत पाटनको उपरोक्त फैसलामा बुझ्नुपर्ने भनी उल्लिखित प्रमाणहरू लगायत जो जे बुझ्नुपर्ने हो स्वयं बुझी मिसिल संलग्न प्रमाणहरूको विवेचना गरी निर्णय गर्नु भनी उपस्थित पक्षलाई तारेख तोकी पुनः निर्णयका लागि मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल पुस ३० गते रोज ६ शुभम् ।

- यसै लगाउको संवत् २०६४ सालको दे.पु.नं. ०५८१, जोत नामसारी, *काजीमान श्यामा वि. रत्नकेशरी श्यामा* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमल नारायण दास,** २०६५ सालको फौ.पु.नं.०३०४, कबुलियत कीर्ते, *दशै राउत वि. श्री प्राथमिक विद्यालय, जयनगर*

कबुलियतनामाको मिति २०३४।२।१५ को कारणीको हस्ताक्षर सहीमा देखिएको लेखकका लेखन गुण र मूल स्वभावसँग निर्णय पुस्तिकाको २०४४ सालको अध्यक्षको हस्ताक्षर सहीमा देखिएको लेखकको लेखन गुण र मूल स्वभाव आपसमा फरक फरक भै नभिडेको भनी विशेषज्ञबाट राय व्यक्त भएको पाइन्छ । यस अवस्थामा कबुलियतनामा परेको साविक जग्गाधनी भनिएको उदयनारायण दास बैष्णवको सहीलाई सद्दे भन्न नमिल्ने ।

इजलाश अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

२६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको CI-१९४, खिचोला, हक कायम चलन , *बेखारत्न बज्राचार्य वि. पद्मादेवी शाक्य समेत*

नक्सा मुचुल्का हेर्दा न.नं. ४ र न.नं. ५ विवादित जग्गा भनी देखाइएको र न.नं. ८ मा ईंटाको पर्खाल देखाइएको छ । पुनरावेदक प्रतिवादीको कि.नं. ११७ को घर जग्गा न.नं. ६ मा देखाइएको देखिन्छ । वादीहरूको कि.नं. ११८ को जग्गा न.नं. १, २ र ३ मा देखाइएको छ । उक्त नक्साअनुसार जग्गाको क्षेत्रफल हेर्दा प्रतिवादीको न.नं. ६ को जग्गाको क्षेत्रफल ०-०-२-१ देखिन्छ । जुन स्रेस्ताअनुसार निजको जग्गाको क्षेत्रफल पनि ०-०-२-१ नै भएकोले मिलेको देखिन्छ । विवादित जग्गालाई प्रतिवादीको जग्गा मानेको अवस्थामा प्रतिवादीको जग्गाको क्षेत्रफल स्रेस्ताभन्दा बढी हुन जाने ।

२०३५।३।८ को मिलापत्रमा पश्चिम दक्षिण पर्खाल म प्रतिवादी आफैंले निर्माण गर्ने भनी उल्लेख भएको देखिन्छ । अर्थात् यस मुद्दाका वादीहरूका पति पिता इन्द्रराजले पर्खाल निर्माण गर्ने भन्ने वादीहरूको पति पिता इन्द्रराजको पालादेखि निजहरूको हकभोगमा रहेको मान्नुपर्ने हुन आउँछ । जग्गाको क्षेत्रफलका दृष्टिकोणबाट समेत प्रतिवादीहरूको पुनरावेदन जिकीर पुष्टि हुने स्थिति नहुँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६३ सालको CI-१९५, खिचोला, हक कायम चलन समेत, *बेखारत्न बज्राचार्य वि.*

*पद्मादेवी शाक्य समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको CI-०८३७, ०८३८, अंश नामसारी, *रामनिवास नाउ वि. गुलावीदेवी नाउ समेत, गुलावीदेवी नाउ समेत वि.रामनिवास नाउ*

अलग-अलग ठाउँमा व्यवसाय गरी बसेको भन्दैमा स्वतः मानो छुट्टिएको मान्न मिल्दैन । अर्को स्थानमा बसी व्यवसाय गरे पनि अन्य कुनै परिवार सदस्य रहेको ठाउँमा सम्पत्ति जोड्न निजको योगदान नै नरहेको स्पष्ट रूपमा प्रमाणबाट नदेखिएसम्म जो जहाँ छ त्यो उसैको आर्जन मान्न सकिन्न । एकाघर सगोलका अंशियारहरू पनि आफ्नो पेशा व्यवसाय चलाउन विभिन्न ठाउँमा गई बसोबास गर्नु र आर्जन गर्नु स्वाभाविक नै हुन्छ। त्यसरी विभिन्न ठाउँमा बसोबास गर्ने क्रममा अंशियारमध्येका जुनसुकै व्यक्तिको नाममा सगोलको बढे अवस्थामा सम्पत्ति रहेको हुन सक्छ । अन्यथा प्रमाणित नभएसम्म वा कानूनबमोजिम निजी आर्जन ठहर्ने बाहेक एकाघर अंशियारमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने।

एकाघर सगोलको एउटा अंशियारले अर्को अंशियारलाई सगोलको सम्पत्ति बकस गरिदिँदैमा निजी आर्जन मान्न मिल्ने पनि हुँदैन । र, यसले सम्पत्ति परिवारभन्दा बाहिर गएको नभएबाट फरक पर्ने स्थिति पनि पर्दैन । प्रतिवादीहरूको निजी आर्जनको नदेखिनुका साथै उक्त जग्गाहरू लिलाम सकार गरिलिँदा वादी महेन्द्र नाउ छुट्टी भिन्न भएको वा मानो छुट्टिई अलग बसेको नभई सगोलमा रहँदा आर्जन गरेको देखिएकोले उक्त जग्गाहरू बण्डा गर्नुपर्ने।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम्।

२८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CR-०६८५, वेलगति मोही लगत कट्टा, *अशेष सर्राफ वि. वागड वैठा धोवी*

बाली बुझी भर्पाइ गरी दिनु, पारित भएका लिखतहरूमा मोहीको नाम यथावत कायम राखी जग्गाको हक हस्तान्रण हुँदै जानु र फिल्डवुकमा मोहीको नाम जनिनु जस्ता कार्य लिखित रुपमै भएका छन । लिखित रुपमा आचरण व्यवहारबाट प्रकट गरी प्रत्यक्ष रुपमा नै मोहीको अस्तित्वलाई स्वीकार गरिएको छ भने सो नै मोही कायम हुन पर्याप्त आधार हो । यस्तो अवस्थामा मोहीको १, २ र ३ नं. लगत हुनुपर्ने अपरिहार्यता छैन। भूमिसम्बन्धी ऐन र नियम अन्तर्गतका १, २ र ३ नं. अनुसूची नै मोही कायम हुने निर्विकल्प आधार होइनन्। समयान्तर समेतका विविध कारणबाट ती लिखत अहिले फेला नपर्न सक्दछन्। अन्य भरपर्दा प्रमाण समेतका जग्गाधनीको कुनै आचरणगत व्यवहारबाट मोही स्वीकार गरिन्छ भने त्यस्तो अवस्थामा मोही हक प्राप्त हुने।

हालैको बकसपत्रबाट जग्गा लिंदा प्रतिवादीका बाबु लछन बैठा धोवीलाई मोही स्वीकार गरेको, सालबसाली मोहीले कूतबाली बुझाई आएको र जग्गाको स्वामित्व हस्तान्तरण हुँदै जाँदा मोही समेत कायम रहेको अवस्था हुँदा जग्गाधनीको आचरणगत क्रियाद्वारा लछन बैठा धोवीलाई मोहीमा स्वीकार गरी आएको देखिंदा मोहीको १, २ र ३ नं लगत नभएको कारणले मात्र लछन बैठा धोवी मोही होइन भन्न नमिल्ने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल मंसिर २४ गते रोज ६ शुभम्।

- यसै लगाउको संवत् २०६६ सालको दे.पु.नं. CI-०६८६, मोही नामसारी, *अशेष वि. बागड वैठा धोवी* समेत भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ।

## झगडिया झिकाउने आदेश

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको फौ.पु.नं. ०४४६, भ्रष्टाचार, *नेपाल सरकार वि. गोविन्दराज जोशी समेत*

मिति २०५९।४।३० मा संशोधन हुनुपूर्व बहाल रहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिवन्धात्मक बाक्यांशमा सार्वजनिक पद धारण गरेको व्यक्तिले पदबाट अवकाशप्राप्त गरेको १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने भनी गरिएको कानूनी व्यवस्थालाई आधार बनाई विशेष अदालतबाट आरेपपत्र खारेज हुने ठहरी फैसला भएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ ले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ मा भएको २ वर्षको हदम्यादको सट्टामा भ्रष्टाचारसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्न प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अधिकारीसमक्ष मुद्दा दायर गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। यी प्रतिवादीउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१) एवं १५ तथा सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) अन्तर्गत आरोपपत्र दायर भएको परिप्रेक्ष्यमा हदम्यादका सन्दर्भमा पनि स्वतः सोही ऐनअन्तर्गतको हदम्याद आकर्षित हुने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६५(३) ले भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम भए गरेको काम

कारवाही यसै ऐनबमोजिम भए गरेको मानिने छ भनी बचाउ गरेको परिप्रेक्ष्यमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ समेतको दावी नलिएको भन्ने आधारमा असान्दर्भिक अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ अन्तर्गतको हदम्यादको कारण देखाई आरोपपत्र खारेज गरेको विशेष अदालतको फैसलामा गम्भीर कानूनी त्रुटि विद्यमान रहेको देखियो । तसर्थ, प्रतिवादीहरूलाई हदम्यादको कारण देखाई मुद्दाको तथ्यभित्र प्रवेश नै नगरी आरोपपत्र खारेज गर्ने गरी विशेष अदालत काठमाडौंबाट मिति २०६३।७।३० मा भएको फैसला नमिली फरक पर्न सक्ने देखिएकोले अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी प्रतिवादीहरूलाई झिकाई आएपछि वा अवधि नाघेपछि पेश गर्ने ।

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

## रुलिङ्ग बाझिएको

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** ०६५-०२४८, सवारी ज्यान, *नेपाल सरकार वि. राजकुमार तामाङ समेत*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ तथा १६१(२) को कानूनी व्यवस्था अन्तर्सम्बन्धित रहेको र ती कानूनी व्यवस्थालाई अनुसाङ्गिक रूपमा व्याख्या गर्दा सवारी चालक अनुमति पत्र नलिएको वा एउटा वर्गको हल्का सवारी चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउँदा सोही आधारमा उक्त ऐनअन्तर्गत सो कार्य लापरवाहीयुक्त कार्य हुन जाने स्पष्ट छ । तसर्थ, प्रस्तुत मुद्दामा भारी सवारी चालक अनुमति पत्र नभएका प्रतिवादी राजकुमार तामाङ्गले बस चलाई उक्त ऐनको दफा १६१(२) अन्तर्गतको कसूर गरेको स्थापित हुन आएकाले निजलाई उक्त ऐनको सोही दफा १६१(२) बमोजिम २ वर्ष कैद र उक्त ऐनको दफा १६१(४) बमोजिम थप रू. २०००।- जरीवाना हुने ।

प्रतिवादी राजमाया महर्जनको भारी सवारी चालक अनुमति पत्र प्राप्त नभएको राजकुमार तामाङ्गलाई सवारी चलाउन दिने कार्य गरी उक्त ऐनको दफा ४६ र १६१(५) बमोजिमको कसूर गरेको देखिँदा निजलाई सोही ऐनको दफा १६१(५) बमोजिम १ महिना कैद हुन्छ । उल्लेख गरिएबमोजिम प्रतिवादीहरूलाई सजाय गर्नुपर्नेमा प्रतिवादी राजकुमार तामाङ्गलाई उक्त ऐनको दफा १६१(३) बमोजिम १५ दिन कैद र रू. २,०००।- जरीवाना गर्ने र अर्का प्रतिवादी राजमाया महर्जनलाई सफाई दिने ठहऱ्याएको शुरू फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६५।५।३६ को फैसला उल्टी हुने ।

काजी डंगोलको जाहेरीले नेपाल सरकार पुनरावेदक/वादी र सुरेन्द्र लामा विपक्षी प्रतिवादी भएको संवत् २०५९ सालको फौ.पु.नं. २९९८ को सवारी ज्यान मुद्दामा मिति २०६५।१२।२० मा फैसला हुँदा सवारी चालक अनुमति पत्र प्राप्त नगरेको कारणले मात्र चालकले लापरवाहीपूर्वक सवारी चलाएको भन्न मिल्ने भएन भन्ने समेतको सिद्धान्त यस अदालतको संयुक्त इजलासबाट प्रतिपादन भएको र सो सिद्धान्त (Rulling) सँग यो इजलास सहमत नहुँदा प्रस्तुत मुद्दा निर्णयार्थ सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१) को खण्ड (ख) अनुसार पूर्ण इजलासमा पठाउनू ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६७-WO-०२८९, उत्प्रेषण मिश्रित परमादेश समेत, *राजिन्द्र राय यादव वि. सरोदेवी यादवनी समेत*

आफ्नो हक अधिकारप्रति बेलामा सचेत नरही अनुचित बिलम्ब गरी प्रस्तुत रिट निवेदन पर्न आएको देखिएको र निवेदनमा उल्लिखित नक्कल सारी लिएको मितिलाई आधार मानी मुद्दा दोहोऱ्याई पाऊँ भनी परेको निवेदन म्यादभित्रको नदेखिएको भनी गरेको दरपीठ आदेशलाई यस अदालत एक न्यायाधीशको इजलासबाट सदर समेत भइसकेको अवस्थामा सोही विषयमा पुनः रिट क्षेत्रबाट विचार गर्न फैसला अन्तिमताको सिद्धान्त समेतबाट उपयुक्त नहुने भई प्रथमदृष्टिमा नै रिट जारी गर्न नमिल्ने हुँदा नदेखिएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन नपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६७-WO-०३३३, उत्प्रेषणयुक्त परमादेश, *धर्मशीला गोश्वामी समेत वि. रामप्रसाद पोद्दार समेत*

निवेदकहरूले मुलुकी ऐन, अ.बं. ८६ नं. बमोजिमको फैसला बदरको वैकल्पिक उपचार खोज्न

सम्बन्धित अदालतमा नगई वा सो उपचारको मार्ग अनुशरण गर्न नसक्ने पर्याप्त र मनासिब आधार र कारण समेत उल्लेख नगरी यस अदालतको असाधारण अधिकारक्षेत्र गुहारी प्रस्तुत रिट दिएको देखिन्छ । वैकल्पिक उपचारको उपायको विद्यमानतामा परेको प्रस्तुत रिट निवेदनबाट निवेदन मागबमोजिम रिट जारी हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६७ साल असोज २० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको WO--०६४२, उत्प्रेषण समेत, *हेडम्बराज सुवेदी वि. रमेश अबाल समेत*

आफ्नो क्षेत्राधिकार नभएको विषयमा प्रहरीले कानूनविपरीत कुनै कागजात गराएको भए त्यस्तो कागज क्षेत्राधिकारविहीन भई कानूनी अस्तित्व शून्य (Void) हुने हुँदा स्वत नै बदर हुन्छ । निवेदकलाई गैरकानूनी रुपमा स्वतन्त्रता अपहरण हुने गरी धाक धम्की दिएको भन्ने सम्बन्धमा निवेदन लेखबाहेक अदालतलाई विश्वासयोग्य कुनै तथ्ययुक्त सबूद निवेदकले प्रस्तुत गर्न सक्नु भएको पाइदैन । यदी निवेदक विरुद्ध निजको स्वतन्त्रता अपहरण हुने गरी कुनै कार्य भएमा त्यसको तत्काल कानूनबमोजिमको उपचार प्राप्त हुने नै हुँदा हाल यस अदालतबाट प्रस्तुत निवेदनको रोहमा कुनै आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल पुस २९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको WO--०६३८, उत्प्रेषण समेत, *अनिकेश, अंकित र अंकिता श्रेष्ठको हकमा विराजकुमार श्रेष्ठ वि.गंगाकुमारी श्रेष्ठ समेत*

नाबालकहरूको कानून तथा संविधानले प्रदान गरेको साम्पत्तिक अधिकार संरक्षणको लागि विपक्षी गंगाकुमारीले नाबालक छोराछोरीहरू एवं आफ्नो समेत अंश लिई छुट्टी भिन्न भइसकेपछि छुट्टी भिन्न भई सकेका नाबालक छोराछोरीहरूको तर्फबाट निजहरूको पिता निवेदक विराजकुमार श्रेष्ठले आफूलाई संरक्षक घोषित गरी अंश एवं लिखत बदर मुद्दा दाङ देउखुरी जिल्ला अदालतमा दायर गरी विचाराधीन रहेको भन्ने निवेदन लेखबाटै देखिदा सो मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रवाट बोल्न सिद्धान्ततः नमिल्ने ।

इजलाश अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल पुस २९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको WH-००४०, बन्दीप्रत्यक्षीकरण समेत, *जयकिशोर साहको हकमा अधिवक्ता राकेशकुमार साह वि.सदर खोर डिल्लबिजार समेत*

निवेदक जय किशोर साह लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ) र (च) को अभियोगमा मिति २०६६।२।३१ को काठमाडौं जिल्ला अदालतको आदेशवाट पुर्पक्षको लागि थुनामा रहेको देखिएकोले निवेदक गैरकानूनी थुनामा रहेको भन्न नमिल्ने ।

अदालतमा विचाराधीन रहेका सवै मुद्दाहरूको काम कारवाहीसँग सम्बन्धित भएको प्रक्रियागत विषय भएको र सोअनुरूप काम कारवाही भए नभएको विषयमा छुट्टै कानूनी प्रक्रिया अनूरूप निराकरण हुने हुन्छ । अतः यी निवेदक गैरकानूनी थुनामा रहेको नदेखिँने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

इति संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको WO-०४८९, उत्प्रेषण,*प्रमोदकुमार पण्डित वि.जवाहर पण्डित समेत*

स्व. रामचन्द्र पण्डितले आफ्नो जीवनकाल मै आफ्नी आमा धन्वा कुर्मिन भन्ने धन्वा कुम्हैनवाट नगेन्द्र पण्डितले मिति २०६०।७।२ मा गराएको नामसारी निर्णयलाई रामचन्द्रले मुद्दा गरी नामसारी निर्णय बदर गराई अन्तिम भै बसेको कुरामा विवाद नहुँदा नगेन्द्र पण्डितको नाममा नामसारी दर्ता भई आएको कि. नं. ४८को ०-५-० जग्गाको स्वामित्व नै कायम नरहेको स्थितिमा निजवाट रामधारीका नाममा मिति २०६०।९।७ मा र रामधारीवाट मिति २०६५।६।३ मा यी निवेदक प्रमोदकुमार पण्डितका नाममा कायम भै आएको नाताले

यी निवेदकले आफ्नो हक दर्ताको ठानी रोक्का फुकुवा गरी पाऊँ भनि शुरु अदालतमा र पुनरावेदन अदालतमा समेत निवेदन दिएको देखियो । यसरी मूल दाता नगेन्द्रकुमारको हक कायम नै हुन नसकेको जग्गालाई फुकुवा गर्न नमिल्ने भनी मिति २०६७।२।२७ मा पुनरावेदन अदालत हेटौडावाट कानूनसम्मत भएको आदेशवाट यी निवेदकको मौलिक हकमा आघात भएको भनी मान्न सम्झन नमिल्ने ।

इजलाश अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७ सालको WO-०३१६, उत्प्रेषण परमादेश समेत, *विजयराज जैसी समेत वि. गृह मन्त्रालय समेत*

आफूहरूलाई आघात परेको करीब नौ महिनापछि मिति २०६७।९।७ कम बिलम्ब गरी प्रस्तुत निवेदन पर्न आएकोमा यतिको समय व्यतीत भई विलम्ब हुनुको कुनै मनासिब कारण र औचित्य निवेदकले देखाउन सकेको छैन । साथै रिट निवेदन यतिका बिलम्ब हुने गरी पर्नुपर्ने मुनासिब माफिकको विश्वासिलो कारण समेत निवेदकले देखाउन नसकेकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल असोज १७ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६७ सालको रिट नं. WO-०३२०, उत्प्रेषण, परमादेश समेत, *बुधन मण्डल वि. अञ्चल प्रहरी कार्यालय, जनकपुर समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको WO-०३०८, उत्प्रेषणयुक्त परमादेश, *गीतादेवी जयसबाल समेत वि.प्रदिपकुमार साह कलवार समेत*

ऋणको साँवा व्याँज रकम वादीले प्रतिवादीवाट भरी पाउने ठहर भई भएको फैसला अनुसारको कार्यान्वयनको क्रममा रहेको विषयमा फैसलाअनुसारको रकम कोबाट कसरी भराउने भन्ने विषय सम्बन्धित कानूनअनुसार जिल्ला अदालतले नै निरोपण गर्ने विषय भएको र सो उपर चित्त नबुझे पुनरावेदन अदालतमा निवेदन गर्न सकिने हुन्छ । त्यसतर्फ यी निवेदकहरूले कानूनी उपचारको मार्ग समेत अवलम्वन गरी सकेको पाइन्छ । यसरी कानूनबमोजिमको उपचारको मार्ग प्रयोग गरी सकेपश्चात् फैसला कार्यान्वयन प्रक्रियालाई अवरुद्ध पार्ने उद्देश्य राखी प्रस्तुत रिट निवेदन दायर गर्न आएको देखिन्छ । संविधान बमोजिम रिटको उद्देश्य वैकल्पिक उपचारको वाटो नभएको अवस्थामा संविधान, एवं कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गराउनु हो । तर प्रस्तुत मुद्दामा अन्य कानूनी उपचारको मार्ग भएको र सोको प्रयोग निवेदकले गरी सकेको अवस्थामा फैसला कार्यान्वयन प्रक्रियालाई अवरुद्ध पार्नेसम्म उद्देश्य राखी सफा र शुद्ध हात नलिई रिट दायर गर्न आएकाले रिट निवेदन खारेज हुने ।

इजलाश अधिकृत : शिबप्रसाद खनाल

कम्प्युटर टाईप : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल असोज १५ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको WO-०५११, उत्प्रेषण परमादेश, *नावालिका अर्पना भगत समेत वि.नेपाल बैंक लि.विराटनगर समेत*

ऋण असूली सम्बन्धमा ऋण दिने बैंक तथा वित्तीय संस्था, ऋण लिने ऋणी र जमानत दिने ब्यक्ति मुद्दाका पक्ष कायम हुन सक्ने र यी पक्षहरू बीचको आर्थिक कारोवारको विषयमा ऋण असूली न्यायाधिकरणमा मुद्दा परी भएको निर्णयबमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २५ को अधीनमा रही ऋण असूली अधिकृतले जमानत राखेको सम्पत्ति प्रचलित कानूनको अधीनमा रही गरेको लिलाम बदरको फिराद दावी ऋण असुली न्यायाधीकरणले ग्रहण गर्न बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा १४(१) ले अधिकार प्रदान गरेको नदेखिँदा ऋण असूली न्यायाधिकरणबाट मिति २०६३।१२।६ मा भएको निर्णय तथा मिति २०६७।२।१७ को लिलाम बदर माग गरी ऋण असूली न्यायाधीकरणमा दिएको फिरादमा क्षेत्राधिकारको अभाव देखाई ऋण असूली न्यायाधीकरणले मिति २०६७।३।१५ मा गरेको दरपीठ आदेश र सोलाई सदर गरेको ऋण असूली पुनरावेदन न्यायाधीकरणको मिति २०६७।४।१९ को आदेशमा कुनै कानूनी त्रुटि नदेखिदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल मंसिर १७ गते रोज ६ शुभम् ।

## सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठले त्रि.वि.वि. नेपाल ल क्याम्पसमा पाँच वर्षे बि.ए. एलएल.बी. कार्यक्रम शुभारम्भको अवसरमा मिति २०६७।१०।१८ मा दिनु भएको मन्तव्य

२०११ साल कार्तिक ५ गते नेपालमा आरम्भ भएको कानून शिक्षाले आज अर्को फड्को मार्दैछ । यस ऐतिहासिक अवसरमा नेपाल ल कलेजको संस्थापन गरी नेपालमा कानून शिक्षाको वीजारोपण गर्नु हुने प्रातःस्मरणीय रामराज पन्त, आशुतोष गांगुली र रत्नबहादुर विष्टप्रति हार्दिक आभार प्रकट गर्नु हामी सबैको कर्तव्य हो ।

आजभन्दा ५६ बर्षअघि रानीपोखरी पश्चिमको तत्कालीन दरवार हाइस्कूल हाल भानु माध्यमिक विद्यालयका केही कोठामा त्रिचन्द्र कलेजका तीनजना प्राध्यापकहरूद्वारा रात्रिकालीन कक्षाका रुपमा शुभारम्भ भएको कानूनको शिक्षाको यो वटवृक्ष आज भौतिक रुपमा त्यत्ति भ्याङ्गिन नसके पनि बौद्धिक रुपमा यसले मुलुकलाई कानूनको राज, मानवाधिकार र न्यायका मान्य सिद्धान्तका आधारको सितल छहारी प्रदान गरेको छ । यो पनि कम गौरबको कुरा होइन ।

१९७६ सालमा त्रिचन्द्र कलेजको स्थापनापछि नेपालमा आरम्भ भएको उच्च शिक्षाको संस्थागत विकासको क्रममा १९७० सालमा स्थापित स्रेस्ता पाठशालाबाट आरम्भ भएको कानून शिक्षाको उपज दुईदेखि एघार पासमध्ये चार पासलाई नै आधारभूत कानून शिक्षा मान्नु पर्ने मान्यता थियो । तर आरम्भमा पटना विश्वविद्यालयसँग आवद्धता गाँस्दै नेपालमा २००७ सालको परिवर्तनको करीव साढे ३ बर्षपछि नै कानूनको उच्च शिक्षा आरम्भ भएको हो । यसले गर्दा नै स्वतन्त्र न्यायपालिका, संविधानवाद, फौजदारी न्याय, देवानी न्याय र अन्तर्राष्ट्रिय कानूनका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भयो । त्यही नेपाल ल कलेजको स्थापनाले नै देश विश्व सामू उन्नत कानूनी प्रणालीको अनुयायी मुलुकको पंक्तिमा उभिन सकेको हो भन्दा कुनै अत्युक्ति हुने छैन ।

सन् १९५५ को ८ डिसेम्बरमा "The Indian Nation" पत्रिकामा प्रकाशित नेपाल ल कलेजको पहिलो समूहको पहिलो बर्षको परीक्षा उत्तीर्ण गर्नेमध्ये अंगुरबाबा जोशी, कृष्णप्रसाद भण्डारी र मोतीकाजी स्थापित हाम्रै बीचमा हुनुहुन्छ । त्यसपछि काठमाडौंका अतिरिक्त अन्यत्र पनि विस्तारित भएका ल कलेजहरू तथा २०३२ सालमा नयाँ शिक्षा योजनापछि रुपान्तरित नेपाल ल क्याम्पस र काठमाडौं बाहिर त्रिभुवन विश्वविद्यालय मातहत सञ्चालित क्याम्पसहरूबाट आजसम्म हजारौं व्यक्तिहरू कानून शिक्षाबाट दीक्षित भई देशको न्यायपालिका, विधायिका र कार्यपालिका समेतमा महत्वपूर्ण उपस्थिति जनाइसकेका छन् । म आफैं पनि यही कलेज/क्याम्पसबाट प्रशिक्षित व्यक्ति हुँ भन्न पाउँदा मलाई गौरवानुभूति हुन्छ । मैले ३५ बर्ष न्यायाधीश तथा विगत चैतदेखि प्रधान न्यायाधीशका रुपमा यस देशका लागि केही दिन सकेको रहेछु भने यसको सम्पूर्ण श्रेय यसै क्याम्पस र २०२६ देखि २०२७ को सत्रमा मलाई बाटो देखाउनु हुने श्रद्धेय गुरुहरूलाई जान्छ ।

गुरूहरू सदैव श्रद्धाका पात्र हुनुपर्दछ । तर शिक्षा- सेवा कम, व्यवसाय ज्यादा बन्न पुग्यो भने समस्या यहाँ उत्पन्न हुन्छ । विद्यार्थीहरू सदैव अनुशासित र जिज्ञासु रहनु पर्दछ । तर शिक्षा आर्जन औपचारिकता र प्रमाणपत्रमा केन्द्रित हुन पुग्यो भने समस्या यहाँ जन्मिन्छ । शिक्षाले ज्ञानको भोक जगाउँछ, भविष्य निर्माणको आलोक देखाउँछ । सभ्य तथा सुसंस्कृत सभ्यताको ज्योति प्रज्ज्वलित गर्दछ । कानून शिक्षा पनि यसको अपवाद हुन सक्दैन । त्यसमा पनि कानूनका क्षेत्रमा थपिंदै गएका नयाँ आयामहरू, उब्जदै गएका अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरू र जन्मदै गएका नयाँ सिद्धान्तहरूका कारणले कानून शिक्षा थप चुनौतीपूर्ण बन्दै गएको छ । यस कुराबाट विश्वविद्यालय, कानून संकाय र क्याम्पस पक्कै पनि सचेष्ट तथा सजग रहेको हुनुपर्दछ भन्ने मेरा विश्वास छ ।

ज्ञानको ज्योति जगाउने कानून शिक्षालाई पनि सामाजिक आवश्यकताअनुरूपको समसामयिक बनाउँदै लानुपर्दछ । पहिले अन्य विधामा स्नातक गरेकालाई दिइने कानून शिक्षालाई २०३२ सालदेखि परिवर्तन गरी प्रवेशिकापछि दुई बर्षे प्रमाणपत्र र त्यसपछि तीन बर्षे स्नातक तहको शिक्षा दिइँदै आयो । पुनः प्रमाणपत्र तह खारेज गरेर २०५३ सालदेखि अन्य विधामा स्नातक गरेपछि मात्र कानून स्नातक तहको अध्यापन आरम्भ भयो र आजदेखि दुई बर्षे प्रमाणपत्र तह पछि पाँच बर्षे कानून स्नातकको अध्यापन त्रिभुवन विश्वविद्यालयले पनि आरम्भ

गरेको छ । निश्चय नै परिवर्तन केवल परिवर्तनका लागि हुनु हुँदैन । कानून शिक्षाको जिम्मेवारी वहन गर्नु हुने शिक्षाविद्हरूले देशको आवश्यकता र अन्तर्राष्ट्रिय रुपमा प्रचलित कानून शिक्षा प्रणालीअनुकूल हाम्रो कानून शिक्षालाई बनाउन गहन अध्ययन गरेर नै यो निर्णय लिनु भएको हुनुपर्छ । यस परिवर्तनले कानून शिक्षाका क्षेत्रमा राम्रो प्रतिफल देओस् भन्ने मेरो शुभकामना छ ।

+२ (प्लस टु) पछिको पाँचवर्षे कानून शिक्षाको पाठ्यक्रम परिष्कृत हुनुपर्ने आवश्यकताका विषयमा मलाई थप केही भन्नु छैन । तर, त्यसलाई आधार मानी शिक्षा प्रदान गर्ने प्राध्यापकहरूको समर्पणको अपरिहार्यता भने मैले औंल्याउनु पर्ने नै हुन्छ । त्यसैले यो प्राविधिक शिक्षा ग्रहण गर्न आउनु हुने भविष्यका कर्णधारहरूमा पनि जान्ने, सिक्ने, खोज्ने, विश्लेषण गर्ने, छलफल गर्ने र अध्ययन तथा अनुसन्धानमा स्वयं नै पूरा समय लागिपर्ने प्रवृत्तिको खाँचोतर्फ पनि मैले ध्यानाकर्षण गराउनु नै पर्दछ । साथै शिक्षा प्रदान गर्ने निकायले पनि कार्यक्रम आरम्भ गरिदिने कार्यलाई नै उपलब्धि नठानी यसको निरन्तर अनुगमन, स्रोत र साधनको बन्दोबस्त तथा शिक्षकहरूलाई स्वदेश तथा विदेशमा अध्ययनको अवसर र तालिमको प्रवन्धलाई पनि उत्तिकै महत्व दिनुपर्दछ । समग्रमा शिक्षा दिने र लिने कार्य सहज अवश्य नै हुँदैन । यो कठिन चुनौतीको सफल व्यवस्थापनमा नै मुलुकको कानून शिक्षा विश्वकै कानून शिक्षा प्रणालीको पंक्तिमा उभिन समर्थ हुनेछ ।

वास्तवमै अवको कानून शिक्षाले स्वदेशमा मात्र होइन विदेशमा पनि आफ्नो उपादेयता सिद्ध गर्न सक्नुपर्ने हुनु पर्दछ । विश्व व्यापार सँगठनसँगको आबद्धताले गर्दा पनि हामीले उत्पादन गर्ने जनशक्तिले हाम्रो राष्ट्रिय आवश्यकता त पूरा गर्नसक्ने हुनैपर्दछ, विदेशका विश्वविद्यालयबाट तयार भएर आउने जनशक्तिसँग पनि प्रतिस्पर्धामा उभिन सक्ने हुनैपर्दछ । म कानूनी जनशक्तिबाट निराश छैन । २०५३ सालदेखि आरम्भ भएको कानूनतर्फको स्नातकोत्तरको अध्यापन र २०५७ सालदेखि पूर्वाञ्चल विश्व विद्यालयले आरम्भ गरेको +२ पछि पाँच बर्षे कानून शिक्षाले मलाई आशा जगाएको थियो । स्वदेशबाटै कानून शिक्षाका क्षेत्रमा गरिन थालेका विद्यावारिधिहरू पनि यस शिक्षा क्षेत्रका उपलब्धि नै हुन् । शिक्षा यस्तो क्षेत्र हो जसले संख्यात्मकता नभई गुणात्मकता खोज्दछ । यस कुरामा सम्बन्धित निकाय र विज्ञहरू पक्कै पनि सचेष्ट रहनु भएकै होला ।

आज हाम्रो समाजमा केही विकृतिहरू व्याप्त छन् । न्यायपालिका पनि यसै समाजभित्रको अङ्ग भएकोले यो पनि समस्यामुक्त छैन । छिटो धनी बन्ने अभिलाषा, गर्न हुने र गर्न नहुने काममा विभेद गर्न नचाहने प्रवृत्ति, पाप र धर्मको बीचको पर्खालमा फरक छुट्याउन नचाहने बानी, नैतिकता र अनैतिकताका बीच अनुशासनहीनतालाई गौरवको विषय ठान्ने प्रवृत्ति, मिहिनेत नै नगरी अन्य उपायबाट उच्च उपलब्धिमा दावी र आफू बाहेक अरुको भलो नचिताउने बानी आजको हाम्रो समाजमा बढ्दै गएका केही रोगहरू हुन् । यी रोगहरूको बढोत्तरीमा शिक्षाको पनि केही न केही हात अवश्य छ । तसर्थ, विकृतिहरू बढाउने होइन यिनको निराकरण गर्ने शिक्षातर्फ पनि हाम्रो ध्यान केन्द्रीत हुनुपर्दछ । मलाई लाग्दछ, कानून शिक्षाले पनि विकृतिविहीनताको प्रवर्द्धनमा आफूलाई समर्पित राख्नेछ । योग्यता र सक्षमता सँगसँगै नैतिकता र अनुशासनको अभिवृद्धि पनि कानून शिक्षाको एउटा लक्ष्य हुनुपर्दछ ।

यसै क्याम्पसको एउटा पूर्व विद्यार्थीका हैसियतमा मैले भन्नु पर्दा एउटा नयाँ अपेक्षा बोकेको नयाँ कार्यक्रमको आरम्भले मलाई अत्यन्त गौरवान्वित बनाएको छ र मुलुकको प्रधान न्यायाधीशको हैसियतमा मैले भन्नु पर्दा +२ पछिको पाँच बर्षे कानून शिक्षाले उत्पादन गर्ने जनशक्ति खपत गर्ने न्यायपालिकालगायतका निकायलाई अझ बढी स्तरीय, अझ बढी बौद्धिक र अझ बढी नैतिकवान बनाउने आशा मलाई जगाएको छ । तपाईहरूको यस कार्यक्रमलाई परिणाममुखी र उपलब्धिमूलक तुल्याउन न्यायपालिकाबाट हर सम्भव सहयोग हुनेछ भन्ने कुरामा तपाईँहरूलाई विश्वस्त तुल्याउन चाहन्छु ।

अन्त्यमा, हाम्रो कानून शिक्षालाई यस स्थानमा ल्याइपुऱ्याउन क्रियाशील रहनु हुने सबै महानुभावहरूमा धन्यवाद ज्ञापन गर्न चाहन्छु र यस महत्वपूर्ण अवसरमा आफूलाई लागेका केही कुरा राख्ने अवसर दिनु भएकोमा आयोजकहरूलाई धन्यवाद व्यक्त गर्दछु ।

*धन्यवाद* !